जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM *National Weekly*

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रा.लि.द्वारा प्रकाशित

वर्ष २८ अंक २ २०८३ वैशाख १३ गते आइतबार (Apr. 26, 2026) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## सरकारद्वारा दलीय गतिबिधिमा अंकुश लगाउने प्रयास

# क्रान्तिकारी र देशभक्त एकजुट हुने

काठमाडौं । बर्तमान सरकारले विद्यार्थी र कर्मचारी संगठनहरुमा रोक लगाउँदै दलीय व्यवस्थामा अंकुश लगाउन शुरुगरेपछि क्रान्तिकारी र देशभक्त शक्तिहरु एकजुट हुने प्रयासमा लागेको राजनीतिक क्षेत्रमा चर्चाको विषय भएको छ । यसैक्रममा क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपालका महासचिव सिपि गजुरेलले मुलुकलाई संकटबाट जोगाउन सबै क्रान्तिकारी, देशभक्त शक्तिहरु एकजुट हुन आग्रह गर्नुभएको छ । काठमाडौंमा गत शुक्रबार नेकपा (बहुमत) द्वारा आयोजित 'बर्तमान परिस्थिति र आगामी बाटो'विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले उपरोक्त कुरा बताउनुभएको हो । महासचिव गजुरेलले सरकारले सुकुम्बासी बस्तीमा डोजर चलाउने कुरा, विद्यार्थी र कर्मचारीलगायतका संघसंगठन माथि प्रतिबन्ध लगाउने कुरा पञ्चायती व्यवस्थामासमेत नभएकोभन्दै आपत्ति



जनाउनु भएको थियो । उहाँले अब विद्यार्थीहरुले संगठन खोल्न हुँदैन भनेर निर्णयगर्नु भनेको त फाँसीवाद हो भन्नुभएको थियो । त्यसैगरी सोही कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (बहुमत)का महासचिव धर्मेन्द्र बास्तोलाले वर्तमान सरकारले साम्राज्यवादीहरुको एजेण्टकारुपमा काम गरिरहेको बताउनु भएको थियो । पहिलेका पार्टीहरु साम्राज्यवादीको गोटी भएपनि राजनीतिक तरिकाले आएको भएर तिनिहरुको एउटा चरित्र भएको र अहिलेको सरकारको दोहोरो चरित्र भएको उहाँको भनाई थियो । यसअघि १५६ औं लेनिन जयन्ती तथा नेकपाको ७७ औं पार्टी स्थापना दिवस कार्यक्रमलाई सम्बोधनगर्दा पनि क्रान्तिकारीका महासचिव गजुरेलले क्रान्तिकारी शक्तिलाई बलियो बनाएरमात्रै साम्राज्यवादीहरुलाई रोक्न सकिने बताउनु भएको थियो । उहाँले अमेरिकामा तालिम दिएका तिब्बतीयन हरुलाई नेपालमा गुम्बा बनाएर राखिएको खुलासा पनि गर्नुभएको थियो । उहाँले अमेरिकी एम्बेसीले नेपाली युवाहरुको भर्ती खोलेको छ । त्यसको काउन्टरमा चीनको दुतावासले पनि नेपाली युवाहरुको अर्को भर्ती खोलेको छ । इरानमाथि अमेरिका-इजरायलले थोपरेको अन्यायपूर्ण युद्धको विरुद्धमा चीन पनि खडाभएको छ । शक्तिशाली राष्ट्रहरु विभाजित भएको अवस्थामा विश्वयुद्ध हुनसक्ने पनि अनुमान र विश्लेषणहरु भइरहेका छन् । स्थिति सामान्य छैन । क्रान्तिकारीहरु शक्तिहरु सचेत र संगठित बन्न जरुरी छ भन्नुभएको थियो । त्यसैगरी नेकां, एमाले र नेपाली कम्युनिष्ट **बाँकी ८ पेजमा**

## प्रधानमन्त्रीको भारत भ्रमण अनिश्चित बन्दै

काठमाडौं । प्रधानमन्त्री बालेन्द्र साहको भारत भ्रमण अनिश्चित बन्दै देखिएको छ । एकातिर भारतीय पक्षले हालसम्म उहाँको भारत भ्रमणको निश्चित मिति तोकेको छैनभने अर्कातिर नेपाल र भारतको सरकारकाबीचमा विभिन्न विवादहरु बढ्दै गएका छन् । जसमा सीमामा गरिएको अवरोध मुख्य रहेको छ । जसलेगर्दा बालेन्द्र शाहको भारत भ्रमण पनि यसअघिका प्रधानमन्त्रि केपी ओलीकोजस्तै हुने अवस्था सिर्जना भएको बताउन थालिएको छ । प्रधानमन्त्रि शाहभने आफू पहिलो विदेश भ्रमण भारतबाटै गर्ने अड्डि कसेर बस्नुभएको बताइन्छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गत चैतमा बधाईसँगै भारत भ्रमणको निमन्त्रणा दिएको र प्रधानमन्त्री शाहले उक्त निम्तो स्वीकार गरिसकेको प्रचार गरिएको छ । परराष्ट्र मन्त्रालयले प्रधानमन्त्रीको भ्रमणको तयारी पनि शुरु गरिसकेको बताइन्छ । भ्रमणको तयारीबारे छलफलगर्न भारतीय उच्चस्तरीय टोली नेपाल आउने तयारीमा रहेको पनि बताउने गरिएको छ । तर भारतीय टोलीभन्दा अघि फेरी अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका दक्षिण तथा मध्यएशियाली मामिलाका विशेष **बाँकी ८ पेजमा**

## निजी प्रेसमा आर्थिक र सम्पादकीय संकट

काठमाडौं । निजी प्रेसमा आर्थिक र सम्पादकीय संकट सिर्जना भएको छ । कुनैपनि सरकारी संघसंस्थाले निजी प्रेसलाई विज्ञापन दिन इन्कारगर्न थालेका छन्भने अघोषित सेन्सरसिपसमेत शुरुभएको छ । नेपाल राष्ट्रबैंक र दुर सञ्चारलगायतले निजी सञ्चार माध्यमलाई सामान्य बिज्ञापन दिन पनि रोकलगाइसकेका छन् । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा बिक्रम तिमिल्सिना र नेपाल पत्रकार महासंघका पदाधिकारीहरुबीच उपरोक्त समसामयिक विषयमा मन्त्रालयमा गतसाता छलफल भएको थियो । सो छलफल प्रेस स्वतन्त्रता, जिम्मेवार पत्रकारिता, सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रण, सरकारी विज्ञापन वितरणको पारदर्शिता तथा श्रमजीवी पत्रकारका अधिकारलगायत विषयमा केन्द्रित रहेको भनिएको थियो । छलफलकाक्रममा सञ्चारमन्त्री डा तिमिल्सिनाले सरकार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण र प्रवर्द्धनमा प्रतिबद्ध रहेको बताउँदै सञ्चार क्षेत्र पनि जिम्मेवार हुनुपर्ने धारणा राख्नुभएको थियो । सञ्चारमन्त्री डा तिमिल्सिनाले **बाँकी ८ पेजमा**

## नेकपा फेरी बिभाजन हुने संकेत

काठमाडौं । पूर्व माओवादी नेता पुष्पकमल दाहालले नेतृत्व गरेको नेपाली कम्युनिष्ट पार्टी फेरी बिभाजन हुने संकेत देखिएको छ । सो पार्टीका संयोजक दाहालले गत बुधवार पार्टीको केन्द्रिय कार्यालय कोटेश्वरमा आयोजित एक कार्यक्रममा पार्टीमा बसेर रडाकोगर्नेलाई आफ्नो बाटो लाग्न चेतावनी दिनुभएपछि उपरोक्त चर्चा शुरुभएको हो । नेपाल कम्युनिष्ट पार्टी स्थापनाको ७७ औं वर्ष पुराभएको अवसरमा आयोजित कार्यक्रम उहाँले उक्त चेतावनी दिनुभएको थियो । उहाँले बामदेव गौतम, झलनाथ खनाल र डा. भीम रावल लगायतलाई लक्षित गरेर उक्त अभिव्यक्ति दिनुभएको बताइन्छ । त्यसक्रममा उहाँले हामीले एकता गरेका छौं । धेरै बनाएका छौं । हामी कसैलाई फुत्किन त दिँदैनौं, तर यहाँ बसेर रडाकोगर्ने चाहिँ नबसे हुन्छ । आफ्नो बाटो लागे पनि हुन्छ भन्नुभएको थियो । संयोजक दाहालको उक्त अभिव्यक्तिलाई लिएर राजनीतिक वृत्तमा सो पार्टीभित्र फेरी संकट गहिरिँदै गएको आंकलनगर्न थालिएको छ । गत फागुन २१ को निर्वाचनअघि नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) लगायतका २६ वटा वाम घटकलाई मिलाएर नेकपा गठनभएको **बाँकी ८ पेजमा**

## संसदको बर्षे अधिवेशन बस्न कठीन बन्दै

काठमाडौं । बर्तमान सरकारले लिएका पछिल्ला नीतिका कारण प्रतिपक्षी दल र रास्वपाकै कतिपय नेताहरु असनतुष्ट भएपछि संसदको बर्षे अधिवेशन बस्न कठीन भएको बताउन थालिएको छ । आगामी जेठ १५ गते आव ०८३/०८४ को बजेट सार्वजनिक गर्नैपर्ने बाध्यात्मक अवस्था रहेपनि अब संसदको बजेट अधिवेशन कहिले शुरुहुन्छभन्ने एकीन नभएको जानकारहरुको भनाई छ । राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रि परिषद्को सिफारिसमा संसदको बर्षे अधिवेशन बस्नैनबस्ने गतसाता स्थगित गर्नुभएको थियो । यसअघि गत आठगतेको मन्त्रिपरिषद्को बैठकको सिफारिसमा राष्ट्रपति पौडेलबाटै आगामी १७ गते बिहीबार दिउँसो दुईबजेका लागि अधिवेशन आह्वान भएको थियो । फेरी गत१० गते बसेको मन्त्रिपरिषद्को बैठकले विशेष कारणवश अधिवेशन हाललाई स्थगित गर्न सिफारिस गरेपछि राष्ट्रपतिले सोही बमोजिम निर्णय गर्नुभएको थियो । राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यद्वारा जारी विज्ञप्तिमा नेपालको संविधानको धारा ९३ को उपधारा (१) बमोजिम आह्वान **बाँकी ८ पेजमा**

## बर्तमान सरकार बिरुद्ध तराईमा आन्दोलन हुने

काठमाडौं । बर्तमान सरकार बिरुद्ध तराईमा आन्दोलन हुने भएको छ । यसैक्रममा प्राप्त एक समाचारअनुसार लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरले मधेस र नेपाल-भारत सीमा क्षेत्रमा व्याप्त अशान्ति र सर्व साधारणमाथि भइरहेको दुर्व्यवहार प्रति चिन्ता व्यक्त गर्नुभएको छ । उहाँले सीमा नाकामा सर्व साधारणले भोग्नु परेको सास्ती र राज्यको उदासिनताले गर्दा आफूहरु विद्रोहको नजिक' पुगेको चेतावनीसमेत दिनुभएको छ । अध्यक्ष ठाकुरले सीमा क्षेत्रका भन्सार र सुरक्षाकर्मीहरुले तजबिजी अधिकार प्रयोग गरेर सर्व साधारणलाई दुःख दिनेगरेको समेत बताउनुभएको छ । कानून स्पष्ट नहुँदा हाकिमहरुको तजबिजी चल्ने र त्यसले भ्रष्टाचार तथा सास्ती बढाएको उहाँको आरोप छ । बिगतमा **बाँकी ८ पेजमा**

## अधिकांश जिल्लामा बर्डफ्लुको संक्रमण

काठमाडौं । देशका अधिकांश जिल्लामा बर्डफ्लुको संक्रमण देखिएपछि संकटग्रस्त क्षेत्र घोषणागर्न थालिउको छ । यसैक्रममा सुनसरी जिल्लाका बिभिन्न स्थानमा बर्डफ्लु देखिएपछि नियन्त्रणका लागि पहल गरिएको छ । जिल्ला प्रशासन कार्यालयले जारीगरेको सूचनाअनुसार इटहरी उपमहानगरपालिका, इनरुवा नगरपालिका, दुहबी नगरपालिका तथा गढी गाउँपालिकालगायत स्थानमा कुखुरापालन गरिएका फार्महरुमा बर्डफ्लु (एभियन इन्फ्लुएञ्जा, एच फाइभ एन वन) नामक रोग पुष्टिभएको जनाइएको छ । सहायक प्रमुख जिल्ला अधिकारी घनश्याम न्यौपानेकाअनुसार उक्त रोग मानिसमासमेत सर्नसक्ने भएकाले बर्डफ्लु नियन्त्रण नियमावली- ०७८ बमोजिम संक्रमित क्षेत्रलाई केन्द्रविन्दु मानी चार किलोमिटर क्षेत्रलाई संकट ग्रस्त क्षेत्र तोकिएको छ । रोग थप फैलिन नदिन सो क्षेत्रमा आवश्यक नियन्त्रणका कार्य अघिबढाइएको प्रशासनले जनाएको छ । जिल्ला प्रशासनले भोली १४ गतेसम्मका लागि कुखुरा, चल्ला तथा कुखुराजन्य वस्तु (अण्डा र मासु) को **बाँकी ८ पेजमा**

## द्वन्दपीडितका मागहरुको सुनुवाई भएन

काठमाडौं । द्वन्दपीडितका मागहरुको सुनुवाई हुन छाडेको भन्दै आवाज उठेको छ । यसैक्रममा द्वन्दपीडितका ४० वटा संस्थाले प्रधानमन्त्री बालेन्द्र शाहलाई खुलापत्रसमेत पठाएका छन् । द्वन्दपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीले दुई दशकदेखि अल्झाइएको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चित गर्नका लागि ठोस पहलगरी विश्वसनीय कदम चल्न र सरकारको प्राथमिकतामा राख्न आग्रह पनि गर्नुभएको छ । द्वन्दपीडित समूदायले खुला आह्वान पत्रमार्फत संक्रमण कालीन न्याय प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन माग गरेका छन् । प्रधानमन्त्री शाहलाई पठाइएको भनिएको खुलापत्रमा संक्रमणकालीन न्याय प्रक्रियामा विश्वसनीयता पुनःस्थापितगरी **बाँकी ८ पेजमा**

## कांग्रेसको एकतामा गगन थापा बाधक

काठमाडौं । नेपाली कांग्रेसको बिभाजनमा मुख्य भूमिका निर्वाह गर्नुभएको भनिएका गगन थापा र बिश्वप्रकाश शर्मामध्ये पुन एकतामासमेत थापानै बाधक रहेको बताउन थालिएको छ । नेपाली कांग्रेस संसदीय दलको नेता चयनका लागि गतसाता भनिएको निर्वाचन कार्यक्रम स्थगित गरिएपछि



सो पार्टीमा भाँडभैलो शुरु थाहाभएको छ । भनिन्छ सो पार्टीमा शेरबहादुर देउवा र गगन थापा समूहका बीचमा तानातान बढेको छ । संसद र केन्द्रिय समितिमा देउवा पक्ष बलियो बन्दैगएकाले गगन थापा सभापति पदबाट राजीनामागर्न बाध्य हुने कतिपयको भनाई छ । कतिपयले अब डा. शेखर कोइरालाको नेतृत्वमा नेपाली कांग्रेस पुनरगठन हुने पनि बताउन थालेका छन् । पार्टीसँगको परामर्शमा सर्वसम्मतरुपमा नेता चयनगर्ने प्रयासगर्नेभन्दै सम्पूर्ण कार्यक्रम स्थगितगरिएको सो पार्टीको निर्वाचन समितिले जनाएको छ । नेपाली कांग्रेसभित्र पार्टीको प्रतिनिधिसभा संसदीय दलको नेता चयनगर्ने विषयमा सभापति गगन थापा र उपसभापति **बाँकी ८ पेजमा**

## प्रम बालेन्द्रको जिद्धिले रास्वपामा बिवाद

काठमाडौं । प्रम बालेन्द्रको जिद्धिले रास्वपामा बिवाद शुरुभएको थाहा भएको छ । प्रधानमन्त्री बालेन्द्र शाहको ठाडो निर्देशनमा काठमाडौंको थापाथलीस्थित अतिक्रमित सुकुम्वासी बस्ती खालीगर्ने प्रक्रिया आगाडि बढाइएपछि बिवाद शुरुभएको हो । आज आइतबारभित्र उक्त बस्ती हटाउने लक्ष्यसहित हिजो बिहानैबाट प्रहरी परिचालन र माइकिङ शुरुगरिएको थियो । करिब १४२ घरपरिवार प्रभावित हुने सो अभियानप्रति बिभिन्न राजनीतिक दल, अभियन्ता र नागरिक समाजले चर्को विरोध जनाएका छन् । सो क्षेत्रका सुकुम्वासी बस्ती हटाउन बालेन्द्र शाहले काठमाडौं महानगरको मेयर रहँदानै पहल गर्दै आउनुभएको थियो । तर तत्कालीन सरकारहरुको असहयोगका कारण बस्ती हटाउन सकस परेको थियो । यसअघि गतसाता बुधबार साँझ

**समाचार विश्लेषण**

प्रधानमन्त्री बालेन्द्रले सुरक्षा प्रमुखहरुलाई सिंहदरबार बोलाएर आज आइतबार सम्ममा सुकुम्वासी बस्ती खालीगर्न निर्देशन दिनुभएको थियो । त्यसपछि काठमाडौंका प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीको निर्देशन कार्यन्वयनमा लगिएको थियो । प्रहरीले गत र साँफदेखिनै थापाथली क्षेत्रका सुकुम्वासीलाई घर खालीगर्न माइकिङ गरेको थियो । यसैक्रममा रास्वपाकी सांसद रञ्जु दर्शनाले सरकारले सुकुम्वासी र हुकुमबासी छुट्याएरमात्र अव्यवस्थित सुकुम्वासी बस्तिको व्यवस्थापन गर्नुपर्नेमा त्यस्तो हुननसकेको बताउनुभएको छ । हिजो शनिबार थापा थलीमा हटाउन थालेको सुकुम्बासी बस्ती आफ्नै निर्वाचन क्षेत्रमा परेको उल्लेखगर्दै उहाँले आफ्नै पार्टीको सरकारले आफूले भनेभैंं गरेन भन्नुभएको थियो । उहाँले मन्त्रिपरिषद्को गत चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी १०० कार्यसूचीको नं ९१ कार्यान्वयन पहिला गरौंभनेर अनुरोध गरेकी हुँ तर आफ्नै सरकारले मेरो निर्वाचन क्षेत्रमा मैले भनेको भैंं गरेन पनि भन्नुभएको छ । सुकुम्वासी बस्ती खालीगर्ने सरकारको कमदविरुद्ध राजनीतिक दल, **बाँकी ८ पेजमा**

## संविधान संशोधन बहसमै सीमित हुने

काठमाडौं । संविधान संशोधन फेरी पनि बहसमै सीमित हुने अवस्था सिर्जना भएको राजनीतिक क्षेत्रमा चर्चाको विषय भएको छ । प्रधानमन्त्री बालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम साहको नेतृत्वमा गठित संविधान संशो[redacted] तयारगर्ने कार्यदल-०[redacted] बैठकमा उपरोक्त अवस्था देखिएको बताइन्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हालै बसेको उक्त बैठकमा कार्यदलका सदस्य सचिव एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कानून सचिव पुष्कर सापकोटाले कार्ययोजना प्रस्तुत गर्नुभएको थियो । बैठकले कार्यदलका सबै सदस्यहरुको सुझावसमेत समेटेर उक्त कार्ययोजना लाई अन्तिम रुपदिँदै स्वीकृतगरेको भनिएको छ । बैठकले स्वीकृत कार्ययोजनाअनुसार भोली सोमबारदेखि हरेक दिन दिउँसो ३:०० बजे विज्ञ तथा सरोकारवालाहरुलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आमन्त्रणगरी संविधान संशोधनका विषयमा सुझाव संकलनगर्ने निर्णयसमेत गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । जसमा राष्ट्रिय जनमोर्चाले संविधान संशोधनका सम्बन्धमा आफ्नो लिखित धारणा सार्वजनिकगर्दै संघीयता खारेजगरसारी विकेन्द्रीकरणसहितको एकात्मक व्यवस्था लागूगर्नुपर्ने प्रस्तावगरेको छ । पार्टीका अध्यक्ष चित्रबहादुर केसीको हस्ताक्षरसहितको उक्त संशोधन प्रस्ताव[redacted]को पुनर्संरचनादेखि राष्ट्रि[redacted] विषयहरुमासमेत व्या[redacted] माग गरिएको छ । [redacted] बुझाएको प्रस्तावमा संघी[redacted]ले जातीय र क्षेत्रीय सद्भाव बिगार्ने तथा देशको आर्थिक भारले थान्न नसक्ने उल्लेख छ । त्यसैले प्रदेश संरचना खारेजगरी केन्द्र र स्थानीय तह मात्र भएको दुई तहको राज्य संरचना बनाउनुपर्ने प्रस्ताव गरिएको छ । त्यसैगरी राष्ट्रिय जनमोर्चाले नेपालको राष्ट्रिय जनावर गाई परिवर्तनगरी गैंडा राख्न प्रस्ताव गरेको छ । नागरिकताका सम्बन्धमा जनमोर्चाले वंशजको आधारलाई मुख्य **बाँकी ८ पेजमा**

### क्रान्तिकारी....

पार्टीलगायतका संसदवादी पार्टीहरुले पनि बिभिन्न संघसंगठन खारेजीको निर्णयगर्नु सरकारको अधिनायकवादी कदम भएको दाबि गरेका छन्। नेपाली कांग्रेसका नेता पूर्णबहादुर खड्काले जुन लोकतान्त्रिक स्वतन्त्रताको उपयोग गरेर आज जुन सरकार गठन भएको छ, त्यही सरकारबाट लोकतन्त्रको नर्सरी मानिने बिद्यार्थी संघसंगठन र स्वबियूको अस्तित्वमाथि प्रहारगरी खारेजगर्ने निर्णयगर्नु आफैमा विरोधाभाषपूर्णमात्र होइन, सरकारको अधिनायकवादी कदमकारुपमा बुझ्न बाध्यभएका छौं भन्नुभएको थियो। त्यसैगरी संयुक्त बिद्यार्थी संगठनले बिद्यार्थी संगठनहरु खारेजी प्रक्रिया अलोकतान्त्रिक र असंवैधानिक भएको जिकिर गरेको छ। काठमाडौंको संवाद डबलीमा ब्यास्हालै भएको एक कार्यक्रममा सो संगठनका नेताहरुले स्कूल, कलेजमा प्रहरी पोष्टको तयारीले बालेन्द्र सरकारले पतनको बाटो रोजेको बताउनुभएको थियो। त्यसक्रममा नेपाल बिद्यार्थी संघका कार्यवाहक अध्यक्ष नवीन पौडेलले बिद्यार्थी संगठनहरुलाई विस्थापनगर्न क्याम्पसहरुमा प्रहरी पोष्टको तयारी गरिनु अलोकतान्त्रिक र असंवैधानिक भएको बताउनुभएको थियो। उहाँले यदि विश्वबिद्यालय र क्याम्पसमा ब्यारिकेट राखिए देशमा गृहयुद्ध निश्चित छ भन्नुभएको थियो। नेकपा निकट अखिल (क्रान्तिकारी) का अध्यक्ष विजय प्रकाश शर्मा सापकोटाले सत्ता र शक्तिको आडमा बिद्यार्थी संठनलाई खारेजगर्ने शोच घातक भएको बताउनुभएको थियो। त्यसैगरी नेकपा (बहुमत) सम्बद्ध अखिल (क्रान्तिकारी) का अध्यक्ष वीरेन्द्र शाहले बिद्यार्थी संगठन खारेजगर्न लागिपरेको सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमकानून र नेपाली बिद्यार्थी आन्दोलनको अध्ययनगर्न सुझाव दिनुभएको थियो। एमाले निकट अनेरास्वबियूका सचिव समिमबाबु खानले दुई तिहाइको दम्भमा बालेन्द्र सरकार अन्धो हुँदैगएको टिप्पणी गर्नुभएको थियो। सरकारले बिभिन्न बिश्व बिद्यालयहरुबाट स्वबियू खारेज गरेपनि बिभिन्न पार्टीका बिद्यार्थी संगठनहरु खारेजगर्न नसक्ने अवस्था छ। त्यसैगरी सरकारी कार्यालयबाट कर्मचारी संगठन ट्रेड यूनियन खारेज गरेपनि बिभिन्न पार्टीले कायमैराख्ने भएका छन्। जसलेगर्दा आगामी संसदमै बर्तमान सरकार र प्रतिपक्षी दलहरुका बीचमा चर्को मुठभेड हुने अवस्था सिर्जना भएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ।

### संसदको...

गरिएको संसदको दुवै सदनको अधिवेशन हाललाई स्थगित गरिएको उल्लेख छ। अर्को अधिवेशन कहिलेबस्ने भन्नेबारे विज्ञप्तिमा केही पनि खुलाइएको छैन। आह्वान गरिसकेको संसदको बर्षे अधिवेशन स्थगितगर्नु केटाकेटी काम भएकोभन्दै सरकारभित्रै बिवाद शुरुभएको थाहाभएको छ। सरकारका प्रवक्ता एवं शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले हालेको एक पत्रकार सम्मेलनमा संसदको बैठक स्थगित गर्नुपर्नाको कारणबारे स्पष्टगर्ने प्रयास गर्नुभएको थियो। पत्रकार सम्मेलनमा सञ्चारकर्मीको जिज्ञाशामा शिक्षामन्त्री पोखरेलले सरकारले संसदको पर्याप्त विजनेस (संसदको बैठकमा छलफल हुने कार्यसूची, प्रक्रिया र सम्पूर्ण औपचारिक कामको तयारी)का लागि यसअघि बोलाएको संसदको अधिवेशन स्थगित गर्नुपरेको बताउनु भएको थियो। नेपालकै इतिहासमा यसअघि संसदको बैठक आह्वान गरिएपछि यसरी बैठक बस्दैनबसी स्थगित गरिएको थिएन।

### द्वन्दपीडित....

तार्किक निष्कर्षमा पुऱ्याउन माग गरिएको छ। सो पत्रमा पीडितहरुको सत्य, न्याय र परिपूरणको अधिकार सुनिश्चितगरी ऐतिहासिक जिम्मेवारी लाई गम्भीरतापूर्वक सम्बोधनगर्ने विश्वासगर्दै झण्डै दुईतिहाइ समर्थन प्राप्त सरकारप्रति आशावादी भएको पनि उल्लेख छ। पत्रमा सरकारले अघिसारेको राष्ट्रिय प्रतिबद्धता मस्यौदा तथा १०० बुँदे शासकीय कार्यसूचीमा संक्रमणकालीन न्याय प्रक्रिया नसमेटिएकोमा आपत्ति जनाइएको छ। पत्रमा राखिएका छबुँदे मागमा संक्रमणकालीन न्यायलाई राष्ट्रिय प्रतिबद्धतापत्रको महत्वपूर्ण बुँदाकारुपमा समेट्ने, वर्तमान आयोगको वैधतासम्बन्धी प्रश्न समाधानगर्न कानून संशोधन लगायत उपयुक्त प्रक्रिया अपनाई आयुक्तहरुको बहिर्गमन सुनिश्चितगर्ने, त्यसपछि हुने आयुक्त नियुक्ति प्रक्रिया पूर्णतः पारदर्शी, प्रतिस्पर्धात्मक र पीडितमैत्री बनाई पीडित केन्द्रित कार्य प्रणाली अपनाउने रहेको छ।

### बर्तमान...

काम र खाद्यान्नका लागि मानिसहरु नेपाल आउने गरेको स्मरणगर्दै ठाकुरले अहिले स्थिति त्यसको ठीक उल्टोभएको बताउनुभएको छ। सीमा सुरक्षाका नाममा महिलाहरु सबैभन्दा बढी प्रताडित भइरहेको भन्दै उहाँले आक्रोश व्यक्त गर्नुभएको छ। उहाँले १०० रुपैयाँभन्दा बढीको सामान ल्याउँदा पनि ट्याक्सको दायराभन्दै घण्टौं कुराउने, अनुहार हेरेर व्यवहारगर्ने र मानिसहरुलाई अपमानितगर्ने काम भइरहेको समेत बताउनुभएको छ। नेपालतर्फबाट अवरोध गरिएपछि नेपालबाट भारत जाने सामग्रीमा पनि अवरोधगर्न थालिएको छ। विभिन्न सीमा नाकाबाट भारततर्फ पठाइएका सामानहरु भारतीय सुरक्षाकर्मीले नियन्त्रणमा लिनथालेका छन्। भारतको सीतामढी जिल्लाअन्तर्गत लालबन्दी नाकामा खटिएको एसएसबी टोलीले दुई वटा महिन्द्रा बोलेरो पिकअपबाट ठूलो परिमाणमा सामान बरामद गरेको छ। त्यसमा रहेका व्यक्ति र प्रयोग गरिएको गाडीसमेत नियन्त्रणमालिई थप कारबाहीका लागि सोनबर्सा भन्सार कार्यालय, सीतामढीमा बुझाइएको थाहाभएको छ। अन्यत्र पनि त्यस्तै घटना हुनथालेका छन्।

### अधिकांश....

ओसारपसारमा प्रतिबन्ध लगाएको छ। त्यसैगरी पाँचथरमा १५ दिनका लागि कुखुरा, चल्ला र कुखुराजन्य वस्तुको ढुवानीमा रोक लगाइएको छ। वर्डफ्लु समन्वय समिति पाँचथरको बैठकले त्यस्तो निर्णय गरेको हो। समितिको निर्णय कार्यन्वयनका लागि भेटनेरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाँचथरले सार्वजनिक सूचना जारीगर्दै झापा, मोरङ र सुनसरी जिल्लामा पछिल्लो समय बर्डफ्लु रोगको जोखिम पाँचथरमा पनि उत्तिकै रहेकोभन्दै जिल्लासँग सडक सञ्जाल र व्यापारिक आवागमनले जोडिएका कारण संक्रमण फैलिने जोखिम उच्च रहेको जनाएको हो। बैठकले संक्रमण रोकथामका लागि तत्काल प्रभाव पर्ने गरी १५ दिनसम्म कुखुरा, चल्ला तथा कुखुराको मासु ढुवानीमा प्रतिबन्ध लगाएको छ। सवारीसाधनमार्फत यात्रुले सानो परिमाणमा कुखुरा वा चल्ला बोकेर ल्याउने कार्यसमेत रोक्न आग्रह गरिएको छ। नियन्त्रणका लागि लाखौं संख्याका कुखुरा र हाँस नष्टगर्नुकासाथै सयौं फर्म सिल गरिएको जनाइएको छ। काभ्रे लगायतका जिल्लाहरुमा बर्डफ्लु देखिएपछि काठमाडौं उपत्यकामा समेत सतर्कता अपनाइएको छ।

### प्रधानमन्त्रिको....

दूत सर्जियो गोर नेपाल भ्रमणमा आउने हुनुभएको छ। अमेरिकी सहायक विदेशमन्त्री एस. पाउल कपुरको नेपाल भ्रमण सक्किएलगत्तै गोर संभवत यसैसाता साता काठमाडौं आइपुग्ने कार्यक्रम सार्बजनिक भएको छ। काठमाडौं बसाइकाक्रममा उहाँले उच्चस्तरीय भेटवार्तागर्ने कार्यक्रम रहेको छ। यसअघि सहायक विदेशमन्त्री कपुरले परराष्ट्रमन्त्री शिशिर खनाल र अर्थमन्त्री स्वर्णीम वाग्लेसँग भेटवार्ता गर्नुभएको थियो। अब आउने विशेष दूत गोरलेभने प्रधानमन्त्री बालेन्द्र शाहसँग पनि भेटगर्ने कार्यक्रम रहेको बताइएको छ। यसैबीच अमेरिकाले नेपाली सेनालाई छवटा हेलिकोप्टर सहयोगगर्ने प्रस्ताव अघिसारेको थाहा भएको छ। अमेरिकाले फरेन मिलिटरी फाइनान्सिङ (एफएमएफ) अनुदानमार्फत करिब १०० मिलियन डलर बराबरको सहयोग अन्तर्गत हेलिकोप्टर उपलब्ध गराउने तयारी गरेको बताइन्छ। उक्त प्रस्तावबारे दुवै देशका परराष्ट्र मन्त्रालयका अधिकारीहरु तथा नेपाली सेनाबीच छलफल भइरहेको सूत्रहरुले जनाएका छन्। त्यसैगरी छिमेकी चिनियाँ पक्षले पनि नेपालको बर्तमान सरकारका गतिबिधिप्रति चासो बढाएको देखिएको छ।

### निजी....

सत्यतथ्यमा आधारित, विश्वसनीय र सन्तुलित समाचार सम्प्रेषण आजको आवश्यकता भएको बताउँदै पछिल्लो समय सामाजिक सञ्जाल तथा केही सञ्चारमाध्यममार्फत मिथ्या, भ्रामक, पक्षपातपूर्ण तथा गैरजिम्मेवार सामग्री प्रसारण हुनेक्रम बढेको बताउनुभएको थियो। उहाँको भनाईमा विशेषगरी चरित्र हत्या हुने खालका सामग्री प्रकाशन तथा प्रसारणले व्यक्तिमा गम्भीर मानसिक, सामाजिक र व्यावसायिक असर पार्न सक्ने उल्लेखगर्दै पत्रकार तथा सामग्री उत्पादकहरु थप जिम्मेवार हुनुपर्ने भन्ने रहेको थियो। सरकारी विज्ञापन तथा सूचना वितरण प्रणालीमा अपारदर्शिता रहेको विषय स्वयं सञ्चारकर्मी पनि जानकार रहेको उल्लेखगर्दै सञ्चारमन्त्री डा तिमिल्सिनाले यसबारे विस्तृत अध्ययन गरिने र आगामी दिनमा कसरी अगाडि बढ्न सकिन्छभन्ने निर्णय लिइने बताउनुभएको थियो। यो समस्या समाधानका लागि सरकारले गृहकार्य गरिरहेको उहाँको भनाई थियो। छलफलका महासंघकी अध्यक्ष निर्मला शर्माले अभिव्यक्ति स्वतन्त्रताको रक्षा तथा श्रमजीवी पत्रकारहरुको हकहित सुनिश्चितगर्न महासंघ निरन्तर सक्रिय रहेको बताउनुभएको थियो। अध्यक्ष शर्माले पत्रकारिता क्षेत्र सुधारका लागि कानुनी तथा संस्थागत सुधार आवश्यक रहेको बताउँदै त्यसका लागि हुने सबै प्रयासमा महासंघले सहयोगगर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

### नेकपा...

भनिएको थियो। तर निर्वाचनमा अनपेक्षित नतिजा प्राप्तभएपछि चुनावी समीक्षासहित पार्टीको आगामी कार्यक्रम तयगर्न दाहालले गत चैत १९ गते केन्द्रीय कार्यसंयोजन समितिको बैठक बोलाउनु भएको थियो। भनिन्छ सो बैठक हालसम्म सम्पन्न हुनसकेको छैन। गत चैत २२ गते संयोजन समिति गठन गरेकोप्रति युवा नेताहरुले व्यापक असन्तुष्टि जनाउनुभएको थियो। वरियतालाई लिएर संयोजन समितिका सदस्यहरुनै असन्तुष्ट देनुभएको थियो। छैठौं वरीयता माग्नुभएका डा. भीम रावल अल्फाबेटिकअनुसार राखिएपछि बैठकमै सहभागी हुनुभएको छैन। बैठकको पहिलो दिन रावलले करिब चार मिनेट मौखिक धारणा राखेर बाहिरिनुभएको थियो। त्यसयता उहाँ कुनै पनि बैठकमा सहभागी हुनुभएको छैन। अन्य पार्टीबाट आएका नेताहरुको हालत पनि डा. रावलको जस्तै छ।

### कांग्रेसको....

विश्वप्रकाश शर्माबीच पनि मतैक्यता हुन सकेको छैन। गगन थापाले सांसद द्वय अर्जुननरसिंह केसी र मोहन आचार्यमध्ये एकजनालाई दलको नेता बनाउनुपर्ने बताउनुभएको छभने उपसभापति शर्माले सांसद भीष्मराज आङ्देम्बेलाई दलको नेता बनाउनुपर्ने अडान राख्नुभएको छ। दलको नेता चयनगर्ने निर्वाचन समितिका संयोजक तथा कांग्रेस सहमहामन्त्री प्रकाश स्नेही रसाइलीले सहमतिका लागिभन्दै निर्वाचन कार्यतालिका स्थगित गरिएको जानकारी दिनुभएको छ। सिंहदरबारस्थित कांग्रेस संसदीय दलको कार्यालयमा रसाइलीले दिनुभएको जानकारीअनुसार दलको नेतामा सहमति जुटाउन उपसभापति शर्माको संयोजकत्वमा सात सदस्यीय समिति समेत बनाइएको छ। समितिमा अर्की उपसभापति पुष्पा भुसाल, महामन्त्रीद्वय प्रदीप पौडेल र गुरु घिमिरे, निर्वाचन समितिका संयोजक रसाइली तथा सदस्यहरु मुना भुसाल र राजु कटुवाल रहनुभएको छ। गत फागुन २१ गते भएको प्रतिनिधिसभा निर्वाचनमा नेपाली कांग्रेसले प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० गरी जम्मा ३८ सिट जितेको थियो। ती सांसदमध्ये पनि गगन पक्षसँग १६ र देउवा पक्षसँग मिलाएर २२ जना सांसद रहनुभएको छ।

### संविधान...

प्राथमिकता दिनुपर्ने र हचुवाको भरमा गैरनेपालीले नागरिकता पाउने छिद्रहरु बन्द गर्नुपर्ने भनेको छ। नेपाली नागरिकसँग विवाहगर्ने विदेशी महिलालाई सात वर्षपछि मात्र अंगीकृत नागरिकता दिने व्यवस्था गर्नुपर्ने माग पनि गरिएको छ। अर्कोतिर नेपाली कम्युनिष्ट पार्टीलगायतका घटकहरुले संघीयता, जातीय समाबेशी, धर्मनिरपेक्षतालगायतका प्रावधान आफ्ना उपलब्धी भएकाले त्यसलाई अपरिवर्तनीय बनाउनुपर्ने र कार्यकारी राष्ट्रपति तथा पूर्णसमानुपातिक निर्वाचन पद्धति हुनुपर्ने भनेका छन्। केही पक्षहरुले कार्यकारी प्रधानमन्त्रि र सवैधानिक राजतन्त्र हुनुपर्ने भनेका छन्। जसलेगर्दा संविधान संशोधनको प्रक्रियानै अगाडि बढ्नसक्ने अवस्था सिर्जना भएको बताइएको छ।

### प्रम...

जेनजी अभियन्ता र नागरिक समाजले समेत आपत्तिजनाएका छन्। त्यसैगरी श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले पनि सुकुम्बासी बस्ती हटाउने विषयको विरोध जनाउनुभएको छ। उहाँले एक विज्ञप्ति जारीगर्दै सरकारको उक्त कदम तत्काल रोकिनुपर्ने बताउनुभएको छ। त्यसैगरी जेनजी अभियन्ता रक्षा बमले पनि सुकुम्बासी बस्ती हटाउने कदमविरुद्ध विरोध जनाउनुभएको छ। उहाँले पनि फेसबुकमा रवि लामिछानेको पुरानो भाषणको स्मरण गराउनु भएको छ। बिभिन्न सुकुम्बासी बस्तीमा प्रहरी परिचालन गरिएको छभने सुकुम्बासीका नेताहरुलाई गिरफ्तार गरिएको छ। पक्राउपर्नेमा संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाका महासचिव आरएन कुँवर, सल्लाहकार दलमर्दन र दिनेश सुनारलगायत रहनुभएको छ। गत शुक्रबार प्रहरीले सुकुम्बासी मोर्चाका कार्यवाहक अध्यक्ष नारायण परियारलाई पनि पक्राउ गरिएको थियो।




श्रमको सम्मान गरौं, श्रमिकको अधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं-२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर-१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

सम्पादकीय

# नयाँ सरकारको नयाँ रणनीति र देशको भाबि राजनीतिका संकेतहरु

नेपालमा गत फागुन २१ को निर्वाचनबाट रास्वपाको एकल सरकार गठन भएपनि यसका पछाडि रहेका बिभिन्न दृश्य र परिदृश्यहरुले नयाँ सरकारकाबारेमा बिभिन्न ढंगले सोच्नुपर्ने अवस्था रहेको छ। सबैभन्दा पहिलो कुरा ०८४ मा हुनुपर्ने प्रतिनिधिसभाको निर्वाचन ०८२ मै गराएर बर्तमान सरकार गठन गराईएको छ। गत भदौमा केवल सरकार परिवर्तन गराउनका लागि जुन ढंगको बिध्वंश भयो, त्यो बिध्वंशलाई कारण जनाएर जुन ढंगले चालु अवस्थामा रहेको संसद बिघटन गरेर नयाँ निर्वाचन गराईयो र बर्तमान सरकारको गठन हुन पुग्यो, उपरोक्त सबै कुराहरु बिचारणिय रहेका छन्। यसरी नाटकीय ढंगले परिवर्तन भएको नेपालका राजनीतिक परिदृश्यमा बर्तमान सरकारले एकातिर संविधान संशोधनलाई तीब्र ढंगले अगाडि बढाउन खोजी रहेको छभने अर्कातिर संसदमा रहेका छवटा राष्ट्रिय दलका घोषणापत्र समेट्दै राष्ट्रिय प्रतिबद्धताको मस्यौँदा सार्वजनिक गरेको भनिएको छ। आगामी आर्थिक वर्ष ०८३ देखि नीति, बजेट र कार्यक्रममा सो प्रतिबद्धता लागूगरिने पनि भनिएको छ। शासकीय सुधारको १०० बुँदे कार्यसूचीमा आधारित उक्त दस्तावेजले आर्थिक रुपान्तरण, रोजगारी, ऊर्जा, कृषि, पूर्वाधार, शिक्षा,स्वास्थ्य र जलवायुजस्ता प्रायः सबै क्षेत्र र पक्षहरु समेटेको देखिएको छ। नेपाल प्रथम र नेपाली प्रथमलगायतका राष्ट्रवादी अवधारणासहित राष्ट्रिय हितलाई केन्द्रमा राखिएको भनिएको सो प्रतिबद्धता कार्यान्वयन भए नेपाल मध्यम आय भएको सफल राष्ट्र बन्न सक्ने प्रचार पनि गरिएको छ। सरकारले गत निर्वाचनबाट संसदमा पुगेका रास्वपालगायतका छवटा राष्ट्रिय मान्यता प्राप्त दलहरुको घोषणापत्र, वाचापत्र र प्रतिबद्धतालाई समेटेर राष्ट्रिय प्रतिबद्धता सार्वजनिक गरेको भनेपनि अन्य दलहरुले त्यसबारे आआफ्नो धारणा सार्बजनिक गरिरहेका छैनन्। जसलेगर्दा उनीहरु पर्ख र हेरको अवस्थामा रहेको स्पष्ट हुन्छ। शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीको बुँदानम्बर तीनलाई आधार मान्दै तयार पारिएको भनिएको सो दस्तावेजलाई आगामी आर्थिक वर्षदेखि नीति, बजेट र कार्यक्रममा समावेश गरिने कुराले पनि बिशेष अर्थ राख्दछ। सो प्रतिबद्धताले दलगत स्वार्थभन्दा राष्ट्रिय हितलाई प्राथमिकता दिएको प्रचार गरिएको छभने नेपाल प्रथम, नेपाली प्रथमको अवधारणा प्रस्तुत गरेर आकर्षण बढाउने प्रयास पनि गरिएको छ। नेपालका लागि यतिबेला चाहिएको राष्ट्रिय एकता, शान्ति र सहमतीय राजनीतिक वातावरण हो।

जसको अभावमा नयाँ सरकारले अगाडि सारेका रणनीतिक अवधारणाहरु पूरा हुन सक्दैनन्। तर बर्तमान सरकारले राष्ट्रिय सहमति कायम गराउने प्रयासभने गरिरहेको छैन। बर्तमान सरकारको जित भनेको प्राबिधिक रुपमा भएको हो। जसमा बिभिन्न पार्टीबाट रास्वपामा प्रबेश गरेकाहरुको बाहुल्यता रहेको छ। हाल रास्वपाबाट प्रधानमन्त्रि हुनुभएका बालेन्द्र शाहनै सो पार्टीका नव प्रबेशी नेता रहनुभएको छ। त्यसैले रास्वपाका बैचारिक र संगठनात्मक दुबै एकताको कमी रहेको छ। यस्तो अवस्थामा रास्वपाले शुरुमा आफ्नै पार्टीमा बलियो एकता कायम गराएको हुनुपर्ने थियो। त्यसपछि संसदमा प्रतिनिधित्व गर्ने दलहरुका बीचमा सहमतीय वातावरण तयार गरिएको हुनुपर्ने थियो। यसअघिको संसदमा १४ वटा दलको प्रतिनिधित्व रहेको थियो। जसमा गत फागुन २१ को निर्वाचनले आठवटा दल बाहिर परेका छन्। त्यसैगरी गत फागुन २१ को निर्वाचनमा भाग लिएका तर निर्वाचित हुननसकेका दलहरुको संख्या पनि ठूलो रहेको छ। त्यसैगरी दोश्रो संविधानसभाको निर्वाचन र त्यसयताका कुनैपनि निर्वाचनमा सहभागी नभएका क्रान्तिकारी कम्युनिष्ट पार्टी लगायतका कतिपय दलहरु नेपालको राष्ट्रिय राजनीतिमा क्रियाशील रहेका छन्। यस्तो अवस्थामा बर्तमान सरकारले संसदमा रहेका नेकां र एमालेलगायतका दलहरुसँगनै सहमति कायम गर्न/गराउन सकेको छैनभने अन्य दलहरुसँगको सहमतिको कुरै छैन। यस्तो अवस्थामा धमाधम संविधान संशोधन गर्ने/गराउने र बिभिन्न रणनीति पूरा गर्ने/गराउने प्रयास गरिन्छभने त्यो कल्पनाभन्दा बाहिरको कुरा हुन्छ। बर्तमान सरकारले राष्ट्रिय सहमति र एकता कायम नहुँदै आफ्ना नीति र रणनीति कार्यान्वयन गराउने जुन हतारो देखाएको छ, त्यसले खासै राम्रो संकेत गरेको छैन। उल्टो बाटोबाट गएर लक्षमा पुग्न सकिँदैन। यो आजका सन्दर्भमा खासगरी नयाँ सरकारको नेतृत्वकर्ताहरुले गंभिररुपमा सोचेर सोहीअनुसार कदम चाल्नु उपयुक्त हुन्छ।

# नेपालको कम्युनिष्ट राजनीतिले तयगर्न नसकेको बाटो

देश/परिवेश — डा. केशव देवकोटा

नेपालको कम्युनिष्ट राजनीतिले तयगर्न नसकेको बाटोको बिषयलाई लिएर पछिल्ला बर्षहरुमा बिभिन्न किसिमका टिकाटिप्पणीहरु हुँदैआएका छन्। तर त्यस्ता टिकाटिप्पणीले पनि खास निचोड निकाल्न सकिरहेका छैनन्। त्यस्तो निचोड निकाल्ने र संयोजन गर्ने/गराउने प्रयास पनि भैरहेको छैन। यहाँ संसदवादी, क्रान्तिकारी र मध्यपन्थी गरेर तीनथरी कम्युनिष्ट पार्टीहरु रहेका छन्। जसका बीचमा मित्रवत नभएर शत्रुवत खिचातानी भैरहेको छ। जसलेगर्दा गैह्र कम्युनिष्ट पार्टी र शक्तिहरुलाई कम्युनिष्टका बीचमा फाटो बढाउन र आआफ्नो राजनीतिक अभिष्ट साधना गर्न/गराउन सहज भएको छ। कम्युनिष्ट पार्टीहरुको एकिन संख्याभने गणनागर्न सकिने अवस्था छैन। कतिपय कम्युनिष्ट पार्टीहरु ०४६ सालको राजनीतिक परिवर्तनपछिबाटै खुलेर संसदीय राजनीतिमा सहभागि छन्भने कतिपयले गत दोश्रो संविधानसभाको निर्वाचन र त्यसयताका कुनैपनि निर्वाचनमा भाग लिएका छैनन्। कतिपयले गत फागुन २१ को निर्वाचनमा दल पनि दर्ता गराए। समानुपातिक निर्वाचन प्रणलीमा भाग लिए तर प्रत्यक्ष निर्वाचनमा उम्मेदवार नै उठाउन सकेनन्। कतिपय पार्टीहरु आफूलाई क्रान्तिकारी र आमूल परिवर्तनकारी ठान्दछन् तर चुनावी मोर्चा बनाएर दुबैथरी सुबिधा उपयोग गरिरहेका छन्। खासगरी गत फागुन २१ को निर्वाचनमा बहिष्कारवादीले पनि भनेजस्तो बहिष्कार गर्न/गराउन सकेनन्भने संसदवादी कम्युनिष्ट पार्टीहरुको मतसंख्या पनि अनपेक्षितरुपमा घट्न पुग्यो। जसलेगर्दा नेपालका कम्युनिष्ट पार्टीहरु रक्षात्मक अवस्थामा पुगेका छन्। अब कतिपयले पार्टी एकताको र कतिपयले खुकुलो खालको कम्युनिष्ट मोर्चाको प्रशंग उठाएको देखिएको छ। नेपालमा कम्युनिष्ट आन्दोलन र पार्टीहरु छरिवरीमा रहेको अवस्थाबारेसमेत संश्लेषणहरु हुनथालेका छन्। यो खासमा ऐतिहासिक, सामाजिक र राजनीतिक परिप्रेक्ष्यसँग जोडिएको विषय हो। नेपालमा कम्युनिष्ट आन्दोलनको शुरुवात १९४९-५० को दशकमा भएको हो। त्यसपछि सो आन्दोलनले धेरै आरोह अवरोहरुको सामना गर्नुपरेको थियो। सन् १९९० (०४६) मा बहुदलीय संसदीय ब्यवस्था पुनर्स्थापना भएपछि कम्युनिष्ट पार्टीहरुले पनि संसदमा भूमिका निभाउन थाले। त्यसबीचमा केही समूहहरुले जनयुद्धको अभ्यास पनि गरे। नेपालमा शान्ति प्रक्रिया र ०७२ को संविधान लेखनपछि माओवादी पार्टीले पनि संसदीय राजनीतिमै प्रबेश गरेको छ। आज नेपालमा कम्तिमा १० वटा मुख्य कम्युनिष्ट पार्टीहरु रहेका छन्। उनीहरुका बीचमा विचार धारात्मक भिन्नता रहेको छ। मार्क्सवाद लेनिनवादको व्याख्या र व्यवहारमा समेत बिभिन्नता रहेको पाइन्छ। व्यक्तित्व र शक्तिको केन्द्रिकरणका बिवादहरु पनि रहेका छन्। राजनीतिक स्थायित्व र निर्णायक नेतृत्वको निर्माण पनि हुनसकेको छैन। विभिन्न नेताहरुका बीचमा वैचारिक मतभेदहरु कायमै रहेको अवस्था छ। क्षेत्रीय र जातीय प्रतिनिधित्वको असन्तुलन मिलाउने बिषयमा पनि बिवादहरु रहेका छन्।

यदि हाल क्रियाशील अवस्थामा रहेका कम्युनिष्ट पार्टीहरुलाई साझा लक्ष्य समाजवाद र राष्ट्रिय विकासमा केन्द्रितगर्ने प्रयास गरियोभने एकताको सम्भावना रहन्छ। गत भदौमा भएको घटनापछि तत्कालीन माओवादी केन्द्र र एकीकृत समाजवादी लगायतका २६ वटा कम्युनिष्ट घटकहरुको एकतापछि नेपाली कम्युनिष्ट पार्टी बनेको भनिएको थियो। तर गत फागुन २१ को निर्वाचनमा सो समूहले २६ वटा सिट पनि प्राप्तगर्न सकेनभने एकता प्रक्रियामा सामेल भएका भनिएका पूर्बवत समूहहरु पनि यथावत रहेको देखिएको छ। बरु अन्य नयाँ कम्युनिष्ट पार्टीको घोषणा हुनेक्रम पनि जारीनै छ। जसलेगर्दा नेपाली कम्युनिष्टहरुको विशेषता नै फुटपछि जुट, जुटपछि पुनः फुटको गोलचक्कर रहने गरेको छ। उक्त एकताको यो चरणमा तत्कालीन माओवादी केन्द्रबाट कतिपयले माओवादी केन्द्र र माओवाद परित्याग गरेभने कतिपयले कम्युनिष्ट पार्टी र राजनीति समेतनै परित्याग गरे। जनार्दन शर्मा, राम कार्की, सुदन किराँती लगायतका नेताहरु कम्युनिष्ट पार्टी र राजनीति दुबैबाट अलग भएको घटना यतिबेलासम्म पनि चर्चामा रहेको छ। नेपाली कम्युनिष्ट पार्टीमा आबद्ध हुनआएकाहरुले त्यतिबेला आफ्नो नाम, चुनाव चिन्ह हटाएका थिएभने माओवाददेखि जबजसम्मका विचारसमेत परित्याग गरेका थिए। तर हाल त्यसले कुनै महत्व राखेको छैन। समयक्रममा कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलाललाई नै गद्धारभन्नेहरु पनि देखिए। पछि समय धेरै गुज्रिएपछि उनीहरुले त्यसलाई सच्याए र गल्ती भएको स्वीकार पनि गरे। तर त्यसको कुनै महत्व रहेन। पञ्चायतविरुद्ध ०२८ सालमा झापा आन्दोलन गरेका केपी ओली हाल एमालेको अध्यक्ष रहेपनि राजनीतिको किनारामा पुग्नलागेको देखिएको छ।

उहाँ आफैले आफूहरु कुनै सैद्धान्तिक नभएर पपुलिष्ट कम्युनिष्ट रहेको बताउँदै आउनुभएको छ। राधाकृष्ण मैनाली ०६१ सालमै दरबार पसेर केशरजङ रायमाझी पथमा हिंडिसकेको देखिएको थियो। मालेका महासचिव सिपी मैनाली आफ्नो राजनीतिक जीवनको उत्तरार्द्धमा राजतन्त्र ठीक रहेछभन्ने निष्कर्षमा पुगेको देखिएको छ। ०४३ सालको सेक्टर काण्डपछि निरन्तर कम्युनिष्ट पार्टीको नेतृत्वमा रहनुभएका पुष्पकमल दाहालको राजनीतिक जीवन पनि ओरोलोलाग्दो अवस्थामा रहेको छ। उहाँमा देखिएको बोली र ब्यवहारमा ठेगान नहुने समस्याले गर्दापनि नेपालको कम्युनिष्ट आन्दोलन भाँडिएको कतिपयले निष्कर्ष निकालेका छन्। माओवादी जनयुद्धमा करिब १७ हजारको ज्यान गएको विषय हालसम्म उठिरहेको छ। तर त्यतिबेला सरकार समक्ष पेश गरिएका ४० सूत्रीय मागहरु सबैले बिर्सिएका छन्। त्यतिबेलाको जनयुद्ध कतिपयका लागि पदमा पुग्ने र कतिपयका लागि कमाउने माध्यम बनेको छ। जनयुद्धको नेतृत्व गरेका भनिएका नेताहरु पटक, पटक सत्तामा पुग्दा पनि आफ्ना माग पूरा गराउने र त्यतिबेला जनयुद्धमा सामेल जनशक्तिको ब्यवस्थापन गर्ने/गराउने कुरामा खासै ध्यान दिएको देखिएन। हाल खाडी युद्धमा परेर कैयनको ज्यान गएका समाचारहरु बाहिर आएका छन्। त्यतिबेला जनयुद्धमा सामेल भएकामध्ये कतिपय हाल रुस-युक्रेन युद्धमा सामेल भएको समाचार पनि बाहिर आएको छ। तर त्यतिबेला जनयुद्धको नेतृत्व गरेका र हाल संसदीय राजनीतिमा अभ्यस्त भएका नेताहरुलाई त्यसको कुनै चिन्ता र चासो देखिएको छैन। बामदेवले ०५४ सालमै एमाले फुटाएको र ०५६ सालको निर्वाचनमा एकसिट पनि जित्न नसकेपछि फेरि ०५७ सालमा एमालेमै मिसिएको घटना पनि ब्याख्या र बिश्लेषण लायक बिषय रहेको छ। ०६३ सालमा शान्ति प्रकियामा आएपछि तत्कालीन माओवादीको मूल नेतृत्व संसदीय निर्वाचनमा सहभागि भएको थियो। तर केही नेताहरु दोश्रो संविधानसभाको निर्वाचन बहिष्कार गरेर अलग भएका थिए। हाल उनीहरुमा पनि अनेक बिभाजन भैसकेको छ। क्रान्तिका कुरा गरेपनि उनीहरुले त्यस अनुसारको संयोजन र ब्यवस्थापन गर्न/गराउन सकिरहेका छैनन्। शान्ति प्रक्रियामा आएपछि पनि केही समय हिंसात्मक बाटो पक्रने र फेरी गत फागुन २१ को निर्वाचनमा सहभागी भएर नराम्ररी पराजय भोग्नेहरु पनि रहेका छन्। ०७५ सालमा एमाले र तत्कालीन माओवादी केन्द्रकाबीचमा भएको एकता र ०७७ मा भएको फुट तथा त्यसबीचमा भएका तिता टर्रा गतिबिधि पनि ब्याख्या र बिश्लेषण लायक बिषय **बाँकी ७ पेजमा**

# नेपाल कम्युनिष्ट पार्टीद्वारा बढ्दो महँगी नियन्त्रणगर्न माग

काठमाडौं। लोकनारायण सुवेदी संयोजक रहेको नेपाल कम्युनिष्ट पार्टीका पार्टीको सचिवालय बैठक हालै सम्पन्न भएको छ। सो बैठकले देशका बिभिन्न समसामयिक बिषयमा बिभिन्न निर्णय लिएको थाहा भएको छ। संयोजक सुवेदीले दिनुभएको जानकारीअनुसार बैठकले गरेका निर्णयहरुमा असाधारण अन्तर्राष्ट्रिय स्थितिमा पनि आफ्ना वरिपरीका छिमेकमाभन्दा नेपालमा सबैभन्दा बढी पेट्रोलिय पदार्थको मूल्य बृद्धिलेगर्दा त्यसबाट न्यून र निश्चत आयस्तर भएका देशको दुइ तिहाईभन्दा बढी नेपाली जनतालाई दैनिक जीवन धान्न अत्यन्तै गाह्रो र आच्छुआच्छु परिरहेको छ। बर्तमान दुइ तिहाईको शक्तिशाली सरकार राजनीतिक होहल्ला त स्मार्ट तरीकाले नै गरिरहेको छ। तर जनताको दैनिक उपभोगका अत्याबश्यक बस्तुहरुमा दिनानुदिन बढिरहेको मँहगीको मारले जनत नराम्रोसँग पिल्सिरहेका छन्। पेट्रोलियमा पदार्थको बिकल्प हुनसक्ने इण्डक्सन ( बिद्युतीय चुलो र भान्सामा चाहिले बिद्युतीय भाँडाकुडा लगायत खाद्यान्न, दाल, तरकारी समेतको भाउ अनियन्त्रितरुपमा बढाइएको र मूल्य आकासिएको छ। पेट्रोलियमा पदार्थको मूल्य बृद्धिलाई निहुँ बनाएर यतायात र ढुवानी भाडा जथाभाबी बढाउदा जनताको अझ नराम्रोसँग ढाड सेकिएको छ। यतातिर सरकारको समयमै तत्कालै गम्भीर ध्यान गएन र यो कृत्रिम मूल्यबृद्धि, कालोबजारी, तस्करी रोक्न प्रभावकारी कदम चालिएन भने स्थिति अनियन्त्रित र बिस्फोटक हुने खतरा टड्कारो छभन्ने यथार्थ प्रष्टरुरुपमा औल्याउदै दुइ तिहाईको सरकारले जनतामाथिको लादिएको महगीको पीर मार्कातुरुन्त हटाउन दुइतिहाईको क्षमता सरकारले तत्काल देखाअओस् भन्ने नेपाल कम्युनिष्ट पार्टी जोडदार माग गर्दछ भन्ने रहेको छ।

त्यसैगरी रोजगारीहीन मानव र प्रकृतिद्रोही निर्मम शोषण र दोहनमा आधारित परनिर्भर बिकास प्रणालीबाट मुक्त भएर राष्ट्रिय पूँजीको पुनर्निर्माण, प्रबर्द्धन र राष्ट्रिय बजारको अभबृद्धि तथा रोजगारीमूलक गुणस्तरीय, मानब मैत्री उन्नत बिकासको सही बाटोमा अग्रसर हुने नीति र कार्यक्रम र तदनुरुपको बजेट ल्याउन तथा राष्ट्रको समग्र क्षमता अभिबृद्धिगर्ने सही बाटोमा लाग्न बैठकले माग गरेको छ। निजीकरण र उर्जाशील मानब श्रोत निर्याततले परनिर्भता बढाउन बाहेक अरु केही गरेको छैन १९८० को दशकयताको अहिलेसम्मको अर्थ-राजनीतिक अनुभवले प्रष्टपारेको बैठकले औंल्याएको छ। नेपालमा लामो समयदेखि निरन्तर ब्यापक बिरोध भइरहेको राष्ट्रघाती एसपीपी(स्टेट पर्टनरसीप पोग्राम) सम्झौता यो सरकारलेगर्न लगेको र दुइ तिहाई जनताको मतको ठाडै अपमान गरिनलागेको ब्यापक प्रचार प्रसार भइरहँदा पनि सरकाले आधिकारिकरुपमा केही नबोलेको र मौन बसेकोलेगर्दा देशको सार्बभौमिक अखण्डता र अस्तित्वनै गम्भीर खतरामा पर्ने अपूर्ब सन्त्रास सर्बत्र फैलिएको छ। यसबारे सरकारले तुरुन्त यथार्थ प्रष्टरुपमा सार्बजनिक गरोस् र राष्ट्रको सार्बभौमिक अक्षुण्णतामाथि आघात र आँच पुग्ने कुनै पनि यस्ता राष्ट्रघाती समझौता सरकाले नगरोस् भन्ने पनि नेपाल कम्युनिष्ट पार्टी पुनः जोडदार माग गर्दछ भनेको छ। नेपालको बिकासको भाग्य र भबिष्य सुरक्षित र सुनिश्चितगर्ने यूरेनियम जस्तो महत्वपूर्ण र दुर्लभ खनिज पदार्थ रहेको मुस्ताङको लोमाथांकाजस्तो चीनका नजिक रहेको संबेदनशील क्षत्रेमा बिदेशशी सेनालाई जिम्मा दिने र नेपालका उदीयमान छिमेकी रष्ट्रहरुसँगको सम्बन्ध थप खल्बल्याउने जुन प्रपञ्च हुन गइरहेको चारैतिर चर्चा परिचर्चा भइरहेको छ त्यसको यथार्थ वास्तबिकता जन समस्य ल्याउन र नेपालको राष्ट्रिय हित र छिमेकीहरुको संबेदनशीलतामा खलल पुयाउने कुनै सन्देहपूर्ण गतिबिधि हुन नदेउभन्ने जोडदार माग पनि बैठकले गरेको छ।४. हाम्रो भू-राजनीतिक र रणनीतिक अबस्थितिलाई खल्बल्याउने र देशलाई शक्तिराष्ट्रहरुको रणमैदान बनाउने अबाञ्छित दिशामा देशलाई धकेल्न नदिन पञ्चशील, असंलग्नता, संयुक्त राष्ट्रको बडापत्र र स्वीकृत अन्तर्राष्ट्रिय कानून तथा स्वाधीन राष्ट्रहरुको सार्बभौकिताको सिद्धान्तमा दृढतापूर्बक खडा हुन र बाह्य दबाबमा आत्मसमर्पण नगर्न तथा राष्ट्रिय स्वाभीमानलाई दृढतापूर्बक अक्षुण्ण राख्न छिमेकी देशलगायत शक्तिराष्ट्रहरुसँग अनाक्रमण सन्धि गर्ने तथा नेपाललाई शान्ति प्रवर्द्धनगर्ने विश्व केन्द्र बनाउने समयिक प्रस्ताव अघि बढाउन पनि नेपाल कम्युनिष्ट पार्टी आफ्नो माग पुन दोहोर्‍याउँछ र सबै राष्ट्र समुदायसँग सम-मैत्री(इकवी-फ्रण्डली) सम्वन्ध कायमगर्न पुनः जोड दिएको छ। त्यसैगरी जनताले बिगतमा लामो र बलिदानीपूर्ण संघर्ष गरेर प्राप्तगरेका जनतान्त्रिक अधिकार र नागरिक स्वतन्त्र तथा ट्रेड यूनियन लगायतका जन अधिकारहरुमाथि नियन्त्रण र निषेध होइन, नियमन र रुपान्तरणगर्दै जनता र राष्ट्रको हितमा प्रबर्द्धन र प्रयुक्तगर्ने दिशामा लाग्न पनि नेपाल कम्युनिष्ट पार्टी सरकार समक्ष जोडदार आबाज उठाउँदछ भनिएको छ। त्यसैगरी विश्वमा थोपरिएका नरसंहार र जातिसंहारका अन्यायपूर्ण र बिनाशकारी युद्धहरु रोक्न, दीगो शान्ति स्थापना गर्न आणबिक, परमाणबिक, रासायनिक तथा जैबिक सबै किसिमका बिध्वंशकारी हातहतियारको होडबाजी मुक्त विश्व निर्माणमा अघि बढन संयुक्त राष्ट्रसंघलगायत अन्य उदीयमान विश्व संगठनहरु अग्रसर होउन् भन्ने सार्थक माग पनि बैठकले गरेको भनिएको छ। त्यसैगरी जनता र राष्ट्रको बजेट र सम्पत्ति हिनमिनागर्ने,ठगीगर्ने सबै किसिमका भ्रष्टाचारी र ठगहरुको सम्पत्ति छानबिन र अधिकतम कडा कारबाहीगर्न तथा अन्तराष्ट्रिय क्षेत्रमा लुकाइएको सम्पत्ति फिर्ता ल्याउन समेत ठोस र प्रभावकारी कदम चाल्न तथासमग्र शासन प्रशासनलाई नीति र ब्यबहार दुबै स्तरमा जनमुखी र जिम्मेवार तुल्याउँदै शासन र शोषण होइन भन्ने कुरालाई मननगर्दै जनताको सेवा र सामुहीक समृद्धिको सहीबाटो लाग्ने सार्थक नीति, कार्यक्रम र बजेट ल्याइयोस भन्ने पनि बैठकलले माग गरेको छ।

# नेकपा स्थापनाको ७७ बर्ष र नेपालका कम्युनिष्टहरुको रक्षात्मक अवस्था

काठमाडौं। नेपालका केही कम्युनिष्ट पार्टीहरुले गत नौगते पार्टीको ७७ औं स्थापना दिवस बिभिन्न कार्यक्रम आयोजनागरी मनाए। केहीले आगामी भाद्रमा मनाउने गरेका छन्। ००६ साल वैशाख ९ गते भारतको कोलकाताको श्यामबजारस्थित एक घरमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएको थियो। जसको घोषणा सोही सालको सेप्टेम्बर ३१(भाद्र) मा भएको थियो। नेकपाका संस्थापक महासचिव पुष्पलाल र संस्थापक नेताहरुमा नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ रहनुभएको थियो। पछि मनमोहन अधिकारी, तुलसीलाल अमात्य, केशरजंग रायमाझी लगायतका नेताहरु पनि जोडिनुभएको थियो। सो दिन केवल एउटा राजनीतिक दलको स्थापना भएको दिनमात्र होइन, नेपालमा वामपन्थी विचारधारा, वर्गसंघर्ष, सामाजिक न्याय र समानतामूलक समाज निर्माणको औपचारिक शुरुवात भएको ऐतिहासिक क्षण पनि हो। नेकपाको स्थापनाहुँदा नेपालमा राणा शासनको कठोर निरंकुशतामा थियो। जनतामा राजनीतिक अधिकार थिएनन्, अभिव्यक्ति स्वतन्त्रता थिएन, शिक्षा र अवसरमा सीमित वर्गको मात्र पहुँच थियो। यस्तो अवस्थामा समाज परिवर्तनका लागि संगठित वैचारिक आन्दोलन आवश्यक ठानिएको थियो। यही आवश्यकताबाट नेपाल कम्युनिष्ट पार्टीको जन्म भएको हो। पार्टीका संस्थापक महासचिव पुष्पलाल हुनुहुन्थ्यो। उहाँलाई नेपाली कम्युनिष्ट आन्दोलनका प्रमुख वैचारिक अगुवा समेत मानिन्छ। पुष्पलालले मार्क्सवाद-लेनिनवादलाई नेपाली समाजको सन्दर्भमा व्याख्यागर्दै जनआधारित राजनीतिक परिवर्तनको मार्ग प्रस्तुत गर्नुभएको थियो। उहाँले वर्गीय शोषणको अन्त्य, सामन्तवादको विरोध, राष्ट्रिय स्वाधीनता, जनअधिकार र समाजवादको पक्षमा स्पष्ट राजनीतिक दृष्टिकोण दिनुभएको थियो। स्थापनाकालमा पार्टीसँग जोडिएका अन्य नेताहरुमा मनमोहन अधिकारी, नरबहादुर कर्माचार्य, केशरजंग रायमाझी, निरञ्जन गोविन्द वैद्य लगायत हुनुहुन्थ्यो।

उहाँहरुले राणा शासनविरुद्ध राजनीतिक चेतना फैलाउने, श्रमिक-किसानका मुद्धा उठाउने र लोकतान्त्रिक अधिकारका लागि जनतालाई संगठितगर्ने काम गर्नुभएको थियो। नेपाल कम्युनिष्ट पार्टीले ००७ सालको प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका खेलेको थियो। राणा शासनको अन्त्य र प्रजातन्त्र स्थापनाको आन्दोलनमा वामपन्थी विचारधाराले बलियो प्रभाव पारेको थियो। त्यसपछि पनि पञ्चायती व्यवस्थाविरुद्धको संघर्ष, ०४६ सालको जनआन्दोलन, बहुदलीय लोकतन्त्रको पुनःस्थापना, ०६२-६३ को दोश्रो जनआन्दोलन र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासम्म कम्युनिष्ट शक्तिहरु निर्णायक रुपमा सक्रिय रहेका थिए। तर नेकपाको इतिहास केवल संघर्ष र उपलब्धिकोमात्र कथा होइन, विभाजन र पुनर्गठनको पनि लामो यात्रा हो भनेहुन्छ। वैचारिक मतभेद, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको प्रभाव, नेतृत्व संघर्ष र रणनीतिक असहमतिका कारण पार्टी पटक,पटक विभाजित भएको थियो, हुँदै पनि छ। सोभियत संघ र चीनबीचको वैचारिक मतभेदले पनि नेपाली कम्युनिष्ट आन्दोलनमा असर पारेको थियो। सोही विभाजनकाक्रममा नेपाल कम्युनिष्ट आन्दोलन बिभिन्न धारमा विभाजितहुँदै गउका हुन्। क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, नेकपा मसाल, नेकपा( माओवादी), नेकपा संयुक्त लगायत धेरै दलहरु यही मूल पार्टीबाट विकसित भएका हुन्। कसैले संसदीय लोकतन्त्रको बाटो रोजेभने कसैले सशस्त्र जनयुद्धलाई परिवर्तनको

यो साताको बिशेष



माध्यम माने। विशेषगरी ०५२ सालदेखि शुरुभएको माओवादी जनयुद्धले नेपालको राजनीतिक संरचनामा गहिरो प्रभाव पारेको थियो। १० वर्ष लामो द्वन्दपछि शान्ति प्रक्रिया शुरुभएको थियो र त्यसले गणतन्त्र स्थापना, राजतन्त्रको अन्त्य र नयाँ संविधान निर्माणसम्मको बाटो खोलेको थियो। यस प्रक्रियामा पनि कम्युनिष्ट धारकै शक्तिहरु केन्द्रमा रहेका थिए। ०७५ सालमा केपी ओली नेतृत्वको नेकपा एमाले र पुष्पकमल दाहाल नेतृत्वको नेकपा (माओवादी केन्द्र) बीच पार्टी एकता भएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) समेत गठन भएको थियो। सो एकता नेपाली कम्युनिष्ट आन्दोलनको ऐतिहासिक मोड मानिएको थियो। तर नेतृत्व विवाद, शक्ति सन्तुलन र राजनीतिक मतभेदका कारण उक्त एकता लामो समय टिक्न सकेन। ०७७ सालमा सर्वोच्च अदालतको फैसलापछि नेकपा पुनः एमाले र माओवादी केन्द्रमा विभाजित भएको थियो। आजको अवस्थामा पनि नेपालका प्रमुख राजनीतिक शक्तिहरुमध्ये अधिकांश कम्युनिष्ट धारबाट आएका दलहरुनै रहेका छन्। संघीय लोकतान्त्रिक गणतन्त्र, संविधान कार्यान्वयन, समावेशी शासन, समाजवादोन्मुख अर्थतन्त्र र जनअपेक्षाको राजनीतिमा उनीहरुको प्रभाव अझै बलियो छ। तर जनतामा बढ्दो निराशा, भ्रष्टाचार, वैचारिक अस्पष्टता र नेतृत्वप्रतिको अविश्वासले कम्युनिष्ट आन्दोलनमाथि गम्भीर प्रश्नहरु पनि उठाइरहेको छ। गत भाद्र २३ र २४ गतेको जेनजी आन्दोलनपछि नेकपा माओवादी केन्द्र ,एकीकृत समाजवादी , नेपाल समाजवादी पार्टी, नेकपा (समाजवादी) लगायतका वामपन्थीहरुबीच एकीकरणभई नेपाली कम्युनिष्ट पार्टी गठन भएको छ। जेनजी आन्दोलनपछि वामपन्थी दलहरुभित्र पनि आत्मसमीक्षाको बहस बढेको देखिन्छ। समाजवादको नारा बोकेर सत्तामा पुगेका दलहरु जनअपेक्षाअनुसार कामगर्न नसकेकोभन्दै आलोचना भैरहेको छ। स्थापना दिवसका अवसरमा बिभिन्न कम्युनिष्ट दलहरुले पुष्पलालसहित संस्थापक नेताहरुलाई स्मरणगर्दै कार्यक्रम आयोजना गर्छन्। विचार गोष्ठी, श्रद्धाञ्जली सभा, राजनीतिक बहस र पार्टी पुनरावलोकनका माध्यमबाट यो दिनलाई ऐतिहासिकरुपमा सम्झिने गरिन्छ। हरेक बर्षको नेकपा स्थापना दिवसले एउटा महत्वपूर्ण प्रश्न के उठाउँछभने पुष्पलालले देखेको समानतामूलक, शोषणमुक्त र न्यायपूर्ण समाजको सपना पूरा भएको छ ?



राजनीतिक परिवर्तन धेरै भए, शासन व्यवस्था फेरियो, संविधान बदलियो, तर जनताको जीवनमा अपेक्षित रुपान्तरण कति आयोभन्ने बहस अझै जारी छ। यस अर्थमा नेकपा स्थापना दिवस केवल विगत सम्झने दिन होइन, भविष्यको दिशा खोज्ने अवसर पनि हो। नेपालको कम्युनिष्ट आन्दोलनले आफ्नो इतिहासबाट पाठ सिकेर जनविश्वास पुनः निर्माण गर्न सकेमात्र स्थापना दिवसको वास्तविक अर्थ पूराहुने देखिन्छ।

**एकता र विभाजनको श्रृंखला :** टुटफुटबाट गुज्रिँदै आएका नेपालका कम्युनिष्ट पार्टीहरुले स्थापना दिवस मनाउँदै छन्। नेपालमा जहानियाँ राणाशासन कायम रहेका बेला भूमिगत रुपमा स्थापना भएको नेपाल कम्युनिष्ट पार्टीले सामन्तवाद, दलाल-नोकरशाही पूँजीवाद तथा साम्राज्यवादका शोषण उत्पीडनबाट नेपाली जनता र राष्ट्रलाई मुक्तगर्ने उद्देश्य राखेको थियो। कम्युनिष्ट पार्टीका दोश्रो महासचिव मनमोहन अधिकारी र तेश्रो महासचिव तुलसीलाल अमात्य हुनुभएको थियो। यसबीचमा कांग्रेसको नेतृत्वमा रहेको सरकारले ०११ सालमा नेपाल कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध समेत लगाएको थियो। ०१५ सालको पहिलो आम निर्वाचनमा कम्युनिष्ट पार्टीले चारसिट जितेको थियो। तत्कालीन राजा महेन्द्रले जननिर्वाचित सरकार अपदस्थ गरेर पञ्चायती व्यवस्था लागूगरेपछि नेपाल कम्युनिष्ट पार्टी पुनः प्रतिबन्धित भएको थियो। त्यसक्रममा डा.केशरजंग रायमाझी पक्षले पञ्चायती व्यवस्थाको समर्थन गरेपछि कम्युनिष्ट पार्टी विभाजन भउको थियो। विभाजनकाबीच झापामा तत्कालीन झापाली क्रान्तिकारीले वर्गशत्रु सफाया अभियान चलाउँदै झापा क्रान्तिमार्फत नेकपा माले र हालको एमालेको रुप लिएको थियो। पुष्पलाल, मनमोहनहरुको समूह अन्ततः एमालेको धारमा ०४७ पछि एकीकृत भएका थिए। मोहनविक्रम सिंह, निर्मल लामाहरुले नेतृत्व गरेका बिभिन्न समूह नेकपा चौम, नेकपा मोटो मशाल, नेकपा पातलो मसाल, नेकपा एकताकेन्द्रहुँदै हालको क्रान्तिकारी कम्युनिष्ट पार्टीको धार बन्यो। ०१५ सालमा चार सिट जितेर अस्तित्वमा आएको नेपाल कम्युनिष्ट पार्टी पञ्चायतकालमा बिभिन्न चिरामा विभाजित भएको थियो। ०४६ सालको जनआन्दोलनपछि तत्कालीन माले र मार्क्सवादी मिलेर बनेको एमाले संसदमा ६९ सिटसहित सशक्त प्रतिपक्ष बनेको थियोभने तत्कालीन संयुक्त जनमोर्चा नौ सिटसहित तेश्रो दल बनेको थियो। ०५२ सालमा माओवादीले जनयुद्ध शुरुगरेपछि संजमो उर्फ माओवादीले संसदीय राजनीति परित्याग गरेको थियो। माओवादीले ०५१ सालमा आम निर्वाचन बहिष्कारगर्दा एमाले ८८ सिटसहित पहिलो पार्टी बनेर दक्षिण एशियामै पहिलो कम्युनिष्ट एकल सरकार गठन गरेको थियो। ०५४ सालमा एमाले विभाजित भएपछि ०५६ सालको आमनिर्वाचनमा ७० सिटसहित एमाले पुनः दोश्रो दल बनेको थियो। जनआन्दोलनपछि ०६४ सालमा भएको पहिलो संविधानसभा निर्वाचनमा नेकपा (माओवादी) प्रत्यक्षतर्फ बहुमतसहित सबैभन्दा ठूलो दल बनेको थियो। ०७० सालको दोश्रो संविधानसभा निर्वाचनमा एमाले दोश्रो र माओवादी तेश्रो दल बनेका थिए। यसबीचमा नेपाल कम्युनिष्ट पार्टीबाट मनमोहन अधिकारी, माधवकुमार नेपाल, पुष्पकमल दाहाल, झलनाथ खनाल, डा.बाबुराम भट्टराई र केपी ओली प्रधानमन्त्री हुनुभयो। ०७४ सालको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा गठबन्धन बनाएर लडेका दुई कम्युनिष्ट पार्टी एमाले र माओवादीले करीब दुई तिहाइ बहुमत सिट जित्न सफल भएका थिए। जुन नेपाल कम्युनिष्ट पार्टी स्थापनाको करीब ७० वर्षकै इतिहासमै सबैभन्दा ठूलो सफलता थियो भने हुन्छ। निर्वाचनी गठबन्धनपछि ०७५ जेठ तीनगते एमाले र तत्कालीन माओवादीबीच पार्टी एकता भएर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन भएको थियो। नेकपाको आन्तरिक विवाद उत्कर्षमा पुगेका बेला सर्वोच्च अदालतले यी दुई पार्टीबीचको एकता बदर गरिदिएपछि एमाले र माओवादी पुरानै अवस्थामा फर्किएका थिए। त्यतिबेला सरकारको नेतृत्वगर्दै आएको नेकपा एमाले पनि विभाजित भएको थियो। एमालेबाट अलग भएर माधवकुमार नेपालले आफ्नै नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) गठन गर्नुभएको थियो। उहाँले आफूसहित २८ जना केन्द्रीय सदस्यहरुलाई समेटेर ०७८ साल भदौ दुईगते निर्वाचन आयोगमा एकीकृत समाजवादी पार्टी दर्ता गराउनु भएको थियो। गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि नेपालको राजनीतिमा आएको उल्लेख्य परिवर्तनसँगै नेपालका केही कम्युनिष्ट पार्टीहरुमा एकता र ध्रुवीकरण देखापरेको थियो। ०८२ कात्तिक १९ गते पुष्पकमल दाहाल नेतृत्वको नेकपा (माओवादी केन्द्र) र माधव नेपाल नेतृत्वको (एकीकृत समाजवादी) सहितका १० कम्युनिष्ट घटक एकताबद्ध भएर नेपाली कम्युनिष्ट पार्टी घोषणा गरेका थिए। पार्टीको संयोजक पुष्पकमल दाहाल र सहसंयोजक माधव कुमार नेपाल हुनुभएको थियो। पछि सो पार्टीमा करिब दुईदर्जन साना समूहहरु मिसिएको भनिएको थियो। तर गत फागुन २१ गतेको प्रतिनिधि सभा निर्वाचनमा नयाँ दल रास्वपा एक्लैले १८२ सिट जित्यो। नेपाली कम्युनिष्ट पार्टीले प्रत्यक्षतर्फ आठ सिट र समानुपातिकतर्फ नौगरी १७ सिटमात्र जितेको छ। नेकपा एमालेले प्रत्यक्षतर्फ नौ र समानुपातिकतर्फ १६ गरी २५ सिटमात्र जितेको छ। निर्वाचनलगत्तै गठन भएको रास्वपा नेतृत्वको नयाँ सरकारले जेनजी आन्दोलनमा दमन गरेको आरोपमा तत्कालीन प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी ओलीलाई पक्राउनै गरेको थियो। हाल पुष्पकमल दाहालसहितका शीर्ष नेताहरु सम्पत्ति शुद्धीकरण लगायतका अनुसन्धानको दायरामा पर्नुभएको भनिएको छ। निर्वाचनमा खस्किँदो परिणाम र शीर्ष नेताहरु विवादित काण्डका कारण यतिबेला नेपालका कम्युनिष्ट पार्टीहरु अस्तित्व रक्षाको चुनौतिपूर्ण अवस्थाबाट गुज्रिरहेका छन्। आन्तरिक विवादले कम्युनिष्ट पार्टीहरु टुक्राटुक्रामा विभाजितहुँदा र एकताका प्रयासले परिणाम नदिँदा नेता तथा कार्यकर्ताहरु निराश छन्। अर्कोतर्फ नेताहरुमा कम्युनिष्ट आचरण र व्यवहार नहुँदा आम जनमानसमा उनीहरुप्रति वितृष्णा बढेको अवस्था छ।

**एमबी सिंह :** नेकपाको ७७ औं स्थापना दिवस तथा लेनिनको २५७ औं जन्मजयन्तीको अवसरमा बिभिन्न कम्युनिष्ट पार्टीका शीर्ष नेताहरुका बिभिन्न मिसिमका भनाइहरु आएका छने। जसमा नेकपा(मसाल) का महामन्त्री मोहनविक्रम सिंहले भन्नुभएको छ- नेकपा (मसाल) ले १५७ औं लेनिन जयन्ती र हाम्रो पार्टीको ७७ औं स्थापना दिवसको अवसरमा सबै कम्युनिष्ट, क्रान्तिकारी तथा मिहिनेतकश जनताप्रति क्रान्तिकारी अभिनन्दन प्रकटगर्न चाहन्छ। त्यस सर्न्दभमा हामीले यो पनि स्पष्टगर्न चाहन्छौंकि नेपालको कम्युनिष्ट आन्दोलन विश्वभरको कम्युनिष्ट आन्दोलन, क्रान्तिकारी आन्दोलन तथा सम्पूर्ण विश्वका शोषितपीडित र सर्वहारा वर्गको मुक्ति आन्दोलनको अभिन्न अंग हो। सो अवसरमा हामीले सम्पूर्ण विश्वका सर्वहारा क्रान्तिकारी जनता र सर्वहारा वर्गसित पनि हाम्रो क्रान्तिकारी ऐक्यबद्धताको प्रतिबद्धता प्रकटगर्न चाहन्छौं। नेपाल आज अत्यन्त कठीन र संकटोन्मुख अवस्थाबाट गुज्रिरहेको छ। नेपाल अहिलेसम्म कैयौं प्रकारका प्रतिक्रियावादी व्यवस्थाका बिचबाट गुज्रिँदै आइरहेका छ र तिनीहरुका विरुद्ध क्रान्तिकारी र प्रजातान्त्रिक संघर्षको हाम्रो लामो र गौरवपूर्ण इतिहास रहेको छ।

त्यस प्रकारको संघर्षकाक्रममा नै हामीले निरंकुश राणाशासन र पञ्चायती तानाशाही व्यवस्था वा राजतन्त्रसमेतका विरुद्ध सफल संघर्षगर्दै आएका छौं। त्यसकासाथै राष्ट्रियताको रक्षा तथा त्यसका लागि विदेशी साम्राज्यवादी शक्तिका विरुद्ध पनि हामीले निरन्तर र दृढतापूर्वक संघर्ष गर्दैआएका छौं तर त्यस सन्दभमा यो कुराप्रति पनि हाम्रो ध्यान जानुपर्ने आश्यकता छ कि देशमा राजतन्त्र समाप्त भएर गणतन्त्रको स्थापना भइसकेको भए पनि गणतन्त्रलाई समाप्त गरेर राजतन्त्रको पुनर्स्थापना तथा धर्मनिरपेक्षतालाई समाप्त गरेर नेपाललाई हिन्दुराष्ट्र बनाउनका लागि प्रतिगामीले प्रयत्नगर्न छाडेका छैनन्। त्यसका साथै नेपाली जनता लामो समयदेखि भारतीय सम्राज्यवादद्वारा आक्रान्तहुँदै आएका छन्। कालापानी क्षेत्रमा भारतीय सेनाको कब्जा अहिलेसम्म कायम छ र अन्य कैयौं क्षेत्रमा पनि नेपाल भारतीय साम्राज्यवादद्वारा पीडितहुँदै आएको छ। त्यसका साथै पछिल्ला दिनमा अमेरिकी साम्राज्यवादको नेपालमाथिको हस्तक्षेप र अतिक्रमण पनि धेरै नै बढेर गएको छ। अब अमेरिकाले नेपालमा आफ्नो कठपुतली सरकारनै बनाएको छ। यो स्पष्ट छकि त्यसले नेपालप्रतिको आफ्नो साम्राज्यवादी रणनीति पूरागर्न नै त्यस प्रकारको सरकार बनाएको हो। अमेरिकाको लागि नेपालको रणनीतिक महत्व छ। खास गरेर नेपाल तिब्बतको सिमामा रहेको हुनाले अमेरिकाका लागि नेपालको ठूलो रणनीतिक महत्व रहेको छ। अहिले संसारमा अमेरिका चीनका विरुद्ध चौतर्फीरुपले घेराबन्दीगर्न चाहन्छ। त्यसकासाथै त्यसले तिब्बतमा दलाई लामाको पुनर्स्थापनाका लागि नेपालको भूमि प्रयोगगर्न चाहन्छ। त्यसैका लागि अमेरिकालाई नेपालमा आफ्नो कठपुतली सरकार चाहिएको हो। यो कुरा स्पष्ट छकि अहिले नेपालमा कायम भएको अमेरिकाको कठपुतली सरकारले पूरै **बाँकी ७ पेजमा**

# भारतीय सीमामा रहेका नेपालीमा बढ्दै गएका चुनौतीहरु

प्रेमचन्द्र झा



नेपाल र भारतबीचको सम्बन्धमा झन चुनौतीहरु बढ्दै गएको देखिएको छ। जसमा दुबै देशका शासकहरुले आपसी समस्याहरुको यथा समयमा समाधान गरेर चुनौतीहरुलाई कमगर्दै जानुपर्नेमा बेवास्ता गरेको देखिएको छ। पछिल्ला दिनमा नेपालको सीमावर्ती क्षेत्रमा बसोबासगर्ने नेपाली समुदायको दैनिक जीवनसँग जोडिएका विषयहरु फेरि एकपटक राष्ट्रिय विमर्शको केन्द्रमा आएका छन्। विशेषगरी भारतीय बजारबाट किनिने दैनिक उपभोग्य वस्तुमा कर लगाउने सरकारी निर्णयले सीमावर्ती जनजीवनमा प्रत्यक्ष प्रभाव पारेकोभन्दै व्यापक असन्तोष व्यक्त भइरहेको छ। तर यो विषयलाई केवल भावनात्मक प्रतिक्रिया वा तात्कालिक असन्तोषको रुपमा बुझ्नु पर्याप्त हुँदैन, यसको गहिराइ राज्य संरचना, आर्थिक नीतिको चरित्र, भूराजनीतिक यथार्थ र ऐतिहासिक सम्बन्धको जटिल अन्तर्क्रियासँग जोडिएको छ। नेपाल र भारतबीचको सम्बन्ध सामान्य छिमेकी सम्बन्धभन्दा फरक हुनुको मूलकारण केवल सांस्कृतिक निकटता मात्र होइन, बरु संरचनागत अन्तर निर्भरता पनि हो।

खुला सीमाना, श्रम बजारको आदान-प्रदान, उपभोग्य वस्तुको आपूर्ति श्रृंखला र पारिवारिक सम्बन्धले दुई देशलाई व्यवहारतः अर्ध-एकीकृत सामाजिक-आर्थिक क्षेत्रमा रुपान्तरण गरेको छ। यस्तो अवस्थामा एकपक्षीयरुपमा कडा आर्थिक नीति लागूगर्दा त्यसको प्रभाव सीमावर्ती समाजमा असमानरुपमा पर्नु स्वाभाविक हुन्छ। यसैले कर नीतिको विरोधलाई केवल राजस्व नतिर्न खोज्ने प्रवृत्तिका रुपमा व्याख्यागर्नु विश्लेषणको सरलीकरण हुनेछ। सीमावर्ती अर्थतन्त्रको आफ्नै प्रकृति हुन्छ, जुन केन्द्र-परिधि सम्बन्धको सिद्धान्तमार्फत बुझ्न सकिन्छ। राजधानी-केन्द्रित नीति निर्माणले परिधीय क्षेत्रको यथार्थलाई अक्सर बेवास्ता गर्छ। तराई क्षेत्रको सन्दर्भमा हेर्दा, बजार पहुँच, मूल्य अन्तर, ढुवानी लागत र आपूर्ति प्रणालीका कारण भारतीय बजारसँगको निर्भरता केवल रोजाइ होइन, आवश्यकता बनेको छ। यदि नेपालतर्फ समान गुणस्तरका वस्तु उच्च मूल्यमा उपलब्ध छन्भने उपभोक्ताले नजिकको सस्तो बजार रोज्नु आर्थिकरुपमा तर्कसंगत व्यवहार हो। यस्तो व्यवहारलाई करद्वारा दण्डितगर्दा राज्यले वस्तुतः बजार यथार्थसँग टकराव गरिरहेको हुन्छ। यही बिन्दुमा कर नीतिको उद्देश्य र कार्यान्वयनबीचको अन्तर स्पष्ट देखिन्छ। राज्यले राजस्व वृद्धि, वैध व्यापार प्रवर्द्धन र अनौपचारिक अर्थतन्त्र नियन्त्रण गर्ने लक्ष्य राखेको हुन सक्छ। तर, यदि नीति कार्यान्वयनले साना उपभोक्तालाई मात्र समेट्छ र ठूला तस्करी सञ्जाललाई प्रभावकारीरुपमा समेट्न सक्दैन भने त्यसले साना उपभोक्तालाई बढि असरपर्ने कर अर्थात् कम आय भएका र दैनिक उपभोगमा निर्भर समुदाय बढी प्रभावित हुन्छन्। यसले आर्थिक असमानतामात्र होइन, राज्यप्रति असन्तोष पनि बढाउँछ। तस्करीको प्रश्न यहाँ केन्द्रीय रुपमा जोडिन्छ। सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार केवल व्यक्तिगत स्तरको गतिविधि होइन, यसमा संगठित नेटवर्क, संरक्षण प्रणाली र अन्तरदेशीय समन्वयको अभावजस्ता पक्षहरु जोडिएका हुन्छन्।

यस्तो जटिल समस्यालाई साना परिमाणमा वस्तु ल्याउने सर्वसाधारणमाथि कड्याइँ गरेर समाधानगर्न खोज्नु नीतिगत रुपमा कमजोर रणनीति देखिन्छ। यसले वास्तविक समस्याको मूल कारणलाई सम्बोधन नगरी लक्षणमात्र नियन्त्रणगर्ने प्रयासजस्तो देखिन्छ। तराई क्षेत्रसँग जोडिएको अर्को महत्वपूर्ण आयाम पहिचान र प्रतिनिधित्वको हो। ऐतिहासिकरुपमा तराईवासी समुदायले राज्य संरचनामा पर्याप्त प्रतिनिधित्व नपाएको गुनासोगर्दै आएका छन्। यस्तो पृष्ठभूमिमा जब कुनै नीति उनीहरुको दैनिक जीवनमा प्रत्यक्ष असर पार्छ, त्यसलाई केवल आर्थिक निर्णयको रुपमा होइन, राजनीतिक सन्देशको रुपमा पनि व्याख्या गरिन्छ। यसले नीतिगत असहमति छिट्टै पहिचान-आधारित असन्तोषमा रुपान्तरण हुने जोखिम बढाउँछ। खुला सीमानाको व्यवस्थापनलाई लिएर पनि पुनर्विचार आवश्यक देखिन्छ। सीमाना पूर्णरुपमा खुला राख्ने वा पूर्ण रुपमा नियन्त्रणगर्ने यी दुई चरम विकल्पबीच व्यवहारिक समाधान खोज्नुपर्ने अवस्था छ। स्मार्ट बोर्डर म्यानेजमेन्टको अवधारणा यहाँ सान्दर्भिक हुनसक्छ, जसले प्रविधि, डेटा आदानप्रदान र जोखिम-आधारित निगरानीमार्फत वैध आवतजावतलाई सहज बनाउँदै अवैध गतिविधि नियन्त्रणगर्न मद्दत गर्छ।

तर यस्तो प्रणाली प्रभावकारी हुन दुबै देशबीच उच्चस्तरको विश्वास र समन्वय आवश्यक हुन्छ। नेपालतर्फको संरचनागत कमजोरी पनि यस बहसको महत्वपूर्ण पक्ष हो। यदि सीमावर्ती क्षेत्रमा पर्याप्त बजार, भण्डारण सुविधा, प्रतिस्पर्धी मूल्य र गुणस्तरीय वस्तु उपलब्ध हुँदैनन्भने उपभोक्तालाई वैकल्पिक व्यवहार रोज्न बाध्यपार्नु व्यवहारिक हुँदैन। त्यसैले कर नीतिसँगै आपूर्ति पक्ष सुधारगर्ने रणनीति अनिवार्य हुन्छ। अन्यथा, करले केवल अनौपचारिक मार्गलाई झन प्रोत्साहितगर्ने सम्भावना रहन्छ। कूटनीतिक स्तरमा पनि यो विषय संवेदनशील छ। नेपाल-भारत सम्बन्धमा कुनै पनि सानो नीतिगत परिवर्तनले ठूलो सामाजिक प्रभाव पार्न सक्छ, विशेषगरी सीमावर्ती क्षेत्रमा। त्यसैले यस्ता निर्णयहरु एकपक्षीयरुपमा लागूगर्नुभन्दा द्विपक्षीय संवादमार्फत समन्वय खोज्नु दीर्घकालीनरुपमा लाभदायक हुन्छ। खुला सीमानाको विशेषता नै सहमतिमा आधारित लचिलोपन हो; त्यसलाई कठोर प्रशासनिक नियन्त्रणमा रुपान्तरणगर्दा सम्बन्धको आधार कमजोर हुन सक्छ। समग्रमा हेर्दा वर्तमान विवादले नेपालमा नीति निर्माण प्रक्रियाको एउटा गम्भीर चुनौती उजागर गरेको छ। केन्द्रले बनाएको नीति कति हदसम्म स्थानीय यथार्थसँग मेल खान्छ ? यदि नीति निर्माणमा स्थानीय आवाज समेटिँदैन भने कार्यान्वयन चरणमा प्रतिरोध स्वाभाविक हुन्छ। त्यसैले समाधानको पहिलो चरणनै सहभागितामूलक नीति निर्माण हुनुपर्छ। जहाँ सीमावर्ती समुदायका प्रतिनिधि, स्थानीय निकाय र सरोकारवालाहरु प्रत्यक्षरुपमा संलग्न हुन्छन्। अन्ततः, यो प्रश्न केवल करको होइन; यो राज्यको वैधता, जनविश्वास र सीमावर्ती समाजसँगको सम्बन्धको प्रश्न हो। यदि राज्यले आफ्नो नीतिलाई न्यायोचित, व्यवहारिक र समावेशी बनाउन सक्छभने मात्र दीर्घकालीन स्थायित्व सुनिश्चित हुन्छ। अन्यथा, साना निर्णयहरुले पनि ठूलो सामाजिक दूरी सिर्जनागर्न सक्छन्। नेपाल-भारत सम्बन्धको वास्तविक बल कूटनीतिक कागजमा होइन, जनस्तरको विश्वासमा निहित छ। यही विश्वासलाई आधार मानेर नीतिगत सुधार, आर्थिक सन्तुलन र पारस्परिक सहकार्यलाई अघि बढाउन सके मात्र वर्तमान जस्ता विवादहरु समाधानतर्फ उन्मुख हुन सक्छन्। सीमावर्ती जनताको जीवनयापनलाई सहज बनाउने र राज्यको संरचनागत कमजोरी सुधारगर्ने दिशामा ठोस पहल नगरी केवल नियन्त्रणमुखी उपाय अपनाउनु दीर्घकालीन समाधान बन्न सक्दैन। यस बहसलाई झन गहिरो रुपमा हेर्दा अर्को महत्वपूर्ण पक्ष देखिन्छ। राज्यको कर संरचना र त्यसको सामाजिक न्यायसँगको सम्बन्ध। कर नीति केवल राजस्व संकलनको माध्यम मात्र होइन; यो राज्यले नागरिकसँग कसरी व्यवहार गर्छभन्ने संकेत पनि हो। जब करको भार असमानरुपमा सीमावर्ती, आर्थिकरुपमा संवेदनशील र संरचनागतरुपमा पछाडि पारिएका समुदायमाथि पर्छ, तब यसले करको वैधतामाथिनै प्रश्न उठाउँछ। करतिर्ने क्षमता, पहुँच र विकल्पको अभावलाई बेवास्ता गरेर लागूगरिएको नीति व्यवहारिक भन्दा पनि प्रशासनिक देखिन्छ। जसले दीर्घकालीनरुपमा कर अनुपालन घटाउने जोखिम बढाउँछ। यस सन्दर्भमा इन्फर्मल इकोनोमी अर्थात् अनौपचारिक अर्थतन्त्रको भूमिका पनि उल्लेखनीय छ। सीमावर्ती क्षेत्रमा औपचारिक व्यापारिक संरचना कमजोर हुँदा अनौपचारिक कारोबारनै मुख्य माध्यम बन्छ। यस्तो अवस्थामा राज्यले अचानक कड्याइँगर्दा बजार पूर्णरुपमा औपचारिकतर्फ सर्ने होइन, बरु झन जटिल र लुकेका मार्गतर्फ सर्न सक्छ। यसले न त राजस्व बढाउँछ, न त पारदर्शिता; उल्टै नियन्त्रण बाहिरको गतिविधि बढाउने सम्भावना रहन्छ। त्यसैले कर नीति सुधारसँगै अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिकतर्फ रुपान्तरणगर्ने दीर्घकालीन रणनीति आवश्यक हुन्छ। अर्कोतर्फ सीमावर्ती जनताको मनोविज्ञान बुझ्न पनि उत्तिकै जरुरी छ। उनीहरुका लागि सीमा केवल राजनीतिक रेखा होइन, यो दैनिक जीवनको एउटा पारगमन बिन्दु हो। परिवार, रोजगारी, शिक्षा, स्वास्थ्य– यी सबै आवश्यकता सीमापार नै पूरा हुने अवस्था छ।

यस्तो अवस्थामा राज्यले अचानक नियन्त्रण कडापार्दा त्यसलाई बाह्य हस्तक्षेपकारुपमा अनुभव गरिन्छ। यसले केवल आर्थिक असन्तोषमात्र होइन, भावनात्मक दूरी पनि सिर्जनागर्न सक्छ। राज्यप्रति अपनत्व घट्दैजानु कुनै पनि लोकतान्त्रिक प्रणालीका लागि दीर्घकालीन चुनौती हो। नीतिगत दृष्टिले हेर्दा वन साइज फिट्स अल अर्थात् एउटै नीति सबै ठाउँमा लागूगर्ने प्रवृत्ति नै मूल समस्या देखिन्छ। हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई–यी तीनै भौगोलिक क्षेत्रका आर्थिक संरचना, बजार पहुँच र सामाजिक अभ्यास फरक छन्। तर नीति निर्माण प्रायः समान ढाँचामा गरिन्छ। यसले सीमावर्ती क्षेत्रका लागि अनुपयुक्त परिणाम दिन्छ। त्यसैले भौगोलिक र सामाजिक विविधतालाई स्वीकारगर्दै क्षेत्रविशेष नीति निर्माण गर्नु आजको आवश्यकता हो। यससँगै संघीय संरचनाको प्रभावकारिता पनि परीक्षणको अवस्थामा देखिन्छ। स्थानीय सरकारहरुलाई सीमावर्ती व्यवस्थापन, बजार नियमन र स्थानीय कर संरचना निर्धारणमा कति अधिकार दिइएको छभन्ने प्रश्न उठ्छ। यदि स्थानीय तहलाई पर्याप्त अधिकार र श्रोत उपलब्ध गराइयो भने उनीहरुले आफ्नो क्षेत्रअनुसार व्यवहारिक समाधान खोज्न सक्छन्। केन्द्रबाट निर्देशित कडा नीतिभन्दा स्थानीय स्तरको लचिलो व्यवस्था धेरै प्रभावकारी हुन सक्छ। नेपाल-भारत सम्बन्धको व्यापक सन्दर्भमा हेर्दा, यस्तो प्रकारको आन्तरिक नीति विवादले द्विपक्षीय सम्बन्धमा अप्रत्यक्ष असरपार्न सक्छ। सीमावर्ती असन्तोषले **बाँकी ७ पेजमा**

# पारिवारिक कलह र बिखण्डन बढ्दो अवस्थामा

काठमाडौं। नेपालमा पारिवारिक बिखण्डन र कलह बढ्दै गएको देखिएको छ। देशमा बढेको जातीय र लैंगिक बिवाद र वैदेशिक रोजगारीका कारण त्यस्तो कलहको अवस्था शुरुभएको बिभिन्न अध्ययनहरुले देखाएका छन्। जसको उदाहरणको रुपमा नेपालमा बढेका सम्बन्ध बिच्छेदका घटनालाई लिन सकिन्छ। हालै सार्बजनिक एक तथ्यांकअनुसार चालु आर्थिक वर्षको गत चैत २० गतेसम्म काठमाडौं जिल्ला अदालतमा दुईहजार ९०७ वटा सम्बन्धविच्छेद सम्बन्धी मुद्दा दर्ता भएकोमा एकहजार ३९ मुद्दाको फैसला भइसकेको छ। ०७६ सालदेखि हालसम्म उक्त अदालतमा सम्बन्धविच्छेद सम्बन्धी फर्स्योट हुन बाँकी मुद्दाको संख्या एक हजार ९४७ रहेको छ। सर्वोच्च अदालतको ०८१/८२ को वार्षिक प्रतिवेदनअनुसार मुलुकभर ४२ हजार ७३९ वटा सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएका थिए। सो आर्थिक वर्षमा सर्वोच्च अदालतमा ११९ र उच्च अदालतमा एक हजार ५४१ सम्बन्धविच्छेदसम्बन्धी मुद्दा दर्ता भएका थिए। सोही आवमा ३३ हजार ५० वटा मुद्दा फर्स्योट भएकोमा नौ हजार ६८९ मुद्दाको छिनोफानो हुन सकेन। त्यसमध्ये जिल्लाबाट ४१ हजार ७९ वटा मुद्दा फर्स्योट भएको वार्षिक प्रतिवेदनमा उल्लेख छ। आव ०८०/८१ मा ४० हजार ३२० वटा सम्बन्ध विच्छेदसँग सम्बन्धित मुद्दा दर्ता भएकोमा ३१ हजार ७५२ मुद्दा फर्स्योट भएको थियोभने आठ हजार ५६८ मुद्दा छिनोफानो हुन सकेन। यहाँ उल्लेखित तथ्यांकले के देखाउँछभने पछिल्लो समय सम्बन्धविच्छेदसम्बन्धी मुद्दाको संख्या एकदमै बढेको छ। बदलिँदो विश्व परिस्थितिको प्रभाव, आधुनिक नेपाली समाज र परिवारमा देखिने सामान्य मतभेदमा पनि सम्बन्धविच्छेद गरिहाल्ने प्रवृत्तिले संख्या बढेको सरोकारवाला बताउँछन्। काठमाडौं जिल्ला अदालतका सूचना अधिकृत दीपक श्रेष्ठकाअनुसार बैंकिङ कसुर र चेक अनादरपछि सबैभन्दा बढी सम्बन्ध विच्छेदका मुद्दा दर्ता हुनेगरेका छन्। कतिपय परिवारमा श्रीमान्/श्रीमतीबीच सामान्य खटपट हुनासाथ सम्बन्धविच्छेदका लागि अदालत आउने गरेको देखिएको छ। वैदेशिक रोजगार, परिवारको असहमतिमा हुने प्रेम-विवाह, अन्तरजातीय विवाह, आधुनिकता, अर्काको नक्कलगर्ने प्रवृत्ति, कुटपिट, मानाचामल र हेरचाह नगरेको, नेपाली समाजमा खस्कँदै गएको संस्कार र संस्कृति तथा दम्पतीबीचको मतभेदले पनि सम्बन्धविच्छेद गर्नेको संख्या बर्सेनि बढ्दैगएको अनुमान गरिएको छ। त्यसैगरी बिभिन्न समयमा धर्म र सम्प्रदाय सम्बन्धी बिवादहरु पनि हुने गरेका छन्। यसअघि पर्साको वीरगञ्ज र रौतहटको गौरमा त्यस्ता घटनाहरु देखिएका थिए।

# अन्तराष्ट्रिय

## उत्तर कोरियाको राष्ट्रिय सुरक्षाको प्रश्न र क्लष्टर क्षेप्यास्त्र परीक्षण

कर्तव्य

उत्तर कोरियाले गतसाता गरेको पछिल्लो क्षेप्यास्त्र परीक्षणमा क्लष्टर हतियार प्रयोग गरिएको बिषयलाई लिएर विश्वभर नै बिभिन्न टिकाटिप्पणीहरु भैरहेका छन्। आणविक हतियारसम्पन्न उक्त देशले छोटो दूरीका धेरै ब्यालेष्टिक मिसाइल प्रक्षेपणगर्दै आफ्नो नयाँ वारहेड क्षमताको परीक्षण गरेको जनाएको हो। कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए) का अनुसार नेता किम जोङ उनको प्रत्यक्ष निगरानीमा गरिएको सो परीक्षणमा रणनीतिक ब्यालेष्टिक मिसाइलमा प्रयोग हुने क्लष्टर बम वारहेड र खण्डित माइन वारहेडको विशेषता र शक्तिको परीक्षण गरिएको थियो। प्रजग कोरियाले पछिल्ला हप्ताहरुमा ब्यालेष्टिक मिसाइल, एन्टी-वारसिप क्रुज मिसाइल तथा क्लष्टर हतियार प्रणालीसहित बिभिन्न सैन्य परीक्षणहरुगर्दै आएको छ। यसले क्षेत्रीय सुरक्षा अवस्था थप तनावपूर्ण बनाएको अन्तर्राष्ट्रिय विश्लेषकहरुको भनाइ छ। दुवै कोरियाले सन् २००८ को क्लष्टर बमसम्बन्धी ओस्लो महासन्धिमा हस्ताक्षर नगरेको अवस्थामा यो परीक्षण भएको हो। दक्षिण कोरियाले भने उत्तरको पछिल्लो गतिविधिलाई उक्साहटपूर्णभन्दै तत्काल रोक्न आग्रह गरेको छ। केसीएनएका अनुसार परीक्षणमा ह्वासोङपो-११ए सतहदेखि सतहमा प्रहारगर्न सकिने सामरिक ब्यालेष्टिक मिसाइल प्रयोग गरिएको थियो। पाँचवटा मिसाइल करिब १३६ किलोमिटर टाढाको टापु नजिकको लक्ष्य क्षेत्रमा प्रहार गरिएको र त्यसले १२.५ देखि १३ हेक्टर क्षेत्रफलमा अत्यधिक घनत्वका बिष्फोट प्रभाव देखाएको जनाइएको छ। पछिल्लो एक रिपोर्टअनुसार नेता किम जोङ उनले परीक्षणको नतिजाप्रति गहिरो सन्तुष्टि व्यक्त गर्नुभएको छ। उहाँले क्लष्टर वारहेड विकासले निश्चित लक्ष्य क्षेत्रमा उच्च घनत्वको प्रहार क्षमता र उच्च परिशुद्धता वृद्धिगर्ने पनि बताउनुभएको छ। विशेषज्ञहरुको विश्लेषणमा यो प्रणालीले बहु रकेट लञ्चर र छोटो दूरीका ब्यालेष्टिक मिसाइलबिचको प्राविधिक दूरी घटाउने उद्देश्य राखेको देखिन्छ। कोरिया इन्ष्टिच्युट फर नेशनल युनिफिकेसनका अनुसन्धानकर्ता होङ मिनकाअनुसार यस्तो क्षमताले सियोल र अमेरिकी सैन्य अड्डाहरु उत्तर कोरियाको दायराभित्र झन नजिक ल्याउन सक्छ। सियोल विश्वबिद्यालयका प्राध्यापक याङ मू-जिनकाअनुसार पछिल्ला परीक्षणहरुले उत्तर कोरियाले अगाडिको मोर्चाबाट प्रत्यक्ष प्रक्षेपणगर्न सकिने प्रणाली परिचालनको नजिक पुगेको संकेत गर्छ। यसले दक्षिण कोरिया र अमेरिकी अड्डाहरुमा तत्काल खतरा बढाउन सक्ने उहाँको मूल्यांकन छ।



संयुक्त राज्य अमेरिकाले दक्षिण कोरियामा करिब २८ हजार सैनिक तैनाथ गरेको छ, जसले क्षेत्रीय सुरक्षा संरचनामा महत्वपूर्ण भूमिका खेलेको छ। प्रजग कोरियाले संयुक्त राष्ट्रसंघका प्रतिबन्धहरुबिच लगातार हतियार विकास जारीराखेको छ। यसले ब्यालेष्टिक मिसाइल प्रविधि र आणविक कार्यक्रमसम्बन्धी प्रतिबन्धहरु बारम्बार उल्लंघन गर्दैआएको छ। यसअघि किम जोङ उनले नौसेनाको युद्धपोतबाट प्रक्षेपण गरिएको क्रुज मिसाइल परीक्षणको निरीक्षण गर्नुभएको थियो। सो परीक्षण चो ह्योन नामक पाँच हजार टन वर्गको युद्धपोत जहाजबाट गरिएको थियो, जुन गत वर्ष सञ्चालनमा आएको हो। प्रजग कोरियाले थप दुईवटा त्यस्तै वर्गका युद्धपोत निर्माण गरिरहेको छ। साथै रुससँगको सैन्य सहकार्य बढ्दैगएको भन्दै विश्लेषकहरुले प्योङयाङले नौसैनिक आधुनिकीकरणलाई तीव्रबनाएको बताएका छन्। रिपोर्टअनुसार प्रजग कोरियाले युक्रेन युद्धमा रुसलाई समर्थनगर्न स्थल सेना र तोपखाना सहयोग पठाएको छभने बदलामा मस्कोबाट सैन्य प्रविधि सहयोग प्राप्त गरिरहेको अनुमान पनि गरिएको छ। उत्तर कोरियाले पछिल्ला वर्षहरुमा बिभिन्न प्रकारका क्षेप्यास्त्र परीक्षणहरु गर्दैआएको छ। , जसमा क्लष्टर प्रकारका हतियार समाबेश गरिएका छन्। क्लष्टर हतियार भन्नाले एउटा मुख्य बम वा क्षेप्यास्त्रभित्र धेरै साना बम राखिएको हुन्छ। जब यो लक्ष्य नजिक पुग्छ, ती साना बमहरु फैलिन्छन् र ठूलो क्षेत्रभरि असर पार्छन्। यस्तो हतियारलाई क्लष्टर म्युनिशन भनिन्छ। उत्तर कोरियाले छोटो दूरीका ब्यालेष्टिक मिसाइल परीक्षणगर्दा कहिलेकाहीँ जटिल प्रविधिको प्रयोग गरेको दाबी गरेको छ। सन् २०२० पछि उसले केही परीक्षणहरुमा एउटै मिसाइलबाट धेरै लक्ष्यमा प्रहारगर्न सक्ने क्षमताको प्रदर्शन गरेका समाचारहरु बाहिर आउने गरेका छन्। क्लष्टर हतियारहरु धेरै देशले विवादास्पद मानेका छन्। किनकि तिनले नागरिक क्षेत्रमा ठूलो क्षति पुऱ्याउन सक्छन्। अन्तर्राष्ट्रिय सन्धिले यस्तो हतियार प्रयोगगर्न प्रतिबन्ध लगाएको छ। उत्तर कोरियाले बिभिन्न उन्नत क्षेप्यास्त्र प्रणालीहरु विकासगर्ने क्रममा बहु-बिष्फोटक वा क्लष्टरजस्ता प्रभाव देखाउने परीक्षणहरु गरेको दाबी गर्नेगरेको छ। तर ती वास्तविक क्लष्टर म्युनिशन हुन् कि होइनन्भन्ने विषय अझै स्वतन्त्ररुपमा पुष्टि हुन सकेका छैनन्। इरान र अमेरिका लगायतका बिभिन्न शक्ति राष्ट्रहरुकाबीचमा आणबिक हतियारको होड चलिरहेका बेला कोरियाले गरेको पछिल्लो परीक्षणले उनीहरुलाई समेत सजग रहन र नयाँ ढंगले सोच्न बाध्य बनाएको छ। जसकाबारेमा बिश्व समूदायले छलफल गरेर आणबिक होडबाजीलाई न्युन बनाउनु आवश्यक छ।

# विश्व कम्युनिष्ट आन्दोलनमा लेनिनका योगदानहरु एक चर्चा

लोकनारायण सुवेदी



शोषणरहीत बैज्ञानिक समाजवादी समाजका प्रबर्तक तथा एक अपूर्ब क्रान्तिकारी मार्क्सवादी चिन्तक समाजवादी क्रान्तिका पथप्रदर्शक तथा ब्यबहारिक प्रयोक्ता महान लेनिनको जन्म २२ अप्रिलका दिन भएको हो। त्यसैले गत साता नेपाललगायत विश्वभर नै उहाँको संझनामा बिबिध कार्यक्रमहरु भए। सोही दिन १८७० मा उहाँको जन्म भएको हो। उहाँको देहाबसान भने २१ जनवरी १९२४ मा भएको थियो र विश्वका शोषित पीडित श्रमजीवी जनताका महान गुरु लेनिनले यो संसारबाट बिदा लिनु भएको थियो।

उहाँ मार्क्स र एंगेल्सले आरम्भ गर्नुभएको बैज्ञानिक समाजवादको सिद्धान्तलाई रचनात्मकढंगले विकास गर्नुहुने, वास्तवमा विश्वमा पहिलो समाजवादी सोभियत संघको रुपरेखा कोर्ने रचनात्मक ब्यक्तित्व लेनिन नै हुनुहुन्थ्यो। जब हामी लेनिनका जीवन र कार्यको सम्झना र बिवेचनागर्ने गर्दछौं त्यतिबेला हामी विश्वको पहिलो समाजवादी क्रान्तिको नेतृत्व गर्नुहुने ती विश्व सर्बहारा बर्गका महान ब्यक्तित्वलाई केवल श्रध्दामात्रै ब्यक्त गरिरहेका हुँदैनौ उहाँले मार्क्सवादको विकासमा पुऱ्याउनु भएको गहतम योगदानको पनि स्मरण गरिरहेका हुन्छौं। वास्तवमा मार्क्स र एंगेल्सपछि अरु कुनै ब्यक्तिले लेनिनले जति विश्वमा मार्क्सवादको विकास गर्नमा योगदान दिन सकेका छैनन्। लेनिनका सम्पूर्ण सैद्धान्तिक कृतिहरु सर्बहारा क्रान्ति सम्पन्न गर्न, त्यस बर्गलाई क्रान्तिकारी हतियारले कसरी सुसज्जित तुल्याउने र बैज्ञानिक समाजवादको विकास गर्ने हो भन्ने महत्वपूर्ण कुराको खोजीमा समर्पित छन्। लेनिनले २० औं शताब्दीमा साम्राज्यवादको बिश्लेषणगर्ने अत्यन्तै गहनतम कदम चालेर कसरी एकाधिकार पूँजीवादले साम्राज्यवादको चरणमा विकास गर्दछ र पूँजीवाद जनबिरोधी पत्तनको दिशामा अग्रसर हुँन्छ भन्ने कुरा दर्शाउँदै साम्राज्यवाद पूँजीवादको चरम अवस्था भन्ने कुरा औंल्याउनु भयो। लेनिनले रचनात्मक किसिमले मार्क्सले गरेको पूँजीवादी प्रणालीको चिरफार र बिश्लेषणलाई विकसित गर्दै उदाउँदो उत्पादनको पूँजीवादी प्रणाली कसरी साम्राज्यवादमा विकसित हुन्छ भन्ने कुरा प्रष्ट पार्नुभएको छ। आजको समकालीन विश्वको साम्राज्यवाद र विश्व पूँजीवादको कुनै पनि बिश्लेषण गर्नका लागि कुनै पनि मार्क्सवादीले लेनिनको त्यही सिध्दान्तलाई अनुसरण गर्नुपर्ने र त्यसैबाट शुरुगर्नु पर्ने हुन्छ।

बस्तुतः लेनिनको यो बिश्लेषण पध्दति बिना आजको बित्तीय साम्राज्यावादी पूँजी र त्यस पूँजीद्वारा निर्देशित र सञ्चालित भूमण्डलिकरणलाई बुझ्न असंभव छ। जसलाई त्यही बित्तीय पूँजीले कोरल्दै आएको छ। लेनिनको त्यही बिश्लेषणले उहाँलाई कुन महत्वपूर्ण निष्कर्शमा पुऱ्यायो भने विश्वमा साम्राज्यवाद यसको सबैभन्दा कमजोर कडीमा टुट्दछ। त्यही सबैभन्दा कमजोर कडिको सम्वन्धले रुसमा समाजवादी क्रान्तिको रणनीति र कार्यनीति तयार पार्न मद्दत पुऱ्यायो र त्यसैले गर्दा नै मजदुर किसान एकताले ठूलो भूमिका खेल्यो। त्यत्तिकै महत्वको अर्को समान कुरा राष्ट्रिय र औपनिवेशिक प्रश्नको हल गर्नमा लेनिनले अघि सार्नुभएको विश्व क्रान्तिको रणनीति र कार्यनीति हो। लेनिनले विकास गर्नुभएको यो सिध्दान्त त्यसबेलाका प्रसिद्ध यूरोपेली मार्क्सवादीहरुको धारणभन्दा फरक थियो। लेनिनले यो एकदमै प्रष्ट पार्नुभएको थियो कि कसरी विश्वका औपनिवेशिक देशका राष्ट्रिय मुक्ति आन्दोलनहरु साम्राज्यवाद बिरोधी आन्दोलनका अभिन्न अंग हुन् र ती शक्तिहरु विश्व समाजवादी आन्दोलनका अभिन्न मित्रहरु हुन्। बिशौं शताब्दीका उपनिवशेवाद तथा साम्राज्यवाद बिरोधी विश्वका बिजयी राष्ट्रिय आन्दोलनहरु तथा चीन, भियतनाम,कोरिया र क्यूबाका क्रान्तिहरु आधारभूतरुपमा लेनिनकै रणनीति अनरुप सफल भएका आन्दोलनहरु थिए। अर्को महत्वपूर्ण लेनिनको योगदान हो राज्य र बर्गको चरित्रको बिश्लेषण, जुन बिश्लेषण विश्वभरीका कम्युनिष्टहरुका लागि शोषक शासक बर्ग र पूँजीवादी शोषणका बिरुद्ध लड्ने एउटा आधारभूत, धारिलो र महत्वपूर्ण आधार बन्यो। बर्ग संघर्ष भनेको केवल एउटा आर्थिक संघर्ष मात्रै होइन यसको सार्थकता त्यतिबेला मात्रै प्राप्त हुन्छ जब यसले शोषक बर्गको राजनीतिक,आर्थिक,सामाजिक तथा साँस्कृतिक सत्तालाई नै चुनौति दिन्छ त्यसलाई समग्रमा पल्टाएर श्रमिक बर्गको राज्यसत्ता कायम गर्दछ भन्ने निर्णायक महत्वको सार लेनिनले खिच्नु भयो। लेनिन उहाँले प्रतिपादन गर्नुभएको संगठनात्मक क्रान्तिकारी सिद्धान्तको लागि पनि सधैं नै स्मरणीय र ब्यवहारिक हुनुहुन्छ।

नयाँ किसिमको पार्टी जुन पार्टी मजदुर बर्गका साथै अन्य कामदार श्रमजीवी बर्गलाई नेतृत्व गर्न सबै किसिमले सुसज्जित पार्टी हुन्छ, त्यस्तो पार्टी निर्माण गर्न लेनिनले प्रस्तुत गर्नुभएको संगठनात्मक सिद्धान्त उल्लेखनीय छ। आन्तरिक पार्टी जनवादमा आधारित जनवादी केन्दियता, कडा अनुशासन र आत्म आलोचना तथा आलोचनाको सिद्धान्तले मजदुर बर्गलाई सामाजिक जनवादी र पूँजीवादी बबुर्जुआहरुको भन्दा भिन्नै आफ्नै किसिमको बैज्ञानिक संगठनात्मक आधार प्रदान गऱ्यो। फलतः कुनै पनि क्रान्तिकारी पार्टीले क्रान्तिको नेतृत्व गरेको छ या गर्नु छ भने त्यो आन्दोलन अघि बढाउन र विकसित तुल्याउन लेनिनको यो संगठनात्मक सिद्धान्त अपरिहार्य छ। यद्यपि लेनिनको यो सिद्धान्तको गैर कम्युनिष्ट र बाम खेमाभित्रैबाट पनि ठूलो आलोचना भयो।

तर लेनिन पूँजीवादी शोषणकारी राज्यसत्तासँग लड्ने सर्बहारा बर्गको एउटै मात्र अचूक हतियार छ त्यो हो - संगठनात्मक हतियार भनेर यो सिद्धान्तमा अबिछिन्नरुपमा अडिग रहिरहनु भयो। लेनिन १९१७ को महान अक्टोबर समाजवादी क्रान्ति पछि सोभियत समाजको नेता हुनुभएर केवल ६ बर्षम्म मात्र बाँच्नुभयो। त्यसबेला उहाँले पुरानो समाजका गतल कुराहरु अन्त्यगरी नयाँ समाज पैदागर्न अत्यन्तै जटील र महत्वपूर्ण कार्य सम्पन्नगर्न संघर्ष गर्नुपऱ्यो। ती ६ बर्षमध्ये ४ बर्ष त उहाँले तीव्र गृहयुद्ध लड्नुपरेको र त्यसमा बिजयी बनेर अघिबढ्नु परेको थियो। युद्धको बेलाको कम्युनिज्मदेखि नयाँ आर्थिक नीति निर्माणसम्म, लेनिन निरन्तर सामाजवाद निर्माण गर्ने एउटै धेय र ध्याउन्नमा तल्लिन भएर लाग्नुभयो। त्यसको निमित्त धेरै नीतिहरु बनाएर मिलाए जानुपर्ने थियो। उहाँलाई समाजवादको बाटो लामो र कठीन छभन्ने कुरा राम्ररी थाहा थियो। उहाँले भन्नु पनि भएको छ - जतिबढी देश पछौटे अबस्थाको र उतार चढावयुक्त हुन्छ, इतिहासले के सही सावित गरेको छभने त्यो समाजमा समाजवादको आरम्भ र विकासगर्न पनि त्यत्ति नै कठीन हुन्छ। त्यस्तो देशले पूँजीवादी उत्पादनबाट समाजवादी उत्पादन सम्वन्धसम्म पुग्न लामो समय लाग्ने छ। यद्यपि लेनिन बढी बाँच्न पाएको भए सोभियत **बाँकी ७ पेजमा**

# नयाँ सरकारका नयाँ नीतिमा देखिएका कमजोरीहरु

अनुसा थापा

नयाँ सरकारका नयाँ नीतिमा देखिएका कमजोरीहरु देखिने गरेका छन्। जस्तो कसैले पसल सञ्चालनगर्न चाहेमा कम्पनी, फर्म, वडा वा नगरपालिकामा दर्ता गर्नुपर्ने प्रावधान छ। पसलको प्यान नम्बर पनि लिनुपर्छ। पसलमा कारोबार भएको रकम पसलकै नाममा रहेको बैंक खातामा जम्मा गर्नुपर्छ। व्यक्तिको नाममा भएको खाताबाट पसलको कारोबारगर्न मिल्दैन। रकम कारोबार चेकबाट गर्नुपर्ने, वार्षिक अडिट गर्नुपर्ने व्यवस्था छ। अडिटमा पसललाई नाफा भएको देखिएमा राज्यले कर पाउँछ, नत्र पाउँदैन। बजारमा सञ्चालित अधिकांश पसलको दर्ता छैन। भट्टीदेखि सैलुन, हाडवेयर पसल, खाजाघर, कपडा पसल, डेरीलगायत जुनसुकै व्यवसाय होस्, दर्ता भेटिँदैन। न कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता छ न प्यानमा। बिना दर्ता पसल सञ्चालन गरिएको अवस्था छ। जसका कारण राज्यको ढुकुटीमा राजश्व आएन।

पसल दर्ता नभएपछि घरधनीले राज्यलाई घरबहाल कर पनि तिर्नुपरेन। घरधनीले एउटा सटरको ठाउँ हेरेर १५ हजारदेखि २२ लाख रुपैयाँ असुलिरहेका छन्। तर, व्यवसायीले व्यवसायनै दर्ता नगरेपछि राज्यलाई घरबहाल कर आएन। कानूनमा वडामा दर्ता नगरिकन होर्डिङ्ग बोर्ड राख्न नपाउने व्यवस्था छ। पसलको दर्ता छैन तर बोर्डचाँहि राखेका छन्। अचम्मको कुरा के भने, दर्ता नभएपनि पसलैपिच्छे क्युआर छ। सोही क्युआरबाट पैसा ट्रान्सफर गरिन्छ। क्युआर पनि व्यक्तिको नाममा छ। सामान्य चिया पसलदेखि तरकारी पसलमासमेत क्युआर सिष्टम छ। ग्राहकले तिरेको पैसा पसलेको नाममा जान्छ। त्यसबाट राज्यलाई कर आउँदैन। क्युआरबाट कारोबारगर्दा न राज्यलाई कर आइरहेको छ न कानूनबमोजिम भ्याट बिलको व्यवस्था लागूभएको छ। पसल दर्ता र घरबहाल सम्झौता नहुँदा राज्यलाई ठूलो क्षति भइरहेको छ। तर, राज्यको यसतर्फ ध्यान जानसकेको छैन। दिनभरमा एउटा पसलेले १० हजारदेखि लाखौंको व्यापार गर्छन्। घरधनीहरुले पनि क्युआरकै प्रयोगगर्न थालेका छन्। पठाओलगायतका राइड सेयरिङमा पनि क्युआरकै बढी प्रयोग हुन्छ। तर, ती सबै व्यक्तिगत हुन्।

उनीहरुले आफ्नै बैंक खातामा सो रकम ट्रान्सफर गर्छन्। व्यापारी, घरधनी, पठाओवालाले कमाएका छन् तर राज्यले केही पाएको छैन। विद्वानहरु अहिले सरकारमा छन्। अर्थविद् डा स्वर्णिम वाग्लेले अर्थमन्त्रीको जिम्मेवारी निर्वाह गरिरहेका छन्। यद्यपि, उनमा पनि भिजन देखिएन। कहाँबाट कर उठाउने ? उनीसँग योजना छैन। नेपाल राष्ट्रबैंकका गर्भनर विश्व पौडेलसँग पनि राजश्व संकलनगर्ने आइडिया देखिएन। राजश्व उठाउने धेरै ठाउँ छन्। बस्, सरकारसँग भिजन हुनुपर्यो। घरधनी, पसल, पठाओबाट कर उठाउने हो भने वैदेशिक ऋण लिनुपर्ने बाध्यता नै आउँदैन। यहाँ कोही पनि राजश्व तिर्न चाहँदैन। राजश्व भन्नेबित्तिकै सबैको दाँतबाट पसिना आउँछ। तर, सेवासुविधाचाँहि चाहिने। तलब भत्ताचाँहि राज्यबाट बढी बढी खोज्ने। यसरी कसरी देश चल्छ। बाहिरी मुलुकले चर्को कर लगाएका छन्, त्यसैले त विकास सम्भव भएको छ। हामीकहाँ न्यून कर हुँदापनि कोही तिर्न चाहँदैन। घरबहाल कर तिर्नुपर्छ भनेर घरधनीले पसल दर्तागर्न दिँदैनन्। ग्राहक वा उपभोक्ता पनि राज्यले कर पाएको छ कि छैन ? हेर्दैनन्। व्यापारीलाई पैसा तिर्यो, सकियो। कर छली विगतदेखि हुँदैआएको थियो, क्युआर आएपछि झन् बढी भयो। देशभर दशौं लाखको संख्यामा पठाओले यात्रु बोक्छ।

राज्यले तिनबाट १० प्रतिशतमात्रै कर लिने व्यवस्थ मिलाउने हो भने राज्यको ढुकुटीमा कति पैसा जम्मा हुन्छ ? पठाओवाला मोटाइरहेका छन्, राज्य टुलुटुलु रमिता हेरेर बसिरहेको छ। सरकारले २०८२-८३ को बजेटमा १५ खर्ब ४० अर्ब ८४ करोड राजश्व उठाउने लक्ष्य लियो। बजेट भाषण आएको १० महिना भयो। राजश्व उठेको छ सात खर्ब, खर्च भएको छ १० खर्ब। राष्ट्रिय स्वतन्त्र पार्टी वैदेशिक ऋणको विपक्षमा थियो। ऋण लिनुहुन्न भनेर रास्वपाले चर्को विरोध गर्थ्यो। तर, रास्वपाको सरकार गठन भएको एक महिनामै दुईपटक ऋण लिइसकिएको छ। एकचोटि २८ अर्ब र एकचोटि ९५ अर्ब रुपैया वैदेशिक ऋण स्वीकृत गरिएको छ। एक जना नेपालीको टाउकोमा एकलाख रुपैयाँ ऋणको भार हो। ०७८ सालको जनगणनाअनुसार नेपालको जनसंख्या दुई करोड ९१ लख ६४ हजार ५७८ छ। सबैको थाप्लोमा ऋणको भारी छ। ऋणको वर्षेनि साँवाब्याज तिर्नुपर्छ। साँवाब्याज तिर्ने श्रोत के ? स्वास्थ्य बीमाको नाममा पाँचजनाको परिवारको ३५०० रुपैयाँ लिइयो। एक लाखभित्रको उपचारका निम्ति बीमा कार्यक्रम ल्याइएको थियो। सो रकम तिरेर करोडौंले बीमा गरे। बीमाको वर्षेनि नवीकरण गर्नुपर्थ्यो। सरकारले ४३ अर्ब रुपैयाँ दिन नसकेपछि अस्पतालहरुले बीमा बन्द गरेको छ। जनताको पैसा त डुब्यो। न तिनले पैसा फिर्ता पाउँछन् न उपचार नै। राज्यले नै कसरी जनता डुबाउँदो रहेछ ? भन्ने उदाहरण हो यो। यता, निर्माण व्यवसायीहरुले ४५ अर्ब रुपैयाँ पाएका छैनन्। जसका कारण उनीहरु आक्रोशित बनेका छन्। बाटो पुल भत्काइदिनेसम्मको चेतावनी दिइएको छ। कोरोना बीमा गर्दाको २४ अर्ब, दूध र उखु किसानको सातअर्ब रुपैयाँ दिन सकिएको छैन। तत्कालीन गृहमन्त्री सुधन गुरुङले हजारौं सिंहदरबार बनाउन सक्ने घोषणा गरेका थिए। भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा जलेको एउटै सिंहदरबार पुनःनिर्माणगर्ने श्रोत त जुटाऊ पहिले। एउटा बनाउन **बाँकी ७ पेजमा**

# साहित्य र सिर्जना

## बिभिन्न साहित्यकारहरु पुरस्कृत हुने

काठमाडौं। प्रज्ञा पुरस्कार ०८२ बाट १२ जना पुरस्कृत हुने भएका छन्। नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा हरेक वर्ष प्रदान गरिँदै आएको प्रज्ञा पुरस्कारअन्तर्गत प्रज्ञा पुरस्कार-०८२ बाट पुरस्कृत हुनेहरुको नाम हालै सार्वजनिक गरिएको छ। भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र र सामाजिकशास्त्रगरी बिभिन्न विधाबाट पुरस्कृतहरुको सूची प्रतिष्ठानले सार्वजनिक गरेको हो। यसपटकदेखि प्रज्ञा प्रादेशिक पुरस्कारसमेत प्रारम्भ गरेको प्रतिष्ठानले जनाएको छ। प्रतिष्ठानका सदस्य सचिव डा धनप्रसाद सुवेदीद्वारा जारी विज्ञप्तिअनुसार जनही एक लाख रुपैयाँ राशि रहेको प्रज्ञा पुरस्कार १२ जनालाई दिइनेभएको छ। जसमा समालोचनातर्फ प्रा डा अभि सुवेदी, भाषातर्फ प्रा मुकुन्दशरण उपाध्याय, सामाजिकशास्त्रतर्फ डा डम्बर चेम्जोङ, पद्य साहित्यतर्फ शैलेन्द्र साकार, संस्कृतितर्फ प्रा डा सोमप्रसाद खतिवडा बालसाहित्यतर्फ सुशीला प्रधानाङ्ग, गद्यसाहित्यतर्फ आहुति, दर्शनतर्फ ईश्वरचन्द्र ज्ञवाली, अनुवादतर्फ डा सर्वोत्तम श्रेष्ठ, अन्तर्देशीयतर्फ नरेश काङ्माङ राई (बेलायत), मातृभाषा (हिमाली पहाडी) तर्फ बुद्ध योञ्जन र मातृभाषा (मधेस तराई)तर्फ अमरेन्द्रकुमार यादवलाई प्रदान गरिने भएको छ। त्यसैगरी जनही ५० हजार रुपैयाँ राशिको रहेको प्रज्ञा प्रादेशिक पुरस्कार नेपाल प्रज्ञा-प्रतिष्ठानले पहिलोपटक सातजनालाई दिनेभएको छ। जसमा कोशीतर्फ मलिसा याक्थुम्बा लिम्बू (महेन्द्रकुमार नेम्वाङ), मधेस प्रदेशतर्फ मुना चौधरी, बागमती प्रदेशतर्फ शान्ति प्रिय बन्दना, गण्डकी प्रदेशतर्फ अनिल श्रेष्ठ, लुम्बिनी प्रदेशतर्फ क्षितिज मगर, कर्णाली प्रदेशतर्फ रमानन्द आचार्य, सुदूरपश्चिम प्रदेशतर्फ कर्ण दयाल सोडारीलाई प्रज्ञा प्रादेशिक पुरस्कार प्रदान गरिने भएको छ। उक्त पुरस्कारहरु आगामी १७ गते बिहीबार नेपाल प्रज्ञा-प्रतिष्ठानको सिद्धिचरण सभाकक्षमा आयोजना गरी प्रदान गरिने विज्ञप्तिमा जनाइएको छ। त्यसैगरी पूर्ब प्रधानमन्त्रि समेत रहनुभएका वरिष्ठ साहित्यकार लोकेन्द्रबहादुर चन्दलाई वसुन्धरा-मान प्रज्ञाप्रतिष्ठानले यसबर्षको वसुन्धराश्री पुरस्कार प्रदानगर्ने भएको छ। प्रज्ञाप्रतिष्ठानका कुलपति डा दुबसु क्षेत्रीका अध्यक्षतामा हालै बसेको बैठकले उक्त निर्णय गरेको हो। उत्कृष्ट आधुनिक कथा, नाटक र निबन्धको सिर्जनाद्वारा नेपाली साहित्यलाई सार्थक, समृद्ध र समुन्नत बनाई नेपाली वाङ्मयलाई वैभवशाली तथा गरिमामय बनाउन विशिष्ट योगदानगरी विश्व समुदायमा नेपाली भाषा र साहित्यको स्थान तथा पहिचान उच्च र अक्षुण्ण राख्न योगदान दिएकाले वरिष्ठ साहित्यकार चन्दलाई उक्त पुरस्कार प्रदानगर्ने निर्णय गरिएको प्रज्ञाप्रतिष्ठानका सदस्य-सचिव कृसु क्षेत्रीले जानकारी दिनुभएको छ। १९९७ सालमा बैतडीमा जन्मनुभएका वरिष्ठ साहित्यकार चन्दका विसर्जन, हिउँको तन्ना, बाह्रौं खेलाडी, अपराजिता र नेताका साथीलगायतका कृतिहरु प्रकाशित छन्। त्यसैगरी प्रज्ञाप्रतिष्ठानको बैठकले यसबर्षको मानश्री पुरस्कार बोधिसव स्वामी आनन्द अरुणलाई प्रदानगर्ने निर्णय गरेको छ। नेपाल तथा विश्वका बिभिन्न मुलुकमा योग, ध्यान र आध्यात्मिक दर्शन तथा साहित्यको विकास र विस्तारद्वारा नेपाली वाङ्मय तथा सभ्यताको उन्नयनमा महत्वपूर्ण योगदान दिएर विश्वसमुदायमा नेपाली अध्यात्म, दर्शन र सभ्यताको विशिष्ट स्थान, पहिचान तथा सम्मान अभिवृद्धिमा योगदान दिएकाले स्वामी आनन्द अरुणलाई उक्त पुरस्कार प्रदानगर्ने निर्णय गरिएको प्रज्ञाप्रतिष्ठान सदस्य-सचिव कृसु क्षेत्रीले जानकारी दिनुभएको छ। ००१ सालमा जनकपुरमा जन्मनुभएका आनन्द अरुणका अन्तरयात्रा, सन्तगाथा, सन्तदर्शन र अचम्म जे देखें मैले लगायतका कृतिहरु प्रकाशित छन्। आनन्द अरुणका कृतिहरु अंग्रेजी, हिन्दी, जापानी र रुसी भाषामा समेत अनुदित छन्। दुवै पुरस्कारको राशि जनही ७५ हजारसहित सम्मानपत्र रहेको छ।

## परालको आगो देशभर प्रदर्शनमा

काठमाडौं। चलचित्र परालको आगो देशभरका सिनेमाघरमा प्रदर्शनमा रहेको छ। लक्ष्मण सुनारको तेश्रो निर्देशकीय चलचित्र परालको आगो देशभरका सिनेमाघरमा सोलो प्रदर्शनमा आएको हो। आधुनिक कथाका प्रणेता मानिने गुरुप्रसाद मैनालीको नासो कथासंग्रहमा संग्रहित परालको आगो कथाबाट प्रेरित भएर बनेको सोही नामको चलचित्र हो यो। गीतदेखि टिजर-ट्रेलरसम्मले दर्शकमा बढाएको कौतुहलता र बलियो स्टारकाष्टका कारण चलचित्रले घरेलु बक्स अफिसमा सुखद् व्यापारगर्ने अपेक्षा गरिएको छ। दुईघण्टा १५ मिनेट रनटाइम तयभएको उक्त चलचित्रले सेन्सर बोर्डबाट युनिभर्सल सर्टिफिकेट समेत पाइसकेको छ। गीतदेखि टिजर-ट्रेलरसम्मले दर्शकमा बढाएको कौतुहलता र बलियो स्टारकाष्टका कारण चलचित्रले घरेलु बक्स अफिसमा सुखद व्यापारगर्ने अपेक्षा गरिएको छ। चलचित्रले सेन्सर बोर्डबाट युनिभर्सल सर्टिफिकेट (सबै उमेर समूहले हेर्न मिल्ने) पाएको छ। ०८१ सालमा राष्ट्रिय अवार्ड जित्न सफल चलचित्र बुलाकीपछि सुनारको निर्देशनमा आएको यो चलचित्रले दुई विवाहित जोडीको कथा प्रस्तुतगरेको छ। चलचित्रलाई देशभरका सिनेमाघरहरुले पर्याप्य शोज उपलब्ध गराएका छन्। सो चलचित्रका लागि अब सबैभन्दा ठूलो चुनौती प्राप्त शोजलाई अकुपेन्सीमा बदल्नु हो। त्यसका लागि चलचित्रले दर्शकीय प्रतिक्रिया सकारात्मक पाउनुपर्नेछ। चलचित्रको व्यावसायिक भविष्य पनि यसलेनै निर्धारण गर्नेछ। सोलो रिलिज र शनिबार-आइतबारको विदाका कारण चलचित्रलाई व्यापारिक रुपमा भने अनुकूल अवस्था देखिएको छ। दुईघण्टा १५ मिनेट रनटाइम तयभएको उक्त चलचित्रमा सौगात मल्ल, प्रकाश सपुत, सुहाना थापा, सिर्जना अधिकारी, शंकर आचार्य, किशोर भण्डारी, ज्याक श्रेष्ठ, सरिता भण्डारी, रेणु न्यौपाने, मञ्जिला बानियाँलगायतका कलाकारको अभिनय रहेको छ। हरिॐ सिने मेकर्सका सुशील पोखरेलको लगानी रहेको यस चलचित्रमा सुशील देवकोटाले पटकथा तथा संवाद लेख्नुभएको छ। संकल्प भुजेलको छायांकन, मिलन श्रेष्ठको सम्पादन, रामजी लामिछानेको नृत्य निर्देशन, किरण तुलाधरको पार्श्व संगीत तथा शान्ति ठटाल, सत्य स्वरुप र प्रकाश सपुतको संगीत चलचित्रमा समावेश छ।

## गन्तव्य कर्णाली अभियानको थालनी

काठमाडौं। चलचित्र महोत्सवमार्फत गन्तव्य कर्णाली अभियानको थालनी भएको छ। घुमौं कर्णाली, हेरौं कर्णालीभन्ने नारासहित कर्णाली अन्तराष्ट्रिय चलचित्र महोत्सवमार्फत गन्तव्य कर्णाली अभियान थालनीगरिएको हो। सुर्खेतको वीरेन्द्रनगरमा गतसाता बिहीबार आयोजित एक पत्रकार सम्मेलनमार्फत महोत्सव निर्देशक चक्रबहादुर चन्दले चलचित्रको माध्यमबाट नेपाली चलचित्रको प्रवर्द्धन र विकाससँगै कर्णालीमा चलचित्र पर्यटनको सम्भावनालाई उजागरगर्ने एवं जलवायु परिवर्तनसम्बन्धी जनचेतना फैलाउने उद्देश्यकासाथ तेश्रो कर्णाली अन्तराष्ट्रिय चलचित्र महोत्सव-०८३ आयोजनागर्न लागिएको जानकारी दिनुभएको थियो। उहाँले तेश्रो कर्णाली अन्तराष्ट्रिय चलचित्र **बाँकी ७ पेजमा**

# बिद्युतीकरण मा नीतिगत एवं व्यवस्थापकीय सुधारको सन्दर्भ

नारायण ज्ञवाली

साझा मञ्च

ऊर्जा क्षेत्रजस्तो दीर्घकालीन प्रभाव पार्ने क्षेत्रमा समन्वय, निरन्तरता र स्पष्ट नीति दिशा अपरिहार्य छ। दिगो ऊर्जा विकासका लागि संस्थागत स्थिरता, उत्तरदायी कार्यान्वयन र बहुपक्षीय सहकार्य अपरिहार्य आधार हुन्। यी तत्वलाई केन्द्रमा राख्दा विश्वास निर्माण हुन्छ र दीर्घकालीन प्रगति सुनिश्चित हुन्छ। नेपालमा जलबिद्युत उत्पादनको इतिहास एक शताब्दीभन्दा बढी (११४ वर्ष) पुरानो भए पनि अझैसम्म पूर्ण बिद्युतीकरण हासिल हुनसकेको छैन।

विशेषगरी ग्रामीण क्षेत्रमा सामुदायिक बिद्युतीकरण मार्फत उज्यालो नेपाल बनाउने अभियानमा सामुदायिक संस्थाहरुले खेलेको भूमिका अत्यन्तै महत्त्वपूर्ण र प्रशंसनीय छ तर पनि बिद्युतसम्बन्धी स्पष्ट तथा सुदृढ कानुनको अभाव, संघीय संरचना अनुसार प्रभावकारी विकेन्द्रीकरण हुन नसक्नु, गुणस्तरीय, नियमित र सर्वसुलभ बिद्युत सेवा सबै नागरिकसम्म पुग्न नसक्नुजस्ता चुनौतीहरु अझै विद्यमान छन्। जलश्रोतमा सम्पन्न राष्ट्र भएर पनि जलबिद्युतमा आत्मनिर्भर हुन नसक्नु हाम्रो प्रमुख कमजोरीका रुपमा रहेको छ। नेपाल सरकारले ०६० सालदेखि प्रारम्भ गरेको सामुदायिक बिद्युतीकरण कार्यक्रम समुदायको आर्थिक सहभागिता तथा प्रत्यक्ष संलग्नतामा आधारित एक सफल नमूना कार्यक्रमका रुपमा स्थापित भएको छ। नेपाल बिद्युत प्राधिकरणअन्तर्गत सामुदायिक ग्रामीण बिद्युतीकरण विभागमार्फत कार्यान्वयन र समुदायबाट व्यवस्थापन भइरहेको यो कार्यक्रम हालसम्म ५५ जिल्लामा ३०२ वटा संस्थामार्फत करिब छ लाख घरधुरीमा बिद्युत सेवा विस्तार गरिएको छ। संरचना निर्माणमा समुदायको प्रत्यक्ष संलग्नतासहित दुई अर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको छ। यसरी समुदायको स्वामित्व र सहभागितामा सञ्चालन भएको यो कार्यक्रम नेपालकै एक उत्कृष्ट तथा अनुकरणीय नमूना कार्यक्रमकारुपमा स्थापित भएको छ।

सामुदायिक बिद्युतीकरण कार्यक्रमले ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा बिद्युत पहुँच विस्तारमात्र होइन, स्थानीय आर्थिक तथा सामाजिक विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याएको छ। कार्यक्रममार्फत तीन हजारभन्दा बढी प्रत्यक्ष तथा तीन हजार ५०० भन्दा बढी अप्रत्यक्ष रोजगारी स्थानीयस्तरमै सिर्जनाभई व्यवस्थापन गरिएको छ। साथै, स्थानीय सहभागितामार्फत बिद्युत चुहावट नियन्त्रण, सेवा गुणस्तर सुधार तथा सरल, सहज र प्रभावकारी घरदैलो सेवा प्रवाह सुनिश्चित गरिएको छ। उज्यालो नेपाल अभियानमा समेत यस कार्यक्रमको विशेष योगदान उल्लेखनीय रहेको छ। यसै सन्दर्भमा, देशभर सामुदायिक बिद्युतीकरण कार्यक्रम सञ्चालन गरिरहेका सामुदायिक संस्थाहरुको छाता संस्थाको रुपमा सामुदायिक बिद्युत उपभोक्ता राष्ट्रिय महासंघ, नेपाल क्रियाशील रहेको छ। महासंघले सामुदायिक संस्थाहरु, नेपाल सरकार, नेपाल बिद्युत प्राधिकरण तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाहरुबीच समन्वय कारी भूमिका निर्वाह गर्दै सहकार्य, सहजीकरण तथा अनुभव आदान-प्रदानको प्रभावकारी पुलकारुपमा कामगर्दै आएको छ। यस संस्थामार्फत सामुदायिक बिद्युतीकरण कार्यक्रमलाई थप व्यवस्थित, दिगो र प्रभावकारी बनाउने दिशामा महत्वपूर्ण योगदान पुगिरहेको छ। तथापि, यस कार्यक्रमले नीतिगत, कानूनी तथा व्यावहारिक तहमा विभिन्न चुनौतीहरु भोग्दै आएको अवस्था विद्यमान छ। यस सन्दर्भमा, सामुदायिक बिद्युतीकरण कार्यक्रमको जग दिगो विकास तथा प्रभावकारी सञ्चालनका लागि निम्न विषयहरुमा नीतिगत तथा बजेटीय व्यवस्थापन आवश्यक रहेको छः

**नीतिगत तथा कानूनी स्पष्टताः** सामुदायिक बिद्युतीकरण कार्यक्रमलाई स्पष्ट कानूनी आधार प्रदानगर्दै विकेन्द्रित प्रणालीमार्फत सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने व्यवस्थागर्न आवश्यक रहेको छ। जसका लागि बिद्युत ऐन पटक,पटक संसद्मा प्रवेश गरेता पनि हाल विचाराधीन रहेको छ।

**विनियमावली संशोधनः** हाल सञ्चालनमा रहेका सामुदायिक बिद्युतीकरण सम्बन्धी विनियमहरुलाई समयानुकूल परिमार्जन गरी सरोकार वालाहरु तथा बिद्युत महासंघको सहभागितामा आवश्यक संशोधन गर्नुपर्नेछ। नेपाल बिद्युत प्राधिकरणमा सामुदायिक बिद्युत विनियमावली संसोधनगर्न कार्यदलको गठन भएता पनि कार्य अधिबढ्न सकेको छैन।

**बिद्युत महसुल संरचनाः** व्यावहारिक, पारदर्शी र न्यायोचित महसुल प्रणाली निर्माण गरी समुदायका उपभोक्ता हरुलाई सहज सेवा सुनिश्चित गर्नुपर्छ र सामुदायिक संस्था पनि दिगो रुपमा सञ्चालन हुनसक्ने प्रकारको महशुल संरचना आवश्यक छ। पटक,पटक विज्ञ प्रतिवेदन, सामुदायिक संस्थाको माग, अन्तरक्रिया छलफल भएता पनि महशुलमा पुनरावलोकन हुनसकेको छैन। बिद्युत विक्री दर भन्दा खरिद दर महँगोहुँदा कृषि तथा खानेपानीमा समस्या छ, साथै सेवा शुल्क अन्यायपूर्ण छ।

**बजेट तथा लगानी सुनिश्चितताः** कार्यक्रमलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन पर्याप्त बजेट व्यवस्थागरी प्रणाली सुदृढीकरण तथा ऊर्जा उपयोगलाई प्रोत्साहनगर्न आवश्यक छ। सामुदायिक संस्थाहरुले प्रणाली सुदृढीकरणगर्न १० प्रतिशत सहभागिता रकमसहित प्रस्ताव पेशगरेका छन्। नेपाल सरकारबाट विनियोजित वजेटको अभावमा काम हुनसकेको छैन, जसबाट समुदायमा गुणस्तरीय बिद्युत प्रवाहगर्न समस्या परेको छ।

**निर्माण तथा व्यवस्थापन प्रणालीः** साना-ठूला निर्माण कार्यहरुमा स्थानीय उपभोक्ताको सहभागिता बढाई छिटो, गुणस्तरीय र प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनु आवश्यक छ। विद्यमान सार्वजनिक खरिद ऐनले दिएको सीमाभित्र उपभोक्ताहरुलाई निर्माण कार्यमा सहभागी बनाउनु आवश्यक छ। यस सम्बन्धमा ट्रान्सफर्मर अपग्रेड लगाएतका साना कामहरुमा निर्माण व्यवसायीको प्राथमिकता नरहने, पटक, पटक बोलपत्र आह्वानगर्दा समेत निर्माण व्यवसायी तयार नहुनेगर्दा ससाना कामहरु उपभोक्ता समितिमा रहेको जनशक्तिको मूल्यांकनको आधारमा तय गरी गुणस्तर नियन्त्रणको काम प्राधिकरणबाट हुनेगरी गरिनु अपरिहार्य छ।

**सामुदायिक लगानीको मान्यताः** समुदायले बिद्युत संरचना निर्माणमा गरेको लगानीलाई हालसम्म प्राधिकरणमा पूँजीकरण गरिएको भएतापनि समुदायको स्वामित्वको स्पष्ट मान्यता नपाएको अवस्थामा उक्त लगानीलाई औपचारिक रुपमा मान्यता दिई संस्थागत स्वामित्व सुनिश्चितगर्ने नीति आवश्यक छ। समुदायले बिद्युत सहकारी संस्थामा शेयरकारुपमा लगानीगरेको, लगानी गरेको रकम प्राधिकरणमार्फत बिद्युत संरचनामा खर्चभई प्राधिकरणले पुँजीकरण गरेको अवस्थामा समुदायले सहकारीमा जम्मा गरेको रकमले थप विवाद सिर्जना गरेकोले समुदायबाट लगानी गरेको रकमलाई प्राधिकरणले उत्पादन कम्पनीहरुमा शेयरको रुपमा राखी समुदायको लगानीको सुनिश्चितता गरिनु आवश्यक छ। नेपाल सरकारले अघिसारेको सुशासनको मार्गचित्रलाई व्यवहारमा उतार्दै सामुदायिक बिद्युतीकरण क्षेत्रमा देखिएका समस्या हरुको समाधान तथा यसको प्रभावकारिता वृद्धि गर्न नीतिगत, कानूनी तथा बजेटीय तहबाट आवश्यक पहल गर्नुपर्ने हुन्छ।

यसबाट ग्रामीण तथा दुर्गम क्षेत्रका करिब १५ प्रतिशत नागरिकले गुणस्तरीय, भरपर्दो र सुलभ बिद्युत सेवा प्राप्त गर्नेछन्। यस नवीन राजनीतिक परिवेशमा, जनताको नयाँ जनादेशसहित सरकार निर्माण भइरहेको सन्दर्भमा विगतका सकारात्मक पहलहरुलाई निरन्तरता दिँदै कमजोरीहरु सुधार गरी स्पष्ट मार्गचित्रका साथ अगाडि बढ्न आवश्यक छ। वर्तमान सरकारबाट देशमा सुशासन, दिगो विकास र स्थायी शान्ति स्थापनागर्दै आम नेपालीले प्रत्यक्ष महसुश गर्नेगरी प्रभावकारी सरकारी सेवा प्रवाह हुन सकोस् भन्ने अपेक्षा गरेका छन्। आयातित बिद्युतबाट लोडसेडिङको अन्त्य गरिएको, सामुदायिक संस्थाहरुको काम चलाउ विद्युतिकरण संरचनाको भरमा बिद्युत पहुँच ९८ प्रतिशत पुऱ्याइएको, आधारहिन आधारमा बिद्युत महशुल छुटगरी बिद्युतको उपभोगलाई पहुँचयोग्य बनाइएको भनिएको भएपनि प्रयाप्त उत्पादन, भरपर्दो प्रसारण लाइन र बिद्युतीकरण , सबैका लागि वास्तविक पहुँच र वैज्ञानिक शुल्क निर्धारण आज पनि चुनौतीको विषय हुन्। यी चुनौतीहरुको समाधानतर्फ पनि वर्तमान सरकारबाट ठोस पहल हुने अपेक्षा गरिएको छ। नेपालमा सशस्त्र द्वन्द भई विकास निर्माण तथा कर्मचारीहरु ग्रामीण क्षेत्रमागई सेवा दिन र बिद्युत विस्तारगर्न नसकेको अवस्थामा सामुदायिक संस्थामार्फत सामुदायिक बिद्युतीकरणगरी पूर्ण बिद्युतीकरणगर्न सहयोगी भूमिका खेलेका सामुदायिक संस्थाहरुलाई अबमूल्यन होइन, राज्यबाट उचित मूल्यांकनगरी यस कार्यक्रमको **बाँकी ७ पेजमा**

# नेपालमा देखिएको कृत्रिम मूल्य बृद्धि र समाधानका कुरा

रुषा थापा

नेपालमा बिभिन्न समयमा बिभिन्न सन्दर्भलाई देखाएर कृत्रिम तवरले मूल्य बढ्ने गरेको छ। तर त्यसको यथा समयमा नियन्त्रण हुने गरेको छैन। ८१ लाख ६७ हजार सर्वसाधारणले सेयरमा लगानी गरेका छन्। बैंक, वित्तिय संस्था, हाइड्रोपावर, इन्स्युरेन्सलगायत कम्पनीले प्रतिकित्ता १०० रुपैयाँमा निष्काशन गरेको सेयरमा आम नागरिकले कित्ताकै ४५ सयसम्म लगानी गरेका छन्। उनीहरुसँग १०० देखि हजारौं कित्ता सेयर छ। विभिन्न बैंकले सेयर धितो राखेर एकखर्ब ५७ अर्ब कर्जा प्रवाह गरेका छन्। सेयर बैंक, वित्तिय संस्था, जलबिद्युत, बीमा कम्पनीहरुले नै १०० रुपैयाँ कित्तामा निष्काशन गर्ने गर्दछन्। ५५ देखि ६० ठूला सेयर खेलाडी ( दलाल) हरुले यो सेयरको कृत्रिम मूल्य बढाउँदै २८ सयदेखि ४५ सयसम्ममा बेचे। रोचक कुरा चाँहि ४५ सयमा सेयर किनबेचहुँदा राज्यको ढुकुटीमाभने जम्मा १०० रुपैयाँको राजस्व जान्छ। पछिल्लो समय सेयरको मूल्य लगातार घट्दो छ।

४५ सयमा किनिएको सेयर २८ सयमुनि झरिसक्यो। मूल्य झनै घट्ने देखिन्छ। तर, यही सेयरमा बैंक, वित्तिय संस्थाले खर्बौ कर्जा प्रवाह गरेका छन्। त्यो पनि कित्तामै २५ सय रुपैयाँसम्म। केही वर्षअघि सेयर कित्ताको झण्डै १७ सयमा झरिसकेको थियो। तर, दलालहरुले फेरि मूल्य बढाई जनता डुबाए। अबको केही समयमै सेयर १०० रुपैयाँ कित्तामासमेत नबिक्ने बजारमा व्यापक चर्चा छ। यसले जीवनभरको कमाई, पुर्ख्यौली सम्पत्ति बेचेर सेयरमा लगानी गरेकाहरु चिन्तित छन्। सेयरको मूल्य घटेमा उनीहरु त सडकमै आइपुग्छन्। सँगै बैंक पनि टाट पल्टिनेछ। सेयरम बैंकको एक खर्ब ५७ अर्ब कर्जा लगानी छ। सेयरको मूल्य घट्नेबित्तिकै ऋणीहरुले कर्जा तिर्दैनन्।

उनीहरु सेयर जफतगर्न हात उठाइहाल्छन्। अनि कित्तामै २५०० लगानी गरेको सेयर १०० रुपैयाँमा झरेपछि बैंकले कसरी कर्जा उठाउने ? कर्जा उठाउन नसक्नेबित्तिकै बैंक डुबिहाल्छ र बैंक डुब्नुभनेको जनता डुब्नुसरह हो। किनकि बैंकमा राखिएको रकम जनताको हो। बैंकले कर्जा दिएको रकम पनि जनताकै हो। हिजो सहकारी, लघुवित्त र फाइनान्स डुब्दा करोडौं सर्वसाधारण डुबे। उनीहरुको आँसु अझै सुकेको छैन। द्वदुःख, सुखमा काम लाग्छ भनि जीवनभर विदेशमा बसि कमाएको, स्वदेशमै दिनरात मेहेनत गरेर कमाएको वा पुर्ख्यौली सम्पत्ति बेचेर आएको रकम मानिसहरुले ब्याजको प्रलोभनमा सहकारीमा राखे। अहिले उनीहरु पछुताउन अलावा कुनै विकल्प छैन। किनकि सहकारी सञ्चालक, अध्यक्ष, कर्मचारीहरु त भागिहाले। उनीहरु कहाँ पुगे ? बचतकर्तालाई थाहा छैन।

सरकार खोज्दैन। यही संकट बैंकमा पनि देखिन थालिसक्यो। किनकि सहकारीजसरी बैंकको पनि लगानी घरजग्गा, गाडी, सेयरमै छ। सेयरको मूल्य लगातार घट्दो छ भने घरजग्गा कारोबारमा पाँच वर्षयता व्यापक मन्दी छ। पेट्रोलियम सवारीसाधन त अब कामै नलाग्ने देखिँदैछ। पेट्रोल-डिजेल नै नभएपछि त्यो गाडी के गर्नु ? त्यसैले, वित्तिय संस्थाजसरी बैंकको पनि चाँडे डुब्ने दिन आउँदैछ। तर, त्यसअघि सरकारले घरजग्गा, गाडी र सेयर दलालहरुलाई समात्न जरुरी छ। जनता डुबाउने, राज्यलाई कर छल्ने यी दलालहरुलाई समातेर जेल कोच्नुपर्छ। यीनीहरुकै कारण आज करोडौं सर्वसाधारण डुबेका छन्। विलासित वस्तुमा लगानीगर्न उकास्दा मुलुकमा कृषि, उद्योग, कलकारखाना पछि धकेलियो। पाँच दशकअघि खाद्यान्नमा आत्मनिर्भर नेपाल अहिले परनिर्भर बन्नुपरेको छ। विदेशीले खाद्यान्न नपठाए हामी नेपाली भोकभोकै मर्नुपर्छ। देशभित्रका सबै खेतीयोग्य जमिन घर बनाएर सिद्धाइयो। छिमेकीलाई धनी बनाइयो, हामी चाँहि धेरै पछि धकेलियौं। हुँदाहुँदै मुलुककै अर्थतन्त्रसमेत धरापमा पारियो। त्यसैले, जनता लुट्ने अनि देशलाई कंगाल बनाउने दलालहरुलाई समात्न अब सरकारले ढिलो गर्नुहुन्न। यी दलालहरुसँग खर्बौको सम्पत्ति छ। देश र जनता लुटेर उनीहरुले आफ्नो बिसौं पुस्तालाई पुग्ने सम्पत्ति जोडेका छन्। अब सरकारले त्यस्तो सबै सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ। र, त्यही सम्पत्तिबाट विदेशी ऋण तिर्नुपर्छ। खर्च धान्नुपर्छ र विकास गर्नुपर्छ। भूमाफियाहरुले सरकारी कर्मचारी, राजनीतिक दलका नेता, कानून व्यवसायीलाई हातामा लिई सार्वजनिक, गुठी, ऐलानी, मठमन्दिर, तालतलैया, पोखरी, वनजंगल, हदबन्दी बढी, इनार, ढुंगेधारा, राजकुला, टुकुचा, कुँवा, राजपरिवार, खोलानाला लगायतको जग्गा सबै व्यक्तिका नाममा दर्ता **बाँकी ७ पेजमा**

# समाचार विविध

## प्रधानमन्त्रिकै जिल्लामा सरकारी जग्गा अलपत्र परेको अवस्था

काठमाडौं। प्रधानमन्त्रि बालेन्द्र शाहको गृहजिल्ला महोत्तरीको सदरमुकाम जलेश्वरमै सरकारी जग्गा अलपत्र परेको थाहा भएको छ। प्राप्त समाचारअनुसार अन्तराष्ट्रियस्तरको मणिपाल इन्जिनियरिङ कलेज बनाउने भन्दै ३२ वर्षअघि किसानसँग खरिद गरिएको ३५ बिघा जग्गा अलपत्र परेको हो। कलेज निर्माण र सञ्चालनका लागि जग्गा बेचेका बजराही, रतबारा, बखरी र जलेश्वर किसानले अब त्यहाँ मणिपालले इन्जिनियरिङ कलेज नबनाउने होभन्ने त्यहाँ लगाइएका तारबार काटेर आफूहरुले जोतभोगगर्ने चेतावनी दिएका छन्। जलेश्वर-बर्दिबास सडकखण्डमा पर्ने जलेश्वर नगरपालिका-१, ७ र ८ मा रहेको सो जग्गा खरिदगरी तारजालीले घेरेको तीन दशक बितिसकेको छ। तीनवटै वडाका सयौं किसानका अन्नभण्डार मानिएको जग्गा कलेजका लागि भनेर सस्तो दाममा बिक्री गरेको भएपनि प्रयोगविहीन भएपछि जंगलमा परिणत हुनलागेको छ। त्यहाँका राजनीतिक दलका नेता, कार्यकर्ता र निर्वाचित जनप्रतिनिधिलाई सो जग्गाप्रति कुनै सरोकार नभएको स्थानीयवासीको गुनासो छ। मणिपाल इन्जिनियरिङ कलेज एन्ड टेक्नोलोजीभन्ने अन्तराष्ट्रियस्तरको कलेज सञ्चालनका लागि स्थानीय किसानले प्रतिकट्ठा मात्र १० हजार रुपैयाँका दरले बिक्री गरेका थिए। इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, मेकानिकल, सिभिल र कम्प्युटरगरी पाँच विषयको पढाइ हुने इन्जिनियरिङ कलेज सञ्चालन हुने भनेपछि जलेश्वर नगरपालिकाभित्रका जलेश्वर, बजराही, रतबारा, बखरी गाउँका किसानले आफ्नो उब्जाऊ खेत सस्तो दरमै बिक्री गरेका थिए। मणिपाल एजुकेसन ग्रुपले जग्गादाता प्रत्येक किसानका एक सन्तानलाई निःशुल्क इन्जिनियरिङ पढाउने र रोजगारी दिने वचनबद्धतागरी सस्तो दाममा जग्गा किनेको स्थानीय दानीकान्त पाठकले बताउनुभएको छ। शिक्षाको हब बन्ने प्रलोभनमा पारेर कौडीको भाउमा यहाँका किसानले जग्गा बेचेको तीन दशक बितिसक्दा पनि कलेज निर्माण तथा सञ्चालनको कुनै आधार नदेखिएको जग्गा बिक्रेता किसान हरिशचन्द्र ठाकुरले बताउनुभएको छ। प्रस्तावित मणिपाल इन्जिनियरिङ कलेज हरेक निर्वाचनमा महोत्तरी निर्वाचन क्षेत्रनं ३ का उम्मेदवारहरुको प्रमुख एजेन्डा बन्ने गर्छभने निर्वाचनपश्चात त्यो विषय हराउने गरेको छ। जुन, हालै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा पनि पुनरावृत्ति भएको स्थानीय बताउँछन् । भारतको बैंगलोरमा प्रमुख कार्यालय रहेको मणिपाल एजुकेसन ग्रुपले ०५१ सालमा नेपाल सरकारसँग महोत्तरीको सदरमुकाम जलेश्वरमा इन्जिनियरिङ कलेज सञ्चालन गर्ने सम्झौता गरेको थियो। हाल बतास समूहअन्तर्गतको बापो होल्डिङ्सद्वारा सञ्चालित मणिपाल एजुकेसन तथा मेडिकल ग्रुपले सो जग्गा ओगटेर राखेको छभने अझै पनि त्यस जग्गामा इन्जिनियरिङ कलेज सञ्चालनका लागि कुनै काम अगाडि बढाइएको छैन।

## एकसाथ सम्पत्ति शुद्धिकरण र भ्रष्टाचारको मुद्धा

काठमाडौं। एकसाथ सम्पत्ति शुद्धिकरण र भ्रष्टाचारको मुद्धा चलाउन थालिएको छ। अख्तियार दुरुपयोग अनुसनधान आयोगले भ्रष्टाचार र सम्पत्ति शुद्धिकरण गरेको अभियोगमा पुरातत्व विभागका तत्कालीन सिनियर डिभिजनल इञ्जिनियर पूर्णबहादुर श्रेष्ठ र सहायक पथप्रदर्शक देउकला अधिकारी विरुद्ध विशेष अदालतमा मुद्धा दायर गरेपछि हलचल भएको छ। निर्माण सेवाका सञ्चालक तथा सम्वद्ध संयुक्त उपक्रमहरुको बैंक खाताबाट देउकला अधिकारीको नाममा रहेको बैंक खातामा रकम जम्मा गराएको पाइएको छ। आयोगकाअनुसार त्यसरी प्राप्तभएको घुस रकमबाट संयुक्तरुपमा सम्पत्ति खरिद गरेको पाइएको छ। पूरातत्व विभागका तत्कालीन सिनियर डिभिजनल इञ्जिनियर श्रेष्ठ र सहायक पथप्रदर्शक अधिकारी विरुद्ध समान चार करोड २२ लाख ७५ हजार ९८५ बराबरको बिगो दावीगर्दै मुद्धादायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभएको छ। निर्माण सेवा प्रालिले एकल वा संयुक्त उपक्रममा समावेशभई विभागले गरेको ठेक्का सम्झौतामध्ये कुल ६४ करोड २१ लाख ८९ हजार बराबरको ठेक्कामा चार करोड २२ लाख ७५ हजार, ९८५ बराबरको रकम घुस लिएको आयोगको दाबि छ। भ्रष्टाचार गरेर आर्जन गरेको रकमबाट आपसी मिलेमतो र योजनामा जग्गा एबं सुन खरिदगरेको तथा बिभिन्न व्यक्तिलाई भुक्तानीसमेत गरेको पाइएको आयोगले जनाएको छ। गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्ति लुकाउने रुपान्तरण तथा हस्तान्तरण गर्ने गराउने कार्य गैरकानूनी कार्य भएको ठहर गरिएको छ।

## सम्पत्ति छानबिन आयोगले काम थालेपछि

काठमाडौं। सम्पत्ति छानबिन आयोगले काम थालेपछि सबैतिर हलचल भएको छ। सरकारले गठन गरेको सम्पत्ति छानबिन आयोगले गतसाताबाट औपचारिक रुपमा कार्य प्रारम्भ गरेको हो। गत दुईगतेको मन्त्रिपरिषद् बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा पाँच सदस्यीय आयोग गठन गरेको थियो। सो आयोगको गठन गत चैत १३ गतेको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीहरुको बुँदानम्बर ४३ मा उल्लिखित भ्रष्टाचारविरोधी प्रतिबद्धताअनुरुप भएको हो। हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोगका लागि आवश्यक ३२ कर्मचारीको छनोट (स्क्रिनिङ) गरिरहेको बताईएको छ। आयोगको कार्यालय केशरमहलमा स्थापना गरिएको छ। आयोगका नवनियुक्त अध्यक्ष भण्डारीले गतसाता बुधबार कायममुकायम (कामु) प्रधानन्यायाधीश सपना प्रधान मल्ल समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभएको थियोभने अन्य सदस्यहरु तत्कालीन पुनरावेदन अदालतका पूर्वमुख्यन्यायाधीश पुरुषोत्तम पराजुली, उच्च अदालतका पूर्वन्यायाधीश चण्डीराज ढकाल, पूर्वप्रहरी नायब महानिरीक्षक गणेश केसी र चार्टर्ड अकाउण्टेन्ट प्रकाश लम्सालललाई अध्यक्ष भण्डारीले शपथ गराउनुभएको हो। जाँचबुझ ऐन-०२६ बमोजिम कार्यसम्पादनगर्ने जिम्मेवारी पाएको यस आयोगको कार्यसम्पादन शर्त ( टिओआर) समेत स्वीकृत भइसकेको छभयस्। एक वर्षको कार्यकाल तोकिएको यस आयोगले सार्वजनिक पदमा रहेका, सेवानिवृत्त भएका वा पदबाट हटिसकेका पदाधिकारी र तिनका परिवारको नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण संकलनगरी सूक्ष्म जाँचबुझ गर्नेछ। आयोगले कुनै पनि व्यक्तिको अनुसन्धान सम्पन्न हुनासाथ प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने प्रावधान रहेको छ, जसलाई सरकारले ४५ दिनभित्र अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्नेछ। आयोगले पूर्णरुपमा स्वतन्त्र, निष्पक्ष र **बाँकी ७ पेजमा**

## सम्पति...

व्यावसायिक ढङ्गले कार्य गर्ने प्रतिबद्धता जनाउँदै कसैको दबाब वा प्रभावमा नपरी जिम्मेवारी पूरा गर्नुपर्नेछ। आयोगले लिखित, मौखिक, बिद्युतीय माध्यम, सामाजिक सञ्जाल वा अन्य जुनसुकै माध्यमबाट पनि उजुरी संकलन गर्नेछ। कार्य सम्पादनको सिलसिलामा आयोगले आवश्यकताअनुसार बिभिन्न क्षेत्रका विज्ञको सल्लाह लिन सक्ने प्रावधान राखिएको भए पनि स्वार्थको द्वन्द भएका विज्ञलाईभने आमन्त्रणगर्न नपाइने कडा शर्त तय गरिएको छ।

## नेपालमा...

गराए। यतिमात्र होइन, देशभरका खेतीयोग्य वा उब्जनी हुने जमिन प्लटिङ गरेर बेचे। रोपनीको दश हजारमा नबिक्ने यस्ता जमिन टुक्राटुक्रा पारी आनाकै २५ लाखदेखि करोडौंमा बेचिएको छ। सुन ०२२ सालसम्म प्रतितोला ८० रुपैयाँ थियो। तर, केही महिनाअघि यही सुन तोलाकै चारलाखमा बेचियो। अहिले एउटै व्यक्ति वा परिवारसँग दशदेखि सयौं तोला सुन छ। तर, सुन कहिकतै दर्ता हुँदैन। न त यो राखेबापत राज्यलाई राजस्वनै तिर्नुपर्छ। यसले सुन कालोधन लुकाउने राम्रो माध्यमसमेत बनिआएको छ। पाँच रुपैयाँ किलोमा नबिक्ने फलाम, सिसा, प्लाष्टिक, रबर, कपडा, फर्मबाट सवारीसाधन बन्छ। छिमेक भारत र चीनले यसैबाट गाडी बनाई नेपाललाई बेचे। अझ अटो शोरुमहरुले एकदेखि दशलाखमा ल्याइएको सवारीसाधन अढाई लाखदेखि २४ करोडसम्ममा बेचे। फेरि यही घरजग्गा, गाडी, सेयर धितो राखेर एउटै व्यक्तिले अर्बौंदेखि खर्बौं कर्जा लिएका छन्। व्यवसायी मीनबहादुर गुरुङ, शेखर गोल्छा, चन्द्रप्रसाद ढकाल, चौधरी ग्रुप, विशाल ग्रुप, दुर्गा प्रसाईं, एमाले नेता महेश बस्नेत, कांग्रेस नेता दीपक खड्कालगायतले यस्तै कमसल धितो राखेर बैंकबाट अर्बौं-खर्बौं ऋण लिएका छन्। सहकारीबाट ६३ लाख, लघुवित्तबाट २७ लाख, बैंकबाट २२ लाखले कर्जा लिएका छन्। बैंक, वित्तिय संस्थाका सञ्चालक, अध्यक्षहरुले १० देखि २० प्रतिशतसम्म घुस खाई कर्जा दिए। एक प्रतिशत सेवाशुल्कभनी तीन प्रतिशत र १२ देखि १८ प्रतिशत ब्याजभनी ४८ देखि ८० प्रतिशतसम्म असुलियो। कर्जा तिर्न नसकेपछि पाँच लाख सर्वसाधारण कालोसूचीमा परिसकेका छन्। यस्तै, मीटरब्याजमा ऋण लिने पनि लाखौं छ। उनीहरुले एकलाख ऋणको महिनाकै पाँच हजारदेखि ३० हजारसम्म ब्याज तिरेका छन्। तर, अहिले कोही पनि ऋण तिर्न नसक्ने अवस्थामा पुगेका छन्। किनकि सबै क्षेत्र डामाडोल छ। जातजतै मन्दी छ। व्यापार व्यवसाय ठप्प छ। काम गरेको ठाउँबाट तलब पाइएको छैन। अनि कसरी तिर्नु ऋण ? अनि ऋण नतिरेपछि बैंक त डुबिहाल्छ। बैंक कसरी डुब्छ, जब धितो पर्याप्त छ ? भन्ने पनि प्रश्न उठ्ला। तर, धितो बिकेको भए त ऋणी आफैंले कर्जा तिरिहाल्थ्यो नि। धितो नबिकेको पो टेन्सन भएको त। फेरि धितो बिकेपछि पहिलेभन्दा आधा मूल्यसमेत आउँदैन। अनि के गर्ने ? अहिले बैंकसँग लिलाम धितो त पर्याप्त छ। तर, त्यो बिक्री नै भएको छैन, बिकेपनि पर्याप्त मूल्य आउँदैन। यसले उल्टै बैंकलाई घाटा भइरहेको छ। त्यसैले, बैंकले धितो बेचेको छैन, अर्थात् बेच्नै सकेको छैन। तर, अवस्था रहिरहेमा मुलुक कतातिर जाला ? अहिले पैसा हुनेहरुले घरमै लुकाएका छन्। यद्यपि, त्यो पैसा बाहिर ल्याउन राज्य अग्रसर भएको छैन। यदि सरकारले यसतर्फ अझै ध्यान नदिने होभने मुलुक गम्भीर संकटमा धकेलिनेछ। रास्वपाको बर्तमान सरकारले आगामी आबका लागि नयाँ बजेट बनाउँदै गरेको अवस्थामा उपरोक्त कुरामा ध्यान दिनु जरुरी देखिन्छ।

## बिद्युती...

प्रभावकारिताको लागि आवश्यक नीति तर्जुमा गर्नुपर्छ। माथि उल्लेखित विषयवस्तुहरुलाई समेटी सामुदायिक बिद्युतीकरण कार्यक्रमको प्रभावकारी कार्यान्वयन र नीतिगत सुधारका लागि विशेष आग्रहका साथ महासंघको तर्फबाट प्रधानमन्त्री बालेन्द्र शाह र ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रीलाई मागपत्र पनि बुझाइएको छ। सरकारका सुशासनका १०० मार्गचित्र अभियानको प्रशंसागर्दै राज्यलाई थपजनमैत्री बनाउने विश्वास व्यक्त गरेको छ। रासस *(लेखक सामुदायिक बिद्युत उपभोक्ता राष्ट्रिय महासंघ, नेपाल अध्यक्ष हुनुहुन्छ)*

## नयाँ...

कति पैसा लाग्छ ? उहाँलाई थाहा छ ? सरकारी सम्पत्तिमा ८४ अर्ब ७७ करोड ४५ लाखको क्षतिपुगेको छ। निजी सम्पत्तिमा २७ खर्बबराबरको क्षति भएको छ। फागुन २१ गते चुनावहुँदा जनताले तिरेको कर २० अर्ब खर्च भएको छ। विदेशी ऋण ३२ खर्ब रुपैयाँ पुगिसकेको छ। रास्वपाले १८२ सिटमा चुनाव जितेको छ। रास्वपाका सांसददेखि मन्त्री सबै धनाढ्य छन्। तर, एउटाले पनि तलब, सेवासुविधा लिन्न भनेका छैनन्। यिनीहरुलाई देश प्यारो कि सेवासुविधा ? थाहा भइहाल्यो। रास्वपाको सरकार बन्नेबित्तिकै प्रधानमन्त्री र मन्त्रीलाई एक लाख ८० हजार रुपैयाँको मोबाइल खरिद गरेको चर्चा छ। यता, सुशीला कार्की नेतृत्वको सरकारले हटाएको स्वकीय सचिवको सुविधा फेरि ब्यूँताइँदै छ। रास्वपा देश बनाउन आएको रहेछ कि सकाउन ? थाहा भइहाल्यो नि। जाबो तलबभत्ता त छोड्न नसक्नेले अरु के गर्छ ? यस्ताले सिंहदरबार बनाउने, देशमा सुधार ल्याउने, विकास गर्ने, समृद्धि ल्याउने। जनतालाई रास्वपाले कति भ्रम छरेको रहेछ ? छर्लङ्ग भइहाल्यो। जनताले तिरेको करबाट मोबाइल किन्नुहुन्छ ? प्रधानमन्त्री र मन्त्रीसँग मोबाइल थिएन ? रास्वपा पुराना नेताले खाए, हामीले खान पाएनौं भनेर आएको पार्टी हो। बालेन सरकारले पेट्रोलियम पदार्थमा लाग्ने कर छुट दियो। तर, मँहगी बढेको बढ्यै छ। यो सरकार जनतालाई राहत दिन भन्दापनि आहत दिन आएको हो। रास्वपाभन्दा काँग्रेसका नेता डा सुनिल शर्मा त्यागी रहेछन्। काँग्रेस, एमाले, माओवादीले खाएर बाँकी अलिअलि पनि रास्वपाले सकाउने भयो भन्ने धेरैले टिप्पणी गरेको सुनिएको छ। यसतर्फ बर्तमान सरकारमा रहेकाहरुको यथा समयमा ध्यान जानु आवश्यक छ।

## बिश्व..

संघको समाजवादलाई कसरी विकसितगर्नु हुन्थ्यो होला भनेर अनुमानगर्नु अर्थहीन छ तर लेनिनका रचनात्मक र महत्वपूर्ण नबीनतम गतिबिधिवाट के शिक्षा लिनु अत्यावश्यक छ भने अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको स्थितिलाई ध्यानमा राखेर नै लनिनले आफ्नो देशमा समाजवादको बाटोलाई जोडनु भएको थियो। लेनिनको देहान्तको झण्डै सात दशकपछि अहिले सोभियत संघ बिखण्डन भएको पनि साढे तीन दशक बितिसकेको छ। बितेको त्यो तीन दशक यताको इतिहासले आफुलाई पुनर्लिखितगर्न त खोजेको छ। तर त्यसले लेनिनवादका समग्र क्रान्तिकारी अन्तरबस्तुलाई निषेध गरेको छ। एकथरी आलोचकहरुले लेनिनका समग्र सैद्धान्तिक र राजनीतिक कुराहरु रुसका लागि मात्रै सीमित भन्ने गरेका थिए र अहिले तिनले त्यो उहाँको नीति रुसमा पनि असफल भएको भन्ने गरेका छन्। अर्को गजबको कुरा के छभने सबै खालका पूँजीवादी दार्शनिक, बिद्वानहरुका दर्शन र सिद्धान्तले साम्राज्यावादको उपस्थिति र अस्तित्व नै स्वीकार गर्दैनन्। ती मध्येका कतिपयले त के दावी समेत गर्ने गर्दछन् भने उदार पूँजीवाद शाश्वत अर्थात अजम्मरी छ। मार्क्सवाद-लेनिनवाद आफ्ना समयका उपज थिए। त्यतिबेलाको उत्पादन आजको उत्तर आधुनिक युगमा मेल खादैन र सान्दर्भिकता छैन भन्ने तर्क दिने गरेका छन्। तर इतिहासको अन्त्य भयो र पूँजीवाद अमर छभन्ने कुरालाई २००८ देखि शुरु भएको विश्वब्यापी आर्थिक मन्दीले एकाएक खण्डित तुल्याइदिएको छ र पूँजीवादको शिकार भएको प्रकृति र सामाजिक अस्थिरतालाई राम्रोसँग पुनः उजागर गरिदिएको छ र लगातार गरिररहेको छ। विश्वमा बर्तमान ८ खर्बभन्दा बढी मानिसहरुमा आधाभन्दा बढी गरीब छन्। एक अर्ब २० करोड मानिस दिनदिनै भोकमरीले सताइएका छन्। साम्राज्यवाद पृथ्वीको श्रोत साधानको लूट र एकलौटीका लागि निरन्त युद्धगर्न पछि परिरहेको छैन। अनि ती शक्तिहरुले यसो गर्न नछाडेमा विश्वको पर्यावरण र जीवन नै समाप्त हुने कुरा भने निश्चित छ। बास्तबमा मार्क्सवाद विश्वको एउटा मात्र यस्तो बैज्ञानिक दृष्टकोण र प्रकृया हो जसले एउटा संगतिपूर्ण विश्व दृष्टिकोण प्रदान गर्दछ र आजको विश्वको असंगतिपूर्ण सामाजिक ब्यवस्थालाई मार्क्सावादलाई बैज्ञानिक सिद्धान्त मात्रै मान्नुभएको होइन यसको अझ विकास गर्नु पर्ने आमूल परिवर्तनगर्ने कार्यलाई यसले सामयिक र प्रष्ट मार्गदर्शन गर्दछ। लेनिनले त्यही मार्क्सावदको आधारमा बद्लिदो आर्थिक राजनीतिक स्थितिमा मार्क्स र एंगेल्सको सिद्धान्तलाई अझ बिकिसत गरेर यथार्थ ब्यवहारमा परिणत गर्नुभयो। उहाँले मार्क्सावादलाई बैज्ञानिक सिद्धान्तमात्रै मान्नुभएको होइन यसको अझ विकास गर्नु पर्ने आवश्यकतालाई पनि दर्शाउनु भएको थियो। यसको अर्थ हो- मार्क्सवादी सिद्धान्तालई स्थाई र अखण्डनीय मानिनु हुँदैन बरु त्यसको बिपरीत हामी के कुरामा विश्वस्त रहनु पर्दछभने यसले बिज्ञानको आधारभूत जगमात्रै बसाएको छ जसलाई बैज्ञानिक समाजवादीहरुले सबै दिशामा अघि बढाउनु पर्दछ यदि तिनीहरुले मानब जीबनलाई सबै किसिमले सफलपार्न चाहन्छभने योभन्दा अर्को बाटो पनि छैन। हामीले मार्क्सावदको सिद्धान्त र ब्यवहारलाई अगाडि बढाउने होभने श्रमजीबी बर्गको मुक्ति, प्रगति र शतत प्रतिष्ठाका निम्ति अग्रगामी आमूल परिवर्तनको सन्दर्भमा हामीले लेनिनलाई सँधै सँधै सम्झिरहनुपर्ने हुन्छ। (लेखक : नेकपाका संयोजक हुनुहुन्छ।)

## भारतीय...

सीमापार सामाजिक सम्बन्धमा तनाव सिर्जनागर्ने सम्भावना रहन्छ। जसले दीर्घकालीनरुपमा विश्वासमा असर पुर्‍याउन सक्छ। त्यसैले आन्तरिक नीति बनाउँदा बाह्य प्रभावको पनि मूल्यांकनगर्नु आवश्यक हुन्छ। विशेषगरी खुला सीमाना भएका दुई देशबीच यस्तो संवेदनशीलता झन् महत्वपूर्ण हुन्छ। अर्को महत्वपूर्ण पक्ष भनेको सूचना र सञ्चारको अभाव हो। धेरैजसो अवस्थामा नीति किन ल्याइयो, यसको उद्देश्य के हो र कसरी कार्यान्वयन हुन्छ भन्नेबारे स्पष्ट जानकारी नहुँदा भ्रम र असन्तोष बढ्छ। यदि राज्यले पारदर्शी रुपमा संवादगर्ने, जनतालाई सहभागी गराउने र प्रतिक्रिया सुन्ने संयन्त्र विकास गर्छ भने धेरै विवाद प्रारम्भमै समाधान हुन सक्छन्। नीतिगत स्पष्टता र विश्वसनीयता बढाउनु पनि समाधानको महत्वपूर्ण भाग हो। दीर्घकालीन समाधानको दृष्टिले हेर्दा, सीमावर्ती क्षेत्रलाई समस्या क्षेत्र होइन, अवसर क्षेत्रका रुपमा हेर्नुपर्ने आवश्यकता छ। यस्ता क्षेत्रहरुलाई विशेष आर्थिक क्षेत्र, क्रसबोर्डर ट्रेड हब वा सहकार्य क्षेत्रका रुपमा विकासगर्न सकिन्छ। यदि नेपालतर्फ प्रतिस्पर्धी बजार, भन्सार सहजीकरण, भण्डारण र ढुवानी पूर्वाधार विकास गरियो भने उपभोक्ताको निर्भरता स्वतः सन्तुलित हुन्छ। यसले राजस्व पनि बढाउँछ र स्थानीय अर्थतन्त्र पनि सुदृढ बनाउँछ। अन्ततः, यो बहसले राज्य र नागरिकबीचको सम्बन्धको गुणस्तरलाई उजागर गरेको छ। कर नीति, सीमाना व्यवस्थापन र आर्थिक सुधार जस्ता विषयहरु प्राविधिक मात्र होइनन, यी गहिरो रुपमा राजनीतिक र सामाजिक पनि हुन्। त्यसैले समाधान पनि बहुआयामिक हुनुपर्छ–आर्थिक सुधार, प्रशासनिक दक्षता, राजनीतिक संवेदनशीलता र कूटनीतिक सन्तुलन सबैलाई सँगसँगै अघिबढाउनुपर्ने हुन्छ। नेपाल-भारत सम्बन्धलाई अझ सुदृढ र समसामयिक बनाउने हो भने यस्ता विवादलाई अवसरका रुपमा लिन सकिन्छ। सीमावर्ती जनताको यथार्थलाई केन्द्रमा राखेर नीति परिमार्जनगर्ने, द्विपक्षीय सहकार्यलाई सुदृढ बनाउने र आन्तरिक संरचनागत कमजोरी सुधार गर्ने दिशामा ठोस कदम चाल्न सकेमात्र दीर्घकालीन समाधान सम्भव हुन्छ। अन्यथा, असन्तोषको चक्र दोहोरिइरहने र सम्बन्धमा अनावश्यक तनाव थपिँदै जाने खतरा रहिरहन्छ। यो कुरा यसअघि पनि बारम्बार उठेका हुन्। तर नेपालको सत्ता र शक्तिमा रहनेहरुले समयमै नबुझिदिँदा समस्या बन्ने गरेको हो।

## नेपालको...

रहेका छन्। हाल उनीहरु फेरी एकताको दुन्दुभी बजाउन थालेका छन्। तर त्यसले खास किनारा लिनसकेको छैन। ०७५-०७७ को बीचमा केपी ओली, माधव नेपाल र पुष्पकमल दाहालमा देखिएको पदीय आक्यांक्षाको पनि सबैका लागि हालसम्म चर्चागर्ने बिषय रहेको छ। कतिपय अवस्थामा नेपाली कम्युनिष्टहरुमा चीनपन्थी कि रुसपन्थीभनेर पनि बहस हुनेगरेको थियो। आज त्यो अवस्था रहेको छैन। किनकी अधिकांश कम्युनिष्ट पार्टीमा पश्चिमा प्रभाव रहेकाले उनीहरु चीनसँग समेत टाडिएका छन्। रुसमा कम्युनिष्ट सत्ता ढलेपछि नेपालमा रुसीमार्का कम्युनिष्टहरु पनि समाप्त भएका छन्। तर त्यतिबेलाका असरहरु कायमै रहेका छन्। गत भदौमा भएको जेनजी आन्दोलनलाई कतिपयले त्यतिबेला आफ्नै पार्टीको प्रेरणाबाट भएको भनेका थिए। हाल उनीहरु त्यसैको बिरोध गरिरहेका छन्। ०७७ सालमा नेकपाको एकता किन भंग भयो ? माधव नेपालले केका लागि एमालेसँग विद्रोह गरे ? भनेर प्रश्नगर्नेहरु अद्यापि रहेका छन्। ०७९ मंसिर चारको निर्वाचनपछि देखिएको कम्युनिष्ट पार्टीहरुको एकता र नेपाली कांग्रेसलाई समेत एमालेभन्दा ठूलो बामपन्थी देख्नेहरुकाबारेमा पनि चर्चा परिचर्चा भैरहेको छ। कुनैबेला विसर्जनवादी र पलायनवादीभन्दै एकले अर्कोलाई आरोप लगाउनेहरु हाल गला जोडेर हिँडेको देखिएको छ। कम्युनिष्ट दलहरुले गतिशीलताको नाममा कुनैबेला ३३ दलीय र कुनैबेला समाजवादी मोर्चा बनाएका घटनाहरु पनि रहेका छन्। उपरोक्त सबै घटनाक्रम, चित्र र चरित्रलाई एक ठाउँमा राखेर हेर्ने होभने वाम एकता र फुटका यी दृश्य कुनै थिएटरमा देखाइएका प्रहसनभन्दा कम रोचक देखिँदैनन्। खासमा कम्युनिष्टहरु नै नेपालको राष्ट्रिय राजनीतिका मुख्य समस्या बनेका छन्। जसको समाधानका लागि यस्तो अवस्था आउनुको कारणबारे अध्ययन र बिश्लेषण आवश्यक देखिएको छ। तर त्यो अध्ययन र बिश्लेषण कस्ले गर्नेभन्ने पनि समस्या छ। त्यसैले बैचारिक बिभिन्नता रहँदा रहँदै पनि बृहत र लचिलो खालको कम्युनिष्ट मोर्चा बन्न सकेको खण्डमा उपरोक्त खाले समस्याहरुको खोजी, छलफल र निचोड निकालेर समाधानतिर अगाडि बढ्न सकिने अवस्था रहेको छ।

## गन्तब्य....

महोत्सव-०८३ मार्फत नेपालको कर्णाली क्षेत्रलाई केन्द्रविन्दु बनाई शहरदेखि गाउँसम्म चलचित्र र पर्यटन जोड्न विविध गतिविधि सञ्चालन गर्छौं। यहाँ प्रचुर सम्भावना भएपनि पर्यटन विकास र चलचित्रसँग सम्बन्धित गतविधिहरु शुन्यप्रायः छन् भन्नुभएको थियो। कर्णालीका अनगिन्ती कथा, जीवनशैली, भाषा, वेशभूषा, कला, संस्कृति, साहित्य, परम्परा र रीतिरिवाजलाई संरक्षण र प्रवर्द्धनका लागि राज्यको भूमिका प्रायः शून्य रहेको स्थितिलाई मध्यनजरगर्दै जनजनमा नेपाली चलचित्र, मनमनमा नेपाली चलचित्रभन्ने अभियानकासाथ कर्णाली अन्तराष्ट्रिय चलचित्र महोत्सवमार्फत गन्तव्य कर्णाली अभियानको थालनी गरिएको निर्देशक चन्दले बताउनुभएको थियो। साहित्यकार, लेखक तथा महोत्सवका सल्लाहकार महेन्द्र मल्लले कर्णालीका लुकेका कथालाई उजागरगर्ने उद्देश्यले चलचित्र कथा प्रतियागिताको घोषणागरी विज्ञहरुबाट कथा छनोट कार्य भइरहेको बताउनुभएको थियो। उहाँले कर्णालीको मौलिकता झल्कने, कल्पनामा नभई यथार्थतामा आधारित कथाहरुलाई प्राथमिकतामा राखेर छनोट गरिने र उत्कृष्ट कथा लेखन लागि एकलाख राशि प्रदान गरिने बताउनुभएको थियो। खासगरी पर्यटन प्रवर्द्धन, सांस्कृतिक उजागर, सामाजिक रुपान्तरण, आर्थिक समृद्धि, अन्तरराष्टिय पहिचान, सिनेमाको पहुँच वृद्धिगर्न र कर्णालीलाई चलचित्र पर्यटन तथा छायांकनको हब बनाउन चलचित्र छायांकनगर्न आउने स्थिति निर्माणगर्न यो महोत्सवले ठूलो योगदान दिने अपेक्षा गरिएको छ।

## नेकपा...

अमेरिकी साम्राज्यवादका लागि काम गर्दैछ। त्यस प्रकारको नीति स्पष्टरुपले नेपालको राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितका विरुद्ध छ। त्यस प्रकारको नीतिको नेपाली जनताले कडा प्रतिवादगर्ने संभावनालाई अस्वीकारगर्न सकिन्न। सरकारले झन्पछि झन् फासिष्टरुप लिँदैजाने सम्भावनातिर पनि हाम्रो ध्यान जानुपर्ने अवश्यकता छ। आज विश्वमा युद्धको खतरा धेरै बढेर गएको छ। त्यस प्रकारको खतराको पछाडि मुख्य रुपले अमेरिकी साम्राज्यवादनै जिम्मेवार छ। खासगरेर ट्रम्प अमेरिकाको राष्ट्रपति चुनिएपछि उनले संसारमा खुलेयामरुपमानै जंगलको राज चलाइरहेका छन्। उनले अन्तर्राष्ट्रिय कानून र संयुक्त राष्ट्र सङ्घको समेत बेवास्ता गरेर संसारभरमा आफ्नो प्रभूत्व कायमगर्न प्रयत्न गरिरहेका छन्। ग्रिडल्यान्डमाथि कब्जागर्ने, क्यानडालाई अमेरिकाको ५१ औं राज्य बनाउने, पनामा नहरमाथि कब्जा गर्नेजस्ता प्रयत्नबाट ट्रम्पले संसारभरमा जंगली राज चलाउन खोजेको कुरामा कुनै शंका रहन्न। भेनेजुयलाको राष्ट्रपतिको अपहरण र क्युबामाथि कब्जागर्ने घोषणा तथा इरानको सत्तामा परिवर्तन गरेर त्यहाँको तेलमा कब्जा गर्ने र त्यहाँ भइरहेको आक्रमणमाथि विचारगर्दा अहिले संसार विश्व युद्धतिर बढ्दैता गइरहेको छैन ? गम्भीर आशंका उत्पन्न भएको छ। आजको संसारमा विश्व युद्ध हुन्छभने त्यसले आणविक युद्धको रुप लिने बढी सम्भावना रहनेछ र त्यो अवस्थामा सम्पूर्ण मानव जातिको नै विनाश हुने पनि खतरा रहनेछ। उहाँले त्यो अवस्थामा युद्ध र फासिवादको विरुद्ध र विश्व शान्तिको पक्षमा अवाज उठाउनुपर्ने हाम्रो अन्तर्राष्ट्रिय दायित्व हुन्छ र हुनुपर्दछ। पार्टीको स्थापना दिवस र लेनिन जयन्तीको अवसरमा उपयुक्त प्रकारका राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमाथि ध्यानदिदै आफ्नो जिम्मेवारी पूरागर्न हामीले प्रतिबद्धता प्रकट गर्नुपर्दछ भन्नुभएको छ।

**केपी ओली :** नेकपा एमालेका अध्यक्ष केपी ओलीले वर्तमान राजनीतिक चुनौतीहरुलाई पारलगाउन पार्टीभित्र एकता अपरिहार्य रहेको बताएका छन्। नेपाल कम्युनिष्ट पार्टी स्थापना दिवसको अवसरमा गत नौगते पार्टी मुख्यालय च्यासल, ललितपुरमा आयोजित कार्यक्रममा सन्देश पठाउँदै उहाँले यस्तो बताउनुभएको थियो। अस्वस्थताका कारण घरमै आराम गरिरहेका ओलीले कार्यक्रमका लागि सन्देश पठाउनुभएको हो। उहाँको सन्देश पार्टी उपाध्यक्ष रामबहादुर थापाले वाचन गरेर सुनाउनुभएको थियो। ओलीले सन्देशमा पार्टी नेतृत्वमा भएको बिभिन्न आन्दोलनले उपलब्धी पनि हाशिल गरेको छ। तर पटक,पटक पीडा पनि व्यहोरेको छ। निरंकुशताको अन्त्य र गणतन्त्र स्थापनाका लागि नेतृत्वदायी भूमिका खेल्यो पार्टीले। मुलुकलाई सुखी नेपाली समृद्ध नेपालको मार्गमा डोर्‍यायो। नेकपा एमाले अनेकौं प्रतिकूलता झेलेर यहाँ आएको हो। एकताबद्ध भएर गौरवशाली र ऐतिहासिक चुनौती पारगर्नु पर्नेछ भन्नुभएको थियो।

**राजमोको धारणा :** राष्ट्रिय जनमोर्चाका केन्द्रीय सल्लाहकार तथा वामपन्थी नेता आनन्द शर्माले एमाले माओवादीलाई हेरेर नेपालको कम्युनिष्ट आन्दोलनको मूल्यांकनगर्न नहुने बताउनुभएको छ। नेकपा (मसाल) केन्द्रीय कार्यालयद्वारा गत नौगते आयोजित नेकपाको स्थापना दिवस तथा लेनिनको जन्मजयन्ती समारोहलाई सम्बोधनगर्दै उहाँले सो धारणा व्यक्त गर्नुभएको हो। राजमो केन्द्रीय कार्यालयको सभाकक्षमा आयोजित सो कार्यक्रममा नेता शर्माले एमाले र तत्कालीन माओवादी वा हालको नेकपा वास्तविक कम्युनिष्ट पार्टी नरहेको दाबीगर्दै उहाँले यस प्रकारको विचारलाई अपव्याख्याको संज्ञा दिनुभएको थियो। नेपालको हकमा मसाललेमात्रै क्रान्तिकारी कम्युनिष्ट सिद्धान्तलाई आत्मसात गरिरहेको उहाँको भनाई थियो। उहाँले विरोधीले गरेको प्रचारबाट विचलित नहुन आफ्ना कार्यकर्ताहरुलाई आह्वान गर्नुभएको थियो। नेता शर्माले नेपालको तात्कालिक राजनीतिमा साम्राज्यवादी र प्रतिक्रियावादीगरी दुईवटा तरबारका विरुद्ध संघर्षगर्ने जिम्मेवारी मसाल र राजमोको हो भन्नुभएको थियो। उहाँले आफूलाई मसाल र राजमोको कार्यकर्ता भएकोमा गर्वगर्न अनुरोध गर्नुभएको थियो। नेपालको कम्युनिष्ट आन्दोलनमा झापा आन्दोलन र माओवादी सशस्त्र द्वन्दकारुपमा भड्काव आएको बताउँदै उहाँले अहिले वैचारिकरुपमा उनीहरु कहाँ पुगे भनेर खोज्नुपर्ने अवस्था आएको बताउनुभएको थियो। उहाँले झापा आन्दोलन र ०५२ सालदेखि चलेको माओवादी सशस्त्र द्वन्दका सञ्चालनकर्ताहरु अहिले दक्षिणपन्थी अवसरवादमा पतन भइसकेका छन् भन्नुभएको थियो। ठोस परिस्थितिको ठोस विश्लेषण मार्क्सवाद-लेनिनवादको आत्माभएको बताउँदै उहाँले मसालले मात्रै त्यो आत्मालाई पक्रेको दाबी गर्नुभएको थियो।

**पूर्ब माओवादीको भनाई :** पूर्ब माओवादी नेता तथा नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहालले नेपाल कम्युनिष्ट पार्टीको ७७ औं स्थापना दिवस तथा लेनिन जयन्तीका उपलक्षमा एक बक्तब्य प्रकाशितगरी समाजवाद, साम्यवाद र वामपन्थी एकताको संझना गर्नुभएको थियो। सन्देशमा संयोजक दाहालले ००६ साल वैशाख नौगते स्थापना भएको कम्युनिष्ट पार्टीले सामन्ती निरंकुशताको अन्त्य गरी देशलाई गणतन्त्रको दिशामा डोहोर्‍याउन ऐतिहासिक भूमिका खेलेको स्मरण पनि गर्नुभएको थियो। सन्देशमा आज शोषण, दमन र विभेदका नयाँ स्वरुपहरु देखापरेका छन्। साँचो अर्थमा जनताको आफ्नै व्यवस्था पूर्णरुपमा स्थापित हुन केको छैन। त्यसैले समाजमा विभेद रहँदासम्म कम्युनिष्ट पार्टीको औचित्य रहिरहनेछ भन्नुभएको थियो। उहाँले वर्तमान विश्व परिवेशमा साम्राज्यवाद र फासिवादी प्रवृत्तिका विरुद्ध लड्न महान् लेनिनका शिक्षाहरु अझ सान्दर्भिक भएकोसमेत उल्लेख गर्नुभएको थियो। संयोजक दाहालले नेपाली क्रान्तिलाई नयाँ उचाइमा पुर्‍याउन र समतामूलक समाज निर्माणगर्न छरिएर रहेका सम्पूर्ण वामपन्थी शक्तिहरु एक हुनुपर्नेमा विशेष जोड दिनुभएको थियो। उहाँले कम्युनिष्ट आन्दोलनलेमात्र उत्पीडित समुदायको अधिकार र राष्ट्रिय स्वाधीनताको वास्तविक संरक्षणगर्न सक्छ। त्यसैले नेपाली कम्युनिष्ट आन्दोलनको समग्र पुनर्गठनका लागि म सबैमा हार्दिक आह्वान गर्दछु भन्नुभएको थियो। त्यसैगरी क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका प्रवक्ता हेमन्त प्रकाश वलीले एक बक्तब्य प्रकाशित गरी क्रान्तिप्रतिको प्रतिबद्धता जनाउनुभएको छ। उहाँले बक्तब्यमा-आजभन्दा १५६ वर्ष पहिले २२ अप्रिलका दिन विश्व सर्वहारावर्ग तथा उत्पीडित जनताको मुक्तिका मार्गनिर्देशक लेनिनको जन्म भएको थियो। त्यही जन्मदिन पारेर आजभन्दा ७७ वर्ष पहिले पुष्पलाल र उहाँका सहयोद्धाहरुले नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरेका थिए। त्यसकारण हामी यस दिनलाई विशेष रुपमा स्मरणगर्न चाहन्छौं। भन्नुभएको थियो।